“सन्धिखर्क नगरवासीको रहर, सुन्दर र समृद्ध नगर”




# वार्षिक नगर विकास योजना
# ANNUAL MUNICIPAL DEVELOPMENT PLAN
## (आर्थिक वर्ष २०८२/०८३)

## सन्धिखर्क नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची

## नगरसभाको १८ औँ अधिवेशनका केही झलकहरू













"सन्धिखर्क नगरवासीहरूको रहर, सुन्दर र समृद्ध नगर"

# वार्षिक नगर विकास योजना

# ANNUAL MUNICIPAL DEVELOPMENT PLAN

(मिति २०८२ आषाढ १६ गते सम्पन्न नगरसभाको अठारौँ अधिवेशनबाट स्वीकृत)

प्रकाशक:

**सन्धिखर्क नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

सन्धिखर्क, अर्घाखाँची

# सन्धिखर्क नगरपालिकाको
# वार्षिक नगर विकास योजना
# (आर्थिक वर्ष २०८२/८३)

**संरक्षकः**

| | |
|---|---|
| नगरप्रमुख | श्री कृष्णप्रसाद श्रेष्ठ |
| नगर उप–प्रमुख | श्री मिश्रा आचार्य |
| प्रमुख प्रशासकीय अधिकृत | श्री खिमानन्द भुसाल |

**सम्पादक मण्डलः**

| | |
|---|---|
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री मञ्जु खनाल |
| वरिष्ठ लेखाअधिकृत | श्री नवराज गौतम |
| कम्प्यूटर अधिकृत | श्री डिल कुमार के.सी. |
| अधिकृत | श्री मुक्तिराम खनाल |


**प्रकाशक**

**सन्धिखर्क नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

सन्धिखर्क, अर्घाखाँची

फोन नं.०७७–४२०११२,४२०६६२

Email: info@sandhikharkamun.gov.np
sandhikharkamunicipality@gmail.com

Web : www.sandhikharkamun.gov.np

# सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सन्धिखर्क, अर्घाखाँची
## लुम्बिनी प्रदेश, नेपाल



# मेरो भनाइ

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना र सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्रिय एकता र सुरक्षाको लागि विभिन्न कालखण्डमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न राजनीतिक तथा सामाजिक आन्दोलनका क्रममा घाइते तथा बेपत्ता हुनुभएका नागरिक तथा अग्रज योद्दाहरू प्रति उच्च सम्मान प्रकट गर्दछु ।

मुलुकमा भएको राजनीतिक परिवर्तनसँगै शासकीय परिवर्तनले आम नागरिकको जीवनका हरेक पक्षमा नवीनतम चिन्तन र चासोलाई प्रस्फुटित गर्दै आर्थिक, सामाजिक परिवर्तनको तिब्र चाहना जगाएको छ जुन स्वाभावीक प्रक्रिया पनि हो । नेपालको संविधान जारी भएपछि मुलुकको सम्पूर्ण ध्यान सङ्घीय शासन प्रणाली कार्यान्वयन गर्दै जनचाहना र जनअपेक्षा सम्बोधन गर्ने दिशातर्फ केन्द्रित रहेको छ । संविधान बमोजिम स्थानीय तहको सञ्चालन तथा व्यवस्थापनको लागि स्थानीय तहका ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड तयार गर्ने क्रममा यस नगरपालिकाले समेत संविधान प्रदत्त एकल तथा साझा अधिकारको क्षेत्र भित्रका विषयमा कार्यान्वयन पक्षलाइ सहज, सरल, प्रभावकारी र व्यवस्थित गर्नको लागि विभिन्न ऐन, नियम, निर्देशिका र कार्यविधि निर्माण गरी लागु गर्नुका साथै प्रशस्तै शासकीय पूर्वाधारहरु निर्माण गरेको छ ।

नीति निर्माण, विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा नागरिकको अधिकतम सहभागिता जुटाई सार्वजनिक सेवाको प्रारूप निर्माणदेखि सेवा प्रवाह सम्मका सम्पूर्ण कार्यमा जनताको प्रत्यक्ष संलग्नता मार्फत शासनमा जनताको अपनत्व बढाउदै विकासमा दिगोपना कायम गर्ने कार्यमा स्थानीय सरकारको अहम भूमिका रहने गर्दछ । संघ, प्रदेश र स्थानीय नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण विन्दु पनि स्थानीय सरकार नै भएका कारण सहकारिता, सहअस्तित्व र समन्वय कायम गर्दै सरकारको समग्रता (Whole of Government) कायम गर्न पनि स्थानीय सरकारको प्रमुख भूमिका रहेको छ । संविधानद्वारा प्रदत्त स्थानीय तहको

अधिकारको आधारमा यस नगरको चालु आर्थिक वर्षको आर्थिक ऐन, २०८२, विनियोजन ऐन २०८२ र आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट समेत नगर सभाबाट स्वीकृत भइसकेको छ । यसै सन्दर्भमा सरकारले गर्ने हरेक कामकारबाहीमा पारदर्शिता र पूर्व अनुमान योग्य बनाउन आर्थिक वर्ष २०८२/८३ को वार्षिक नगर विकास योजनालाई नगरसभाबाट पारित गरी आम जनसमुदाय सामु सार्वजनिक गर्न यो पुस्तिका प्रकाशन गर्न लागिएको हो । यसबाट बजेट, योजना तथा कार्यक्रमको सार्वजनिकीकरण गर्ने तथा विकासका हरेक कृयाकलापमा आमनागरिकको पहुँच स्थापित गर्ने उद्देश्य पुरा हुने मेरो अपेक्षा रहेको छ ।

वार्षिक नगर विकास योजना तर्जुमा गर्दा विकासमा दिगोपना कायम गर्न सहभागितामूलक योजना तर्जुमाका प्रकृयालाई आत्मसात गर्दै प्रचलित कानुन र नीतिगत मार्गदर्शनले निर्दिष्ट गरेका प्रक्रियाहरू अवलम्बन गरिएको छ । सन्धिखर्क नगरपालिकाको प्रथम पञ्चवर्षीय योजना (२०७८/७९-२०८१/८२) ले प्राथमिकतामा राखेका योजनाहरु तथा यस नगरपालिकाको मध्यमकालिन खर्च संरचनाको (Medium Term Expenditure Framework) प्राथमिकता भित्र रहेर यस आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ । आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम विशेषतः कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन तथा दिगो पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै समुन्नत र समृद्ध सन्धिखर्क नगर बनाउने दिशातर्फ बढी केन्द्रित रहेको छ ।स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण गरिएको स्रोतको सीमाभित्र रहेर वडास्तरबाट प्राथमिकीकरण भएका योजना तथा कार्यक्रमहरू बजेट तथा कार्यक्रम तर्जुमा समिति हुँदै नगर कार्यपालिकाबाट निर्णय गरी स्वीकृतिको लागि नगरसभामा पेस गरिएको थियो । स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट युवाहरूका लागि रोजगारीका अवसर सिर्जना गरी आर्थिक विकास गर्न कृषि तथा पशुपालनका कार्यक्रम अन्तर्गत अर्गानिक तरकारी तथा फलफूलहरूको उत्पादन तथा बजारीकरण, आधुनिक कृषिलाई प्रभावकारी बनाउन जमिन र सिँचाईको व्यवस्थापन, व्यवसायिक कृषकहरूलाई साना कृषि मेसिनरी औजार तथा नवीनतम प्रविधि हस्तान्तरण, नगर क्षेत्रभित्र निर्माणाधीन शित भण्डार गृहको निर्माण कार्य सम्पन्न गरी उत्पादित तरकारी, फलफूल तथा अन्य भण्डारण योग्य कृषि उपजको भण्डारण गरी उचित बजार मूल्यको सुनिश्चितता, पशुपालक कृषकहरुको मागको आधारमा पशुपन्छीको लागि उपचार सेवा, माइनर सर्जिकल उपचार सेवा, पशु बन्ध्याकरण सेवा आदिको घुम्ती सेवाको रूपमा सञ्चालन, किसानहरूलाई बिउ तथा घाँस वितरण, हाते

ट्र्याक्टर, मौरी घार, औषधि लगायत अन्य आवश्यक उपकरणहरू वितरण लगायतका कार्य गरी कृषिको विविधिकरण तथा व्यवसायिकरण गर्ने लक्ष्य नगरपालिकाले लिएको छ । प्रस्तुत वार्षिक नगर विकास योजनाको कार्यान्वयन मार्फत सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै नगरपालिकालाइ प्रविधिमैत्री बनाउने तथा विभिन्न पर्यटकीय स्थलहरुको पहिचान र विकास मार्फत नगरपालिकालाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने, आर्थिक सामाजिक रूपले पछाडि परेका विपन्न तथा सिमान्तकृत नागरिकलाई विकासको मूलधारमा समेटी न्यायपूर्ण समाजको स्थापना गर्दै **"सन्धिखर्क नगरवासीको रहर, सुन्दर र समृद्ध नगर"** बनाउने स्मार्ट सिटीको सपना पुरा गर्ने लक्ष्यलाई क्रमशः पुरा गर्दै जाने अपेक्षा लिएको छु ।

यस नगरपालिकाको अठारौं नगरसभाबाट स्वीकृत आर्थिक वर्ष २०८२/८३ को नगर विकास योजना पुस्तकको रूपमा प्रकाशन गर्दा सबै उपभोक्ता समिति, टोल बस्ती, वडा, लगायत विभिन्न विषयगत शाखा तथा सिङ्गो नगरपालिकालाई बजेट तथा कार्यक्रममा पहुँच स्थापित भइ कार्यान्वयनको क्रममा सहजता आउने र कामको अपनत्व कायम भइ प्रभावकारिता अभिवृद्धि हुने अपेक्षा लिएको छु ।

प्रस्तुत वार्षिक नगर विकास योजना तर्जुमाका विभिन्न चरणहरूमा सहयोग, सुझाब र मार्गदर्शन गरी सहयोग गर्नुहुने सङ्घीय तथा प्रदेशसभाका माननीय सदस्यज्यूहरू, उद्योगी व्यवसायीहरू, सहकारीकर्मीहरु, सञ्चारकर्मीहरु, आम बुद्धिजीवी, ज्येष्ठ नागरिक, सभाका सबै सदस्यज्यूहरू, सम्पूर्ण कर्मचारी मित्रहरू, योजना तर्जुमा गर्दा सक्रिय भूमिका निर्वाह गर्नुहुने टोल विकास संस्थाका पदाधिकारीज्यूहरू, नगरमा क्रियाशिल विभिन्न संघ/ संस्थाका प्रमुख वा प्रतिनिधिहरू लगायत सम्पूर्ण नगरवासी आमावुवा दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक धन्यवाद दिदै वार्षिक नगर विकास योजनाको सफल कार्यान्वयनको लागि सम्बद्ध सबै पक्षसँग सक्रिय सहभागिता तथा सहयोगको अपेक्षा गरेको छु । साथै यस पुस्तकको सम्पादन तथा प्रकाशनको जिम्मेवारी निर्वाह गर्नुहुने नगरपालिकाका कर्मचारीहरू, सम्पादक मण्डल तथा प्रकाशक पक्षलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**(कृष्ण प्रसाद श्रेष्ठ)**

**नगर प्रमुख**

# सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### सन्धिखर्क, अर्घाखाँची
### लुम्बिनी प्रदेश, नेपाल



## मन्तव्य

जनताद्वारा निर्वाचित जनप्रतिनिधि मार्फत संविधानसभाबाट संविधान जारी गर्ने जनताको दशकौंको सपनालाइ बिपनामा परिणत गर्दै जारी भएको नेपालको संविधानले व्यवस्था गरेको तीन तहका सरकार मध्येको जनताको नजिकको सरकार स्थानीय सरकार हो। जनताको घरदैलोको सरकारको रूपमा रहेको यस सन्धिखर्क नगरपालिकाको उपप्रमुखको भूमिकामा रहेर आम नगरवासी नागरिकको विकास र समृद्धिको सपना साकार पार्ने दिशामा कार्य गर्न पाउँदा मलाई अत्यन्तै गौरवको महसुस भएको छ ।

जनताको विकास र समृद्धिको तीब्र चाहना, त्याग र तपस्याको परिणामस्वरूप स्थापित सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्ने क्रममा स्थानीय तहको निर्वाचनको सिलसिलामा नगरवासीहरूको बिचमा गरिएको प्रतिबद्धता र आमनागरिकको अपेक्षा र चाहनालाई प्राथमिकीकरण गर्दै सीमित स्रोत साधनको महत्तम उपयोग गर्दै आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट निर्माण गरिएको छ । जनताको बिचमा गरिएको प्रतिबद्धता अनुरूप **"सन्धिखर्क नगरवासीको रहर, सुन्दर र समृद्ध नगर"** भन्ने नारालाई सार्थक पार्न संविधानको अनुसूची–८ बमोजिमका एकल अधिकारका सूचिमा रहेका अधिकारहरुको कार्यान्वयन, अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताहरु, दिगो विकास लक्ष्यको स्थानीयकरण र आन्तरिकीकरण, स्थानीय सरकार सञ्चालन ऐनले गरेका व्यवस्था, काम कर्तव्य र अधिकारको कार्यान्वयन लगायतका विषयवस्तुको परिधिभित्र रहेर स्थानीय तहको वार्षिक बजेट तथा योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसरण गर्दै आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।नगरवासी जनसमुदायबाट आशा गरे बमोजिमका योजना तथा कार्यक्रम समेटी वार्षिक बजेट निर्माण गर्ने क्रममा स्रोत साधनको सीमिततालाई मध्यनजर गरी स्रोत साधनको अधिकतम सदुपयोग हुने गरी यो बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ । यस नगरपालिकाबाट प्रकाशन हुन लागेको **वार्षिक नगर विकास योजना, २०८२/८३** मा वार्षिक बजेट तथा कार्यक्रम, करका दररेटहरू, जनप्रतिनिधि तथा कर्मचारीहरूको विवरण लगायतका महत्वपूर्ण विषयहरू समावेश गरिएको छ । करका

दरहरू निर्धारण गर्दा सकेसम्म नागरिकहरूलाई करको बोझ नपरोस भन्नेमा सचेत रही दरमा भारी वृद्धि गर्ने भन्दा पनि करको दायरा फराकिलो पार्ने दिशातर्फ केन्द्रित रहने कोसिस गरेका छौं । बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजस्व परामर्श समिति, न्यायिक समिति लगायत विभिन्न समितिहरुको संयोजकको हौसियतबाट कार्य गर्ने जिम्मेवारी रहेको हुनाले सकेसम्म समग्र क्षेत्रलाई सन्तुलित हुने गरी बजेट विनियोजन गरिएको छ ।नगरपालिकाको उपप्रमुखको हैसियतबाट कार्यसम्पादन गर्दा कहि कतै कमी कमजोरी रहेमा यहाँहरूबाट प्राप्त हुने अमूल्य सुझाबहरूलाई ग्रहण गरी आगामी दिनमा थप परिस्कृत र परिमार्जित गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दछु । साथै आर्थिक वर्ष २०८२/८३ मा विकास निर्माणका योजना तथा कार्यक्रमहरूलाई सहभागितामूलक, गुणस्तरीय, पारदर्शी एवम् प्रतिफलमूखी बनाउन सम्बन्धित सरोकारवालाहरूबाट सक्रिय सहभागिता र सहयोगको अपेक्षा गर्दछु ।

**"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र दिगो पूर्वाधार, समृद्ध सन्धिखर्क निर्माणका लागि स्थानीय सरकार"** भन्ने मूल मन्त्रलाई केन्द्रबिन्दुमा राखेर निर्माण गरिएको यो बजेट तथा कार्यक्रम सन्धिखर्क नगरपालिकाको समृद्धिमा कोसेढुङ्गा सावित हुने कुरामा आसा गर्न सकिन्छ। लक्षित वर्गका कार्यक्रम मार्फत महिला, आदिवासी जनजाती, दलित, मुस्लिम, जेष्ठ नागरिक तथा बालबालिका लगायतको सामाजिक, सुरक्षा तथा संरक्षण गर्दै समाजमा विभेद तथा बञ्चितिकरणमा परेका वर्ग लिङ्ग र समुदायका मानिसहरुको मुलप्रवाहीकरण गरी उद्यमशीलता प्रवर्धन मार्फत उनीहरुको आर्थिक सामाजिक सशक्तीकरण र समुन्नतिमा टेवा पुर्‍याउने विश्वास लिइएको छ । नगरक्षेत्रभित्र रहेको जातीय तथा लैङ्गिक विभेद परम्परागत कुरीति तथा अन्धविश्वासलाई हटाइ स्वस्थ्य र सभ्य संस्कृतीको विकास गरी सामाजिक सु-सम्बन्धमा आधारित न्यायपूर्ण समाजको निर्माण गर्ने दिशामा समग्र नगरवासीहरुको साथ र सहयोग रहने अपेक्षा गरिएको छ।

**"सन्धिखर्क नगरवासीको रहर, सुन्दर र समृद्ध नगर"** भन्ने नारा सहित १८ औं नगरसभाको तयारीको सिलसिलामा राजस्व परामर्श समितिको संयोजक तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको रूपमा काम गर्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण नगरवासीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज, सहकारीकर्मीहरु, पत्रकार मित्रहरु, प्रमुख प्रशासकीय अधिकृत सहितका सम्पूर्ण कर्मचारी मित्रहरू लगायत सबैमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु । साथै आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनको शुभकामना समेत व्यक्त गर्दछु।

**(मिश्रा आचार्य)**

**नगर उपप्रमुख**

# सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### सन्धिखर्क, अर्घाखाँची
### लुम्बिनी प्रदेश, नेपाल



## प्राक्कथन

नेपालको संविधान जारी भए पछि सङ्घीयता कार्यान्वयनको क्रममा स्थानीय तहको संरचना निर्माण भइ दोस्रो कार्यकालको लागि निर्वाचन सम्पन्न पश्चात तीन वर्षको कार्यकाल सम्पन्न भएको छ । स्थानीय तहले स्थानीय सरकारको प्रतिनिधित्व साथै भावी कार्यदिशा तय गर्नका लागि नगरपालिकाको आर्थिक विकास, भौतिक पूर्वाधार, सामाजिक विकास, वन तथा विपद् व्यवस्थापन, सुशासन र सेवा प्रवाहको अवस्था लगायत विकासका सबै आयाम र पक्षहरुको विषयमा अति ध्यान दिनु पर्ने अवस्था छ । नगरपालिका भित्रका बहुआयामिक क्षेत्रहरुको विश्लेषण गरी अल्पकालिन, मध्यमकालीन तथा दीर्घकालीन, रणनीतिक र आवधिक योजनाहरु तय गर्नुपर्ने आवश्यकतालाई महसुस गरी सो अनुरुप गतिविधिहरु सञ्चालन गर्नुपर्ने अवस्था छ ।

लुम्बिनी प्रदेशका १२ जिल्लाहरु मध्ये अर्घाखाँची जिल्ला पहाडी जिल्लाहरुमा कृषि र पशुपालनको लागि अति उपयूक्त रहेको छ । धार्मिक एवम् पर्यटकिय क्षेत्रमा यसको आफ्नै पहिचान रहेको छ । तीन वटा नगरपालिका र तीन वटा गाउँपालिका गरी जम्मा ६ वटा स्थानीय तहहरु मध्ये सन्धिखर्क नगरपालिका अर्घाखाँची जिल्लाको सदरमुकाम समेत समेटिएको यस नगरपालिकाको क्षेत्रफल १२९.४२ वर्ग कि.मि. छ भने जनसंख्या ४२,४९२ रहेको छ । यहाँको भूमि कृषि एवम् पशुपालन व्यवसायको लागि अनुकूल मानिन्छ ।

जनताको नजिकको सरकारको रुपमा परिचित स्थानीय सरकारले सो अनुरुप सेवा प्रवाह र विकासका गतिविधिहरु अगाडी बढाउन वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु लगायत शैक्षिक गतिविधिहरु सञ्चालन गर्ने विद्यालय एवम् टोल विकास संस्थाहरु, नागरिक समाज एवम् यी संस्थाहरुमा क्रियाशिल जनप्रतिनिधि, कर्मचारीहरु र एवम् सहभागितात्मक ढंगले परिचालित जनशक्तिको महत्वपूर्ण भूमिका रहेको छ ।

यस नगरपालिकाले हालसम्म १८ वटा नगर सभाहरु सम्पन्न गरी भावी सोंच सहितको विकासको लागि वार्षिक नीति र कार्यक्रम एवम् सो अनुरुप योजना तर्जुमा र बजेट

सहित आफ्ना गतिविधिरु अगाडि बढाएको छ । गत आर्थिकवर्षहरुमा कार्यान्वयन भएका योजनाहरुबाट सकारात्मक परिणामहरु देखिएका साथै चालु आर्थिक वर्षको समाप्तिसँगै नगरपालिकाले विकासको क्षेत्रमा नँया मोड लिने प्रशस्त आधारहरु तयार भएका छन् । सङ्घ एवम् प्रदेश सरकारद्वारा स्थानीय सरकारलाई समेट्ने गरी निर्माण भएका कानुन एवम् नगर पालिकाबाट निर्मित कानुन बमोजिम सरकार सञ्चालनका महत्वपूर्ण शासकीय आधारहरु तयार भएका छन् । नीति, कार्यक्रम, बजेट एवम् योजना निर्माण र कार्यान्वयनका हालसम्मका हाम्रा अभ्यासहरु र निर्मित कानुनहरुको आधारमा आगामी दिनहरु थप सहज हुने कुरामा विश्वास लिन सकिन्छ ।

तपाईंको हातमा रहेको यस पुस्तकले सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेटका साथै सन्धिखर्क नगरपालिकालाई चिनाउने यसको ऐतिहासिक पृष्ठभूमि लगायत नगरपालिकाले अवलम्बन गरेको अबको मार्गलाई चिनाउन सहज हुनेछ भन्ने मैले विश्वास लिएको छु । यो पुस्तक प्रकाशन गर्ने यस समयसम्म आइपुग्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने नगर प्रमुखज्यू, उपप्रमुखज्यू, वडा अध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिहरु, शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारी मित्रहरु, हाम्रा गतिविधिहरुमा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा जोडिनु हुने सबै पक्ष एवम् सन्धिखर्क नगरवासी सम्पूर्ण बुवा, आमा, दाजु/भाइ, दिदि/बहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति बजेट तथा कार्यक्रम कार्यान्वयनमा यहाँहरुको रचनात्मक सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद !

**(खिमानन्द भुसाल)**
**प्रमुख प्रशासकीय अधिकृत**

# विषय सूची


| | |
|---|---|
| १. सन्धिखर्क नगरपालिकाको परिचय | १ |
| २. जनसङ्ख्या तथा क्षेत्रफल | २ |
| ३. नगरसभा अधिवेशन | २ |
| ४. आर्थिक वर्ष २०८२/८३ को लागि नगरसभाबाट पारित नीतिहरू | ३ |
| ५. आर्थिक वर्ष २०८२/८३ वार्षिक कार्यक्रम तथा बजेट | ६२ |
| ६. विनियोजन ऐन,२०८२ | ८९ |
| ७. आय-व्यय प्रक्षेपण | ९२ |
| ७.१ आय प्रक्षेपण | ९२ |
| ७.२. व्यय प्रक्षेपण | ९५ |
| ७.२.१ आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित चालु तथा पुंजीगत बाडफाँट | ९५ |
| ७.२.२ नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित आय व्यय विवरण | ९६ |
| ७.२.३ आर्थिक वर्ष २०८२/८३ को समग्र बजेटको क्षेत्रगत व्यय अनुमान | ९७ |
| ७.२.४ आर्थिक वर्ष २०८२/८३ को प्रशासनिक खर्चको विवरण | ९८ |
| ७.२.५ आर्थिक वर्ष २०८२/८३ को योजना तथा कार्यक्रमहरुको विवरण | १०१ |
| ७.२.५.१ आर्थिक वर्ष २०८२/८३ को वडागत योजना तथा कार्यक्रमहरुको विवरण | १०१ |
| ७.२.५.२ आर्थिक वर्ष २०८२/८३ को नगरस्तरीय योजना तथा कार्यक्रमहरुको विवरण | १२० |
| ७.२.५.३ आर्थिक वर्ष २०८२/८३ को विषयगत शाखाका योजना तथा कार्यक्रमहरुको विवरण | १४९ |
| अनुसूची-१ | १६७ |
| सन्धिखर्क नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण: | १६७ |
| अनुसूची-२ | १७३ |
| जिल्ला स्थित कार्यालय प्रमुखहरूको सम्पर्क विवरण | १७३ |
| अनुसूची-३ | १७६ |
| सन्धिखर्क नगरपालिको संगठन संरचना | १७६ |

# १. सन्धिखर्क नगरपालिकाको परिचय

नगरपालिका स्थापना : २०७१ साल वैशाख २५ गते

भौगोलिक अवस्थितिः

| | | |
|---|---|---|
| प्रदेश | : | लुम्बिनी |
| जिल्ला | : | अर्घाखाँची |
| निर्वाचन क्षेत्र नं. | : | १, अर्घाखाँची |
| क्षेत्रफल | : | १२९.४२ वर्ग कि.मी. |
| वडा सङ्ख्या | : | १२ |
| अवस्थिति | : | २७° ५३'२३" देखि २८° ०२' २५" उत्तरी अक्षांश<br>८३° ०३'२७" देखि ८३°१३' १३" पूर्व देशान्तर |
| उचाई | : | समुन्द्र सतहदेखि सरदर ७९५ देखि २१६२ मिटर सम्म |
| सिमाना | : | पूर्वः छत्रदेव गाउँपालिका र पाणिनि गाउँपालिका<br>पश्चिम : भूमिकास्थान नगरपालिका<br>उत्तरः मालारानी गाउँपालिका<br>दक्षिणः शितगङ्गा नगरपालिका |
| हावापानी | : | समशितोष्ण |
| तापक्रम | : | अधिकत्तम ३५ डिग्री देखि न्यूनतम ३ डिग्रीसम्म |
| वर्षा | : | १५०० मि.मि. |
| नदी/खोला | : | बाँगीखोला, घोंचेखोला, भद्रीखोला, खरज्याङ्ग खोला, दह खोला र जरेमथुरा खोला |
| जनसङ्ख्या | : | ४२४९२ |
| जनघनत्व | : | ३२८ |
| घरधुरी | : | १२०७० |
| मुख्य जातजाती समुदाय | : | ब्राम्हण, क्षेत्री, ठकुरी, नेवार, मगर, दमाई, कुमाल, मुसलमान, कामी र सार्की आदि । |
| धर्म | : | हिन्दु, मुस्लिम, बौद्ध र क्रिचियन |

## २. जनसङ्ख्या तथा क्षेत्रफल

| वडा नं. | घरपरिवार | पुरुष | महिला | जम्मा जनसङ्ख्या | क्षेत्रफल (वर्ग कि. मी) |
|---|---|---|---|---|---|
| १ | २६५३ | ४३१८ | ४६३७ | ८९५५ | ४.६८ |
| २ | १९५५ | ३१०१ | ३६०७ | ६७०८ | ६.६५ |
| ३ | ४२७ | ६६९ | ८३६ | १५०५ | ७.९९ |
| ४ | ६५१ | १०३९ | १३३४ | २३७३ | ११.८५ |
| ५ | ६४० | १००६ | १२४९ | २२५५ | ७.७५ |
| ६ | ९४८ | १५७१ | १८४८ | ३४१९ | १९.४३ |
| ७ | ८९३ | १५३१ | १७८२ | ३३१३ | १५.६३ |
| ८ | ८३७ | १२९९ | १६८२ | २९८१ | १४.९८ |
| ९ | ६८५ | १११० | १३५० | २४६० | ११.१७ |
| १० | ७५४ | १२३८ | १५२० | २७५८ | ९.७ |
| ११ | ८६४ | १३८१ | १६६३ | ३०४४ | १२.३३ |
| १२ | ७६३ | १२२७ | १४९४ | २७२१ | ७.२६ |
| जम्मा | १२०७० | १९४९० | २३००२ | ४२४९२ | १२९.४२ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## ३. नगरसभाको अठारौँ अधिवेशन

मिति २०८२/३/१० गतेका दिन पूर्व सूचना बमोजिम सन्धिखर्क नगरपालिकाका प्रमुख एवम नगरसभाका अध्यक्ष श्री कृष्णप्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा नगरसभा उपाध्यक्ष र सदस्यहरूको उपस्थितिमा नगरसभाको १८ औं अधिवेशनको प्रथम बैठकबाट आर्थिक वर्ष २०८२/८३ को लागि प्रस्तुत नीति तथा कार्यक्रम मिति २०८३/३/१० गतेको दोश्रो बैठकबाट संशोधन सहित पारित नीति तथा कार्यक्रम पारित गरी सोही बैठकमा आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य, आर्थिक विधेयक २०८२ र विनियोजन विधेयक, २०८२ पेस भइ २०८२/०३/१६ गते बसेको तेस्रो बैठकबाट आ.व २०८२/८३ को वार्षिक बजेट कार्यक्रम तथा योजना सरोकारवाला सबै नगरवासीहरूको जानकारीका लागि यो बजेट पुस्तिका प्रकाशन गरिएको छ ।

## ४. आर्थिक वर्ष २०८२/८३ को लागि नगरसभाबाट पारित नीतिहरू

सन्धिखर्क नगरपालिकाको १८ औं नगरसभामा नगर प्रमुख श्री कृष्णप्रसाद श्रेष्ठद्वारा प्रस्तुत भइ आर्थिक वर्ष २०८२/०८३ का लागि पारित नीति तथा कार्यक्रमहरू

यस गरीमामय नगरसभाका उपाध्यक्षज्यू, सचिवज्यू, सदस्यज्यूहरू, सञ्चारकर्मीहरू, राष्ट्रसेवक कर्मचारीहरू,

सन्धिखर्क नगरपालिकाको १८ औं नगरसभामा नगर प्रमुख श्री कृष्णप्रसाद श्रेष्ठद्वारा प्रस्तुत भइ आर्थिक वर्ष २०८२/०८३ का लागि पारित नीति तथा कार्यक्रमहरू यस गरीमामय नगरसभाका उपाध्यक्षज्यू, सचिवज्यू, सदस्यज्यूहरू, सञ्चारकर्मीहरू, राष्ट्रसेवक कर्मचारीहरू, सन्धिखर्क नगरपालिकाको अठारौं गरीमामय नगरसभामा आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएको छु । दोस्रो स्थानीय तहको निर्वाचन पछिको कार्यकालको तेश्रो वर्षको वार्षिक नीति, कार्यक्रम र बजेट कार्यान्वयनसँगै नगरपालिकाले महत्वपूर्ण गति लिनुका साथै गर्व गर्न लायक उपलब्धीहरू हासिल भएका छन् । शासकीय पूर्वाधारका महत्वपूर्ण मान्यताहरू स्थापित भएका छन् । स्थानीय सरकारको औचित्य पुष्टी भएको छ । लोकतान्त्रिक मूल्य/मान्यतामा आधारित समाजबाद प्रति प्रतिबद्ध रही दीगो शान्ती, सुशासन, विकास र सम्मृद्धिको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन हामीलाई थप उर्जा प्राप्त भएको छ ।

यस अवसरमा राष्ट्रिय स्वाधिनता, सामाजिक न्याय र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरूको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु । यस अवसरमा महत्वपूर्ण उपलब्धिहरू हासिल गर्न योगदान गर्नुहुने सबैमा आभार प्रकट गर्न चाहन्छु ।

स्थानीय सरकार जनताको त्याग र बलिदानबाट प्राप्त उपलब्धि हो। स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनताप्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त नगर निर्माण तथा सभ्य र सु-संस्कृत समाज एवम् आफ्नो कर्तव्य प्रति दृढ रहनु यस नगरपालिकाका आदर्श रही आएका छन् ।

संविधानमा उल्लिखित एकल तथा साझा अधिकारका सूचीभित्र रही सङ्घीय सरकार र प्रदेश सरकारले लिएको नीति र हाम्रा आफ्नै विशिष्टताको परिधिमा आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको बेहोरा यस सम्मानित सभा समक्ष स्मरण गराउन चाहन्छु ।

सरोकारवालाबाट प्राप्त राय सुझाबहरू यस नीति तथा कार्यक्रमका अभिन्न अंगको रुपमा रहेका छन् र आगामी नगर सभामा प्रस्तुत हुने आ. व. २०८२/८३ को बजेट तथा कार्यक्रम पनि यसै नीति तथा कार्यक्रमको परिधिभित्र रहेर प्रस्तुत गरिने बेहोरा समेत यस सम्मानीत सभा समक्ष जानकारी गराउन चाहन्छु ।

कानुनी प्रावधान बमोजिम विभिन्न सरकारी, सामुदायिक तथा गैरसरकारी संघ/संस्थाहरूले स्थानीय तहमा आफ्ना विकास एवम् आर्थिक गतिविधिहरू सञ्चालन गर्दा स्थानीय तहको वार्षिक कार्यक्रममा आफ्ना कार्यक्रमहरू समावेस गर्ने व्यवस्था अनुरुप सूचना जारी गरी प्राप्त हुने कार्यक्रमहरूलाई वार्षिक कार्यक्रममा समावेश गरी कार्यक्रम सञ्चालन गर्ने नीति लिईएको छ ।

आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्ने क्रममा हामीले विभिन्न पक्षहरूसँग लिखित राय सुझाब माग्नुका साथै विभिन्न पक्षहरूसँग ब्यक्त गरिएका प्रतिबद्दता एवम् प्राप्त सुझाबहरू यसमा नीति तथा कार्यक्रमा समावेस भएका छन् । नगरको अधिकार, स्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित सन्धिखर्क नगरपालिकाको आर्थिक समृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको अभ्यासको क्रममा योगदान गर्नुहुने राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मीहरू, संघ/संस्था, सञ्चारकर्मी तथा सन्धिखर्क नगरवासीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, १६ औं योजना, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८, राष्ट्रिय योजना आयोग तथा सङ्घीय मन्त्रालयहरूका मार्गदर्शनहरू, लुम्बिनी प्रदेशको नीति तथा योजना र मन्त्रालयहरूका नीति, प्राथमिकता र मार्गदर्शनहरू, दिगो विकासका लक्ष्यहरू, सङ्घ तथा प्रदेश सरकारका समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधिहरू, सङ्घीय तथा प्रदेश सरकारका नीतिहरूलाई समेत आधार बनाइएको छ ।

नेपालको संविधानले परिलक्षित गरेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, सन्धिखर्क नगरपालिकाको प्रथम आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनाले निर्दिष्ट गरेको दीर्घकालीन सोँच, नीति तथा रणनीतिहरूले प्रस्तुत नीति तथा कार्यक्रमलाई दिशानिर्देश गर्न अहम भूमिका निर्वाह गरेका छन् । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श

समिति, विभिन्न विषयगत समितिहरूमा भएको छलफल र निर्णय समेतको आधारमा यो नीति तथा कार्यक्रम तयार गरिएको छ । यसै सिलसिलामा प्रतिनिधि सभा, राष्ट्रिय सभा तथा प्रदेश सभाका माननीयज्यूहरू, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, प्राध्यापक, शिक्षक लगायत सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्वहरू, नागरिक समाज, सञ्चार जगत, सामुदायिक तथा सहकारी संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरू, निजी क्षेत्र, उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स, आम नगरवासी तथा अन्य सरोकारवालाहरूबाट प्राप्त रचनात्मक सुझाब र सल्लाहहरूलाई समेत समेटी यो नीति तथा कार्यक्रम तयार पारिएको छ ।

सन्धिखर्क नगरपालिकाको समृद्धि र विकासका लागि नेपालको संविधान तथा सङ्घीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनत: निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न नगरपालिका प्रतिबद्ध छ । आम नगरवासीको सुख र समुन्नतिका लागि जनतामा आशा र भरोसा जगाउने गरी नगरपालिकाले आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको बेहोरा पुनः म यस सम्मानित सभामा अवगत गराउन चाहन्छु । आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, रोजगारी, उद्यमशीलता, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाइ, विपद् व्यवस्थापन जस्ता विषयगत क्षेत्रहरूका लागि नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

**नगर सभा सदस्यज्यूहरू,**

अब म यस सम्मानित नगर सभामा चालु आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमको प्रगतिको सारसङ्क्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. सङ्घीय समपूरक अनुदान र नगरपालिकाको लागत साझेदारीमा वडा नं. ५, ६, ७, ८ र १२ का वडा प्रशासकीय भवन निर्माणको लागि २०८२ कात्तिक मसान्तभित्र निर्माण सम्पन्न गर्ने गरी रू. ७ करोड ४५ लाख ९ हजार रुपैयाँमा खरिद सम्झौताभइ निर्माण कार्य अन्तिम चरणमा पुगेका छन् । वडा भवनहरू निर्माणले वडाबाट प्रवाह हुने सेवा प्रवाहलाई थप सरल, सहज र प्रभावकारी बनाउन मद्दत पुग्ने विश्वास लिइएको छ ।

२. सन्धिखर्क नगरपालिकाबाट रू. ५ करोड ४४ लाख ९२ हजार लागतमा आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न गर्ने गरी निर्माण सुरु गरिएको सन्धिखर्क स्थित मुख्य बजार क्षेत्रका

सडकको स्तरोन्नति र सडक पेटी तथा खाली स्थानमा ब्लक राख्ने कार्य अन्तर्गत यस वर्ष करिब ४ किलो मिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको र खाली स्थानहरू सफा भएका छन् । यसबाट सन्धिखर्क बजार क्षेत्रलाई हिलो र धुलोमुक्त बनाउने अभियानमा टेवा पुगेको बेहोरा यस सम्मानित सभामा अवगत गराउन चाहन्छु ।

३. सङ्घीय समपूरक अनुदान र नगरपालिकाको लागत साझेदारीमा निर्माणाधीन भक्तिटोला-धरम्पानी-अर्घा मैदान सडकको ६ किलोमिटर कालोपत्रे गर्ने कार्य गत वर्ष सम्पन्न भएको छ । यसबाट सन्धिखर्क नगरपालिकाको पर्यटन प्रवर्धनमा टेवा पुग्नुका साथै सर्व साधारणलाई समेत सहज भएको छ ।

४. सङ्घीय विशेष अनुदान शीर्षकमा प्राप्त रकमबाट सन्धिखर्क नगरपालिका-९को अर्घा भगवती आधारभूत विद्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ । प्रस्तुत कार्यबाट अध्ययन अध्यापनको कार्यमा सहजता आई सिकाइ उपलब्धिमा उल्लेख्य सुधार हुने वातावरण निर्माण भएको छ ।

५. सन्धिखर्क नगरपालिका र अन्य छिमेकी पालिका क्षेत्रभित्र उत्पादन हुने कृषि उपजको भण्डारण, बिक्रीवितरण र बजारीकरणमा सघाउ पुर्‍याउने उद्देश्यले रू. ७ करोड ७९ लाख लागतमा कोल्ड स्टोरको निर्माण कार्य सम्पन्न भएको छ । आर्थिक वर्ष २०८२/८३ को लागि सङ्घीय विशेष अनुदान तर्फ **"कृषिजन्य वस्तु सङ्कलन तथा बिक्री केन्द्र निर्माण र उपकरण व्यवस्थापन आयोजना"** को लागि बजेट विनियोजन भएकोले हाटबजार साथै कोल्डस्टोरको प्रयोगमा सहजता आउने छ । जसबाट खाद्यसुरक्षा प्रवर्धन भइ नागरिकको मौलिक हक कार्यान्वयन तथा दिगो विकास लक्ष्यको आन्तरिकीकरणमा टेवा पुग्ने देखिन्छ ।

६. लुम्बिनी प्रदेशको प्रसिद्ध धार्मिक तथा ऐतिहासिक महत्व र पहिचानको रुपमा रहेको अर्घा भगवती मन्दिर परिसरको पुनर्निर्माण तथा पूर्वाधार विकासको लागि विगत वर्षदेखि नै निर्माण कार्य भइरहेकोमा गत वर्ष उक्त निर्माण कार्य सम्पन्न भइसकेको छ । यसबाट नगरपालिका क्षेत्रमा धार्मिक पर्यटन प्रवर्धनमा टेवा पुगेको छ ।

७. सङ्घीय विशेष अनुदान शीर्षकमा प्राप्त रकमबाट गत आर्थिक वर्षमा वडा नं. ७, ८ र ११ मा स्वास्थ्य चौकीको भवन निर्माण कार्य सम्पन्न भइसकेका छन् । वडा नं ८ र ११ का स्वास्थ्य भवनहरूबाट स्वास्थ्य सेवा प्रवाह भइ सकेको छ भने वडा नं ७ को भवनबाट

पनि छिट्टै सेवा प्रवाहको तयारीमा छौं । यस्ता उपलब्धीहरूबाट स्वास्थ्य क्षेत्रको सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि भएको छ ।

८. सङ्घीय समपूरक अनुदान र नगरपालिकाको लागत साझेदारीमा ७ करोड ७६ लाख लगानीमा करिब ४.५ किलोमिटर लामो ढोरपाटन-वेहोरे-कुर-पल्लावारी-दुवार-गच्छे सडक कालोपत्रे गर्ने कार्य गत वर्ष नै सम्पन्न भइसकेको बेहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

९. लुम्बिनी प्रदेशबाट प्राप्त समपुरक अनुदान र नगरपालिकाको लागत साझेदारी सहित गङ्गासरोवर क्षेत्रको जैविक विविधता तथा प्राकृतिक स्रोत संरक्षण, ऐतिहासिक तथा पुरातात्त्विक महत्वको स्थानको रूपमा परिचित मथुरा स्थित जंगबहादुर राणा जन्मेको मथुरावेसी पौवा संरक्षण तथा पहुँच मार्ग निर्माण, प्राकृतिक सम्पदाको रूपमा रहेको वडा नं. ११ स्थित रक गार्डेन संरक्षण, सुपादेउराली मन्दिर परिसरमा जेष्ठ नागरिक आवास गृह तथा धर्मशाला निमार्ण, निर्मल नवज्योति सुस्त मनस्थिति विद्यालय भवन निर्माण, सहिद सरला मार्ग ग्रामीण सडक स्तरोन्नति र रिठेखोला-माझहटिया-जरेखोला ग्रामीण सडक स्तरोन्नति गरी कुल ७ वटा परियोजना निर्माण कार्य सम्पन्न भइ सकेका छन् भनें ऐतिहासिक चौबिसे राज्य अन्तर्गतको खाँची दरबार पुनःनिर्माण तथा पहुँचमार्ग निर्माणको काम सम्पन्नको चरणमा रहेको छ ।

१०. चालु आर्थिक वर्षमा प्रदेश ससर्त अनुदान कार्यक्रम तर्फ सुसमाचार भवन निर्माण, अर्घाखाँची आँखा अस्पताल भवन निर्माण, अमलडाँडा-फैंदी खेल मैदान, मालिका मन्दिर पुजारी निवास निर्माण, जैनी पोखरी -कोर्घा कुमालवस्ती-बलेबाङ सडक स्तरोन्नती, भुवनडाँडा खानेपानी टङ्की निर्माण, नरपानी सानाकिसान सहकारी भवन कम्पाउण्ड वाल निर्माण, खाँचीकोट हिलस्टेशन पहुँच मार्ग, स्वास्थ्य चौकी भवन निर्माण सन्धिखर्क-९, पाठशाला राशीचौर ढोबाटो अधुरो मोटर बाटो, धारा नेपाली टोलमा नागदेवि मन्दिर निर्माण स.न.पा.-११ र बस्यालटोल -टाकुरा मोटरबाटो स्तरोन्नती स.न.पा-१२ जस्ता महत्वपूर्ण पूर्वाधार निर्माणको काम अधिकांस सम्पन्न भएका छन् भनें बाँकी सम्पन्नको चरणमा रहेका छन् ।

११. सडक बोर्ड नेपालसँगको लागत साझेदारीमा महत्वपूर्ण सडक मर्मतसंभारको काम सम्पन्नको चरणमा रहेको बेहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

१२. सङ्घीय ससर्त अनुदान तर्फ पाठशाला-काभ्रेटारी सडक स्तरोन्नती स.न.पा.-९, बेलटारी-मालीका पोखेडाँडा पर्यटकीय पार्क तथा मन्दिर निर्माण स.न.पा-१०, रुब्दी-गर्ता पर्यटकीय पार्क निर्माण, पाणिनि वेद विद्याश्रम छात्रवास भवन निर्माण स.न.पा-२, कोट भगवती मन्दिर पूर्वाधार स.न.पा-४ जस्ता पूर्वाधारहरू निर्माण सम्पन्नको चरणमा छन् ।

१३. नगरपालिकाको आफ्नै स्रोतबाट स.न.पा.-७ मा बहुवर्षिय ठेक्काद्वारा बहुउद्देश्यीय भवन निर्माणको काम आगामी आर्थिक वर्ष२०८२/८३ मा सम्पन्न हुने बेहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

१४. उज्यालो नगरपालिका कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक धार्मिक तथा सार्वजनिक महत्वका सुपादेउराली मन्दिर परिसर शान्ति बगैंचा, बसपार्क, अस्पताल, चुत्रावेसी र अर्घा मन्दिर परिसरमा "**High Mast System Light**" जडान गर्ने काम सन्पन्न भइसकेको छ । यसले नगरको सौन्दर्यतामा बढोत्तरी हुनुका साथै शान्ति सुरक्षा प्रवर्धनमा टेवा पुगेको छ साथै नगर क्षेत्र भित्रका अन्य महत्वपूर्ण स्थानहरूमा "**High Mast System Light**" जडान गर्न लुम्बिनी प्रदेश सरकारसँग अनुरोध गरी पठाइएको बेहोरा अवगत गराउन चाहन्छु ।

१५. चालु आर्थिक वर्ष मा अन्तरपालिका जोड्ने सडक, वडा कार्यालय पहुँच मार्ग र नगरका मुख्य मुख्य सडक गरी कुल ४.५ कि.मि. सडक कालोपत्रे भएको छ भने करिब ४.८ कि.मि. सडक पि.सि.सि. र ग्राभेल भएको छ । यसबाट सडकको गुणस्तर अभिवृद्धि हुनुका साथै प्रदुषण नियन्त्रण भइ पर्यावरण संरक्षणमा टेवा पुग्ने देखिन्छ । त्यसैगरी ४५ वटा पार्क र सार्वजनिक स्थल, ४ कि.मि. फुटपाथ र खोपकेन्द्र र शिक्षण संस्था गरी १० वटा निर्माण सम्पन्न भएका छन् ।

१६. सहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत विनियोजित रू. ५ करोड ८१ लाखबाट कुल ८८ वटा योजनाहरू छनोट भइ सम्पूर्ण योजनाहरू सम्पन्न भइ सकेका छन् ।

१७. झोलुङ्गे पुल तर्फ गत आर्थिक वर्षको क्रमागत वराङ्दी खोला झोलुङगे पुल र वरखोला झोलुङगे पुल निर्माण कार्य कार्य सम्पन्न भएका छन् ।

१८. आर्थिक वर्ष २०७९/८० देखि सुरु गरिएको छाडा कुकुर बन्ध्याकरण तथा भ्याक्सिनेसन शिविर यस वर्ष पनि सञ्चालन गरी कुल १०९ वटा कुकुरको स्थायी बन्ध्याकरण र ४२३ कुकुरहरूमा रेबिज रोग विरूद्ध र अन्य भ्याक्सिनेसनको कार्य सम्पन्न गरिएको छ ।

१९. पशु नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा दुधजन्य पदार्थमा आत्मनिर्भर बन्न १४६३ वटा गाई, ११४२ वटा भैंसीलाई कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ । पशु आहार व्यवस्थापन अन्तर्गत ८५७ किलोग्राम हिउदे घाँस वर्षिम तथा १४६३ किलोग्राम वर्षे घाँस टियोसेन्टी बिउ वितरण गरिएको छ ।

२०. नगरपालिका भित्रका किसानले पाल्दै आएका र विभिन्न समस्या आई उपचारार्थ ल्याइएका ५७६१ वटा पशुपन्छीलाई मेडिकल सेवा उपलब्ध गराउनुका साथै १४७२ वटा पशुपन्छीलाई सर्जिकल उपचार सेवा प्रदान गरिएको छ ।

२१. व्यावसायिक फर्ममा आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण कार्यक्रम अन्तर्गत वडा नं. १ देखि वडा नं. १२ सम्मका ११९ भन्दा बढी व्यावसायिक फर्महरूमा अन्तरिक तथा बाह्य परजीवी नियन्त्रण सम्बन्धी परामर्श तथा जुकामाटे, छाला सम्बन्धी, किर्ना, उपिँया र जुम्रा मार्ने औषधी वितरण कार्य सम्पन्न भएको छ ।

२२. गत आ. व. २०८०/८१ मा कफी खेती प्रवर्धन कार्यक्रम अन्तर्गत वडा नम्बर १० का चालिस जना कृषकलाई करिब दस हजार कफीका बिरुवा उपलब्ध गराइएको थियो भने चालु आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारको ससर्त अनुदान अन्तर्गत वडा नं. ८,१० र ११ मा कफी पकेट विकास कार्यक्रम विकासको लागि प्रक्रिया अगाडी बढेको र कुल १४० रोपनी जग्गामा १४,००० कफीका बोट लगाउने कार्य सम्पन्न हुने चरणमा रहेको छ यसबाट कफी प्रवर्धनमा उल्लेख्य विकास हुने अपेक्षा गरिएको छ ।

२३. व्यावसायिक कृषिलाई बढावा दिई उत्पादन लागत खर्च घटाउन मकै प्रवर्धन कार्यक्रमबाट ९ वटा मिनिटिलर, ८ वटा कुटानी पिसानी मेसिन एक वटा मकै छोडाउने मेसिन र १ वटा मकै रोप्ने मेसिन वितरण गरिएको छ । त्यस्तै तरकारी प्रवर्धन कार्यक्रमबाट ६ वटा मिनिटिलर वितरण गरिएको छ । ५० प्रतिशत अनुदानमा उपलब्ध गराइएको उक्त मेसिन औजार तथा मिनिटिलरबाट ४०० भन्दा बढी कृषकहरू लाभान्वीत भएको अनुमान गरिएको छ। वितरण भएका मिनिटिलरहरूको गाँउघरमै मर्मतको लागि १३ जनालाई तालिम प्रदान गरिएको छ ।

२४. उन्नत बिउको प्रयोगमा मूल्य अनुदान कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा १३,००० हजार के.जी. गहुँको उन्नत बिउ वितरण गरिएको छ यसबाट १२०० जना कृषकहरू लाभान्वित भएको र गहुँको उत्पादन बढ्नुका साथै खाद्य सुरक्षामा टेवा पुगेको

छ । त्यस्तै ११०० के. जी. धान, २४०० के.जी. मकैको बिउ उपलब्ध गराइएको छ भनें निशुल्क रुपमा ४०० के.जी. कोदोको बिउ उपलब्ध गराइएको छ ।

२५. मकै प्रवर्धन कार्यक्रम अन्तर्गत ३ वटा समुह तथा ५ वटा सहकारी संस्था मार्फत १७०० रोपनी क्षेत्रफलमा मकै खेती विस्तार गरिएको छ । जसबाट ७०० जना कृषक लाभान्वित हुनुका साथै मकैको उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

२६. चालु आर्थिक वर्ष २०८१/८२ मा बाली विशेष उत्पादन कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा बेसारको बिउ ८८ क्वीन्टल र ४९ क्वीन्टल अदुवाको बिउ वितरण गरिएको छ । जसको माध्यमबाट तुलनात्मक लाभका वस्तुको उत्पादन मार्फत कृषकमा उद्यमशिलताको विकास हुने अपेक्षा गरिएको छ ।

२७. हिउँदे फलफूल प्रवर्धन कार्यक्रम अन्तर्गत किवी, दाँते ओँखर र आरु र आरुबखडाका बिरुवाहरू वितरण गरिएको छ ।

२८. चालु आर्थिक वर्षमा सन्धिखर्क हाटबजार सञ्चालन कार्यविधि, २०८१ तर्जुमा भइ कृषकहरूको कृषि उपजको बिक्री व्यस्थापनको लागि कानूनी व्यवस्था भएको छ । यसले बजार र बजार व्यवस्थापनबाट आर्थिक क्रियाकलावमा उल्लेख्य रुपमा बढोत्तरी हुने अपेक्षा गरिएको छ ।

२९. सन्धिखर्कको पहिचानको रुपमा रहेको **"शान्ति बगैँचा"** मा चालु आर्थिक वर्ष२०८१/८२ मा खानेपानी तथा सिंचाइको लागि डिप बोरिङ जडान (११० मि. गहिराइ) गरिएकोछ । जसबाट यहाँको जैविक विविधता संरक्षणमा समेत सहयोग पुग्नुका साथै आवतजावत गर्ने यात्रुहरूलाई खानेपानी सेवा उपलब्ध भएको छ ।

३०. रासायनिक मल, विषादी तथा हाइब्रिड बिउ प्रयोग विधि एवम् माटो परिक्षण सम्बन्धी बृहत सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । जसको कारण जथाभाबी रासायनिक मल र बिषादी प्रयोगमा नियन्त्रण भइ अर्गानिक खाद्यान्न उत्पादनमा वृद्धि हुने साथै मानव स्वास्थ्यमा पर्ने प्रतिकुल असरमा नियन्त्रण र दिगो उत्पादनमा प्रवर्धन हुने अपेक्षा गरिएको छ ।

३१. सहकारी संस्थाहरूको क्षमता विकास कार्यक्रम अन्तर्गत सहकारी संस्थाका पदाधिकारी एवम् व्यवस्थापक तथा कर्मचारीलाई अन्तरक्रिया तथा तालिम कार्यक्रम सम्पन्न भएको

र सहकारी व्यवस्थापनमा लेवलिङ र बजारीकरणको कार्यक्रममा साथी सहकारी संस्था मार्फत उत्पादन र बजारीकरण प्रवर्धनको कार्य सम्पन्न भएको छ ।

३२. कृषि तथा वन पैदावारमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योग व्यवसायहरूको विकास र विस्तार गर्दै उत्पादनको माध्यमबाट नगरको स्थानीय अर्थतन्त्र सबल बनाउने उद्देश्यले नगरपालिका र जनता एग्रो फरेष्ट्री लिमिटेड बिच सहकार्य गर्ने गरी गत आर्थिक वर्ष मा समझदारीपत्रमा हस्ताक्षर गरिएको छ । जुन संस्थाले आफ्ना गतिविधि सञ्चालन गर्दै कृषकहरूको उत्पादनलाई समर्थन मूल्यमा खरिद गरीदिने प्रतिबद्धता समेत जनाएको छ यसले कृषकहरूको उत्पादनले उचित मूल्य पाई किसानहरूमा हौसला अभिवृद्धि हुने देखिन्छ ।

३३. चालु आर्थिक वर्ष २०८१ । ८२ मा अत्यावश्यक सेवाको रुपमा रहेको स्वास्थ्य सेवालाई चुस्त र दुरुस्त बनाउँदै औषधीको सहज आपूर्तिलाई व्यवस्थित गर्न समयमै ठेक्का बन्दोबस्त गरी सबै स्वास्थ्य संस्थाहरूबाट औषधीको सहज आपूर्ति सुनिश्चित गर्ने व्यवस्था मिलाइएको छ ।

३४. यस आर्थिक वर्ष मा नगरपालिका अन्तर्गतका वडा नं. ८,९, ११, १२ मा ३० वर्ष माथिका ४०० जना महिलाहरूको निःशुल्क रूपमा पाठेघरको मुखको क्यान्सर तथा प्रसव फिस्टुला जाँच गरी २२ जना पाठेघर खसेकाहरूको लागि रिङ्ग प्रेसरी राख्ने र उपचार गर्ने कार्य सम्पन्न गरिएको छ ।

३५. यस वर्ष १५५ जना महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरूको निःशुल्क स्वास्थ्य बिमा गर्ने कार्य सम्पन्न भएको छ । यसबाट महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरू आफ्नो काम प्रति थप उत्प्रेरित भइ समुदायस्तरमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने कार्य प्रभावकारी भएको छ ।

३६. चालु आर्थिक वर्षमा समेत बालबालिका तथा गर्भवती महिलाहरूका लागि नियमित खोप, लक्षित वर्गका लागि आई. भि. पि. खोप अभियानलाई निरन्तरता दिइएको छ ।

३७. यस वर्ष क्यान्सर रोग लागेका, डायलाईसिस गराईरहेका, मृगौला प्रत्यारोपण गरेका र मेरुदण्डको पक्षघात भएका कुल ११२ जना बिरामीहरूलाई मासिक रू. ५ हजारका दरले रकम उपलब्ध गराइएको छ ।

३८. नगरवासीले राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने संविधान प्रदत्त मौलिक हक कार्यान्वयनको सुनिश्चितताको लागि सन्धिखर्क नगरपालिकाको स्वास्थ्य तथा सरसफाइ नीति, २०८० र मातृशिशु मृत्युदर घटाउँदै मातृशिशु स्वास्थ्य सुधार गर्ने उद्देश्यले पूर्ण संस्थागत प्रसूति सेवायुक्त स्थानीय तह घोषणा तथा सुनिश्चितता सम्बन्धी मापदण्ड, २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । चालु आर्थिक वर्ष मा ४, ९ र ११ वडाहरू पूर्ण संस्थागत प्रसुती सेवायूक्त वडा घोषणा सम्पन्न भएको छ । आगामी आर्थिक वर्षमा क्रमशः बाँकी वडाहरूलाई पूर्ण संस्थागत प्रसुती सेवायूक्त वडा घोषणाको लागि आवश्यक मापदण्ड पुरा गरिंदै लगिने छ । यसबाट घरमै प्रसुती गराउने प्रचलन हटी मात्र शिशु मृत्युदरमा कमी ल्याउन सहयोग पुग्नेछ ।

३९. पूर्णखोप सुनिश्चितता तथा दिगोपना निर्देशिका, २०७१ (तेस्रो संस्करण,२०७७) बमोजिम सम्पूर्ण वडाहरू पूर्णखोपयुक्त वडा घोषणा भएका छन भने पूर्णखोपयुक्त नगरपालिका घोषणाको प्रक्रियामा रहेको बेहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

४०. नगर प्रमुख खुत्रुके बचत कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा जन्मने २९ जना बालिकाहरूको बैङ्क खातामा रू ३ हजारका दरले रकम जम्मा गरीदिने कार्य सम्पन्न भएको छ ।

४१. सन्धिखर्क नगरपालिका अन्तर्गत वडा नं. ५ र ११ मा बृहत् निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सम्पन्न गरिएको छ । योगा तथा आयूर्वेद सेवाबाट २७० जना लाभान्वित भएका छन् ।

४२. सन्धिखर्क नगरपालिका अन्तर्गतका वडा नम्बर ४, ७, १० र जिल्ला कारागारमा रहेका कैदीबन्दीहरू समेत गरी जम्मा ४९९ जनाले मुख तथा दन्त परिक्षण उपचार सेवा प्राप्त गरेका छन भने १४१ जनाको दाँत फाल्ने कार्य सम्पन्न भएको छ ।

४३. सबै स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको विद्युतिय माध्यमबाट **(EHMIS)** तथ्याङ्क प्रविष्ठ गर्नेकार्य शुरु भएको छ । यसबाट स्वास्थ्य संस्थाको सपम्पूर्ण तथ्याङ्क एकिकृत रुपमा प्राप्त भइ आवश्यक नीति निर्माणमा सहयोग पुग्ने देखिन्छ ।

४४. नगरक्षेत्र भित्रका ४६ जना अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ जस अन्तर्गत नयाँ र नविकरण गरी क-वर्गमा-१३, ख वर्गमा-२१,ग वर्गमा-२ र घ-वर्गमा-१० रहेका छन् । यसबाट उनीहरूको जनजिविकामा थप राहत पुग्ने देखिन्छ । यसका साथै निर्मल नवज्योति सुस्तमनस्थिति विद्यालय भवन चालु आर्थिक वर्ष मा निर्माण सम्पन्न भइ उक्त सुविधा सम्पन्न भवनमा अपाङ्ग विद्यार्थीहरू आवासिय रुपमा राख्ने कार्य भएको छ ।

४५. राष्ट्रिय मानव बेचविखन विरूद्धको दिवस, राष्ट्रिय बाल दिवस, अन्तर्राष्ट्रिय अपाङ्गता दिवस र ज्येष्ठ नागरिक दिवस लगायतका विभिन्न दिवसहरूमा सरोकारवालाहरूसँग अन्तरक्रिया, अभिमूखीकरण र लक्षित वर्ग सम्मान जस्ता कार्यक्रमहरू सञ्चालन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरूको बारेमा सम्बन्धित सबैलाई सुसूचित गरिएको छ ।

४६. ८५ जना ज्येष्ठ नागरिक सम्मान गर्नुका साथै ९० वर्ष माथिका सासु ससुरालाई उचित स्याहार सुसार गर्ने ७१ जना असल बुहारी सम्मान गरिएको छ । यसबाट बुहारीहरूमा आफ्ना अभिभावकहरू प्रति थप जिम्मेवारी बोध हुने परिस्थिति निर्माण भएको छ । जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा कार्यालयहरूबाट समेत सम्पन्न भएका छन् ।

४७. चालु आर्थिक वर्ष २०८१/८२ मा गन्धर्व र बादी समुदायका ४२ घर परिवारको निःशुल्क स्वास्थ्य बिमा गरिएको छ जसबाट लक्षित वर्ग लाभान्वीत भएका छन् ।

४८. गत आर्थिक वर्ष २०८०/०८१ मा लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसँग सम्झौता भइ **“मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम”** यस आर्थिक वर्ष मा सम्पन्नको चरणमा रहेको छ । **“गुणस्तरीय बालमैत्री आधारभूत शिक्षा र डिजिटल सिकाइ”** को माध्यमबाट नगर भित्रका १५ वटा आधारभूत विद्यालयको पठनपाठनमा उल्लेख्य सुधार आउने अपेक्षा गरिएको छ ।

४९. श्री विजय माध्यमिक विद्यालयका लागि **ICT Lab** स्थापनाको लागि विद्यालय र नगरपालिका बिच सम्झौता भइ कार्यसम्पन्न हुने चरणमा रहेको छ ।

५०. सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशको विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत भगवती माध्यमिक विद्यालय, शंखेटारी र विजय माध्यमिक विद्यालय, डिभर्नामा भवन निर्माण एवम् वाल निमार्णको कार्य अन्तिम चरणमा पुगेको छ ।

५१. चालु आर्थिक वर्ष सामुदायिक विद्यालयको विद्यार्थी सङ्ख्या यकिन गरी न्यून विद्यार्थी सङ्ख्या भएका विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्न कार्यदल गठन गरिएको छ । कार्यदलको प्रतिवेदन प्राप्त भए पश्चात विद्यालय समायोजन तथा दरबन्दी मिलानको प्रक्रिया अगाडि वढाइने बेहोरा जानकारी गराउन चाहन्छु ।

५२. श्री जनशान्ती आधारभूत विद्यालय, किमडाँडा र चन्द्रप्रभा माध्यमिक विद्यालय, डिहीडाँडामा बालमैत्री विद्यालय व्यवस्थापन कार्यका लागि नगरपालिका र विद्यालय बिच सम्झौता भइ सम्झौता बमोजिमको कार्य अन्तिम चरणमा पुगेको छ । यसबाट बालमैत्री वातावरणमा आधारभूत तहको पठनपाठन हुने र सिकाइ उपलब्धिस्तरमा समेत वृद्धि भएको छ ।

५३. विज्ञान शिक्षा प्रवर्धन कार्यक्रम अन्तर्गत श्री जनज्योति माध्यमिक विद्यालयमा विज्ञान शिक्षक पदपुर्ति, ल्याव व्यवस्थापन, छात्रवृत्ति, अध्ययन भ्रमण लगायतका कार्यका लागि प्रस्तावमा अधारित रहेर ४५ लाख बराबरको कार्य समझौता भइ सम्पन्न हुने चरणमा रहेको छ ।

५४. कक्षा ३ देखि कक्षा ५ सम्म नेपाली, गणित र कक्षा ६, ७ ८ मा नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयको विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना **(REAL plan)** तर्जुमा भइ कार्यान्वयन भएको छ ।

५५. सन्धिखर्क नगरपालिकामा रहेका विद्यालयहरूमा कक्षा ३ र ५ को उपलब्धी परिक्षा सम्पन्न भइ शिक्षाको वर्तमान अवस्थाको आकलन सम्पन्न गरिएको छ ।

५६. विद्यार्थीको अन्तर्निहित प्रतिभा प्रष्फुटन गर्न आधारभूत र माध्यमिक तहस्तरीय हाजिरीजवाफ, वक्तृत्वकला तथा निबन्ध लेखन प्रतियोगिताहरू सञ्चालन गरी नगर भित्रका उत्कृष्ट हुन सफल विद्यार्थीहरूलाई पुरस्कृत गरिएको छ । यसबाट विद्यार्थीमा अन्तरनिहित क्षमता प्रष्फुटन हुने अवसर सिर्जना भएको छ ।

५७. पाणिनि बहुमुखी क्याम्पसमा स्नातक तह अध्ययनरत १८६ जना जेहेन्दार तथा विपन्न विद्यार्थीहरूका लागि छात्रवृत्ति वितरण कार्य सम्पन्न गरिएको छ । साथै जनज्योति माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत २३ जना जेहान्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको छ ।यसबाट विपन्न वर्गका विद्यार्थीहरूले

आर्थिक अभावका कारण तह पूरा नगरी बिचैमा अध्ययन छाड्ने प्रवृत्तिमा कमी आएको छ ।

५८. यस वर्ष सन्धिखर्क नगरपालिका आफ्नो तर्फबाट उत्कृष्ट खेल प्रदर्शन गरी १२ स्वर्ण, ५ रजत र ५ कास्य सहित कुल २२ पदकका साथ चौधौं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधी जित्न सफल भएको छ । यसबाट नगरपालिकाले खेल क्षेत्रको विकासका लागि थप लगानी गर्न प्रेरणा मिलेको छ ।

५९. नगरपालिका क्षेत्रभित्रका संवेदनशील र सार्वजनिक महत्वका विभिन्न स्थानमा ६४ वटा सिसिटिभी जडानको कार्य सम्पन्न भएको छ । यसबाट नगर क्षेत्रमा शान्ति सुरक्षाको प्रत्याभूति, अपराध न्यूनीकरण र व्यावसायिक गतिविधको प्रवर्धनमा सघाउ पुगेको छ । जडित सिसिटिभि अद्यावधिक गर्ने र आवश्यकतानुसार थप संवेदनशिल स्थानहरूमा सि.सि.टि.भी. राख्ने नीति नगरपालिकाको रहेको छ ।

६०. यस वर्ष नगरपालिका र अन्तर्गतका सबै वडा कार्यालय, स्वास्थ्य संस्था र माध्यमिक विद्यालयहरूमा साबिकमा प्रयोगमा रहेको ढड्डा हाजिरीलाई विस्थापन गरी विद्युतीय हाजिरी प्रणाली कार्यान्वयनमा ल्याइएको छ । यसबाट नगरपालिका र अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरूलाई थप जिम्मेवार र जवाफदेही बनाउन सहयोग पुग्नुका साथै सेवा प्रवाह समेत प्रभावकारी भएको छ । यसका अलवा विद्युतीय हाजिरी प्रणालीको प्रयोगबाट माध्यमिक विद्यालयहरूमा पठनपाठनलाई थप व्यवस्थित बनाउन समेत सघाउ पुगेको छ । आगामी आर्थिक वर्षमा आधारभूत तह (कक्षा१-८) मा समेत विद्युतीय हाजिरी प्रणाली जडान गरिने छ।

६१. **"मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम"** मार्फत् सन्धिखर्क नगरपालिका र लुम्बिनी प्रदेश सरकारको लागत साझेदारीमा सन्धिखर्क नगर एकीकृत प्रणाली **(SIMS)** निर्माण गरी सञ्चालनमा ल्याइएको बेहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

६२. नगरपालिकाबाट जारी हुने सार्वजनिक सूचना र धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्वका सम्पदाहरूको बारेमा जानकारी प्रदान गर्न सन्धिखर्क नगरपालिका-१, शान्ति बगैंचामा **LED Display Board** जडान गरी प्रयोगमा ल्याइएको छ जसबाट सन्धिखर्क नगरपालिकाको विविध विषयमा जानकारी भइ पर्यटन प्रवर्धनमा टेवापुगेको महशुस गरिएको छ ।

६३. सन्धिखर्क नगरपालिका र अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा सूचना प्रविधि सम्बद्ध आधारभूत पूर्वाधारहरूको व्यवस्थापन गरी सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गरिएको छ ।

६४. यस आर्थिक वर्ष सन्धिखर्क नगरपालिका भित्रका २८७५ जना अन्य ज्येष्ठ नागरिक, ४२५ जना दलित ज्येष्ठ नागरिक, ३६५ जना एकल महिला ज्येष्ठ नागरिक, ९२४ जना विधवा, १९८ जना पूर्ण अपाङ्ग, २३९ जना अति अशक्त अपाङ्ग र ६७९ जना दलित बालबालिका गरी कुल ५७०५ जना चौथो त्रैमासिक सम्म सूचीकृत भएका छन भने तेश्रो त्रैमासिकसम्म सूचीकृत ५७०५ जनालाई रू. १५ करोड ७० लाख ८८ हजार १८४ सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

६५. चालु आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार सूचीमा सूचीकृत कुल ९२४ जना श्रमिकहरू मध्ये अति विपन्न ७१ जना श्रमिकहरूले कुल १५ वटा आयोजनाहरूमा १०० दिनको रोजगारी प्राप्त गरेका छन । त्यस्तै सेवा प्रदायक संस्थाद्वारा ५० दिनको कार्यस्थलमा आधारीत सिप/ क्षमता विकास (प्लम्बीङ तालिम) सम्पन्न भएको छ । यसै वर्ष सन्धिखर्क नगरपालिकाको रोजगार सेवा केन्द्रबाट हालसम्म कुल ३३६ जनालाई श्रम स्वीकृति समेत प्रदान गरिएको छ ।

६६. नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र सन्धिखर्क नगरपालिकाको लागत साझेदारी र सामी/हेल्भेटासको प्राविधिक सहयोगमा सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रम **(SaMi)** अन्तर्गत वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवार र रोजगारीबाट फर्केका व्यक्ति तथा निजका परिवारलाई आवश्यक परामर्श सेवा उपलब्ध गराउनको लागि सञ्चालित मनोसामाजिक परामर्श सेवाबाट विभिन्न विद्यालय तथा समुदायमा गरी हाल सम्म ३९ वटा केस पहिचान भइ ३१ वटा केशको परामर्श सत्र पुरा भएको छ । जसबाट आत्महत्याको प्रयास गर्ने तथा मानसिक सन्तुलन गुमाउने जस्ता गम्भीर मानसिक समस्याबाट जोगाउन सहयोग पुगेको छ ।

६७. सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत सन्धिखर्क नगरपालिका र जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको समन्वयमा जिल्ला प्रशासन कार्यालको हाताभित्र वैदेशिक रोजगार सम्बन्धी सहयोग तथा समन्वयका लागि आप्रवासी स्रोतकेन्द्र स्थापना भएको छ । सहायता कक्षबाट हाल सम्म गत आर्थिक वर्ष मा ३४०१ र चालु आर्थिक वर्ष

मा ४४८० गरी कुल ७८८१ जनालाई सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी परामर्श सेवा उपलब्ध गराइएको छ । साथै वैदेशिक रोजगारी सम्बन्धी हालसम्म ३४ वटा ठगी सम्बन्धी उजुरी दर्ता भएकोमा १३ वटा उजुरी पूर्ण रुपमा र ४ वटा आंशिक रुपमा समाधान भइ पिडित पक्षले ठगी बापतको रकम फिर्ता पाएका छन । यसले युवाहरूलाई विदेश जानु अगाडि थप जानकारी गराउनुका साथै सजगता अपनाउन प्रेरित गरेको छ ।

६८. यस वर्ष न्यायिक समितिको ९ वटा, नगरस्तरीय मेलमिलापको १६ र वडास्तरीय मेलमिलाप केन्द्रको ३९ वटा बैठक सम्पन्न भएका छन् । न्यायिक समिति र वडास्तरीय मेलमिलाप केन्द्रमा दर्ता भएका विवादहरू- १८(अ.ल्या. ३ समेत)रहेकोमा जस मध्ये ६६.६६ प्रतिशत विवादहरूको अन्तिम किनारा लागेको छ । यसरी विवाद समाधान गर्दा अधिकांश विवादहरू मेलमिलापको माध्यमद्वारा निरूपण गर्ने गरिएको छ ।

६९. वडा सचिव, मेलमिलाप कर्ता र न्यायिक समितिका पदाधिकारीहरूको लागि मेलमिलाप सम्बन्धी २ दिने पूर्नताजगी तालिम मिति २०८१/१२/२२ र २३ गते सम्पन्न गरिएको छ ।

७०. नगरपालिकाको सम्पत्ती व्यवस्थापनको लागि विगत देखि सञ्चालनमा आएको **PAMS SOFTWARE** यस आर्थिक वर्षमा **PAMS –V**२ समेत पूर्ण रुपमा लागु भएको छ ।

७१. चालु आर्थिक वर्षको लागि रू. ३ करोड २० लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकोमा जेष्ठ मसान्तसम्म ३ करोड ६५ लाख ८६ हजार ६४८ अर्थात लक्ष्यको ११४ प्रतिशत राजस्व सङ्कलन भएको छ ।

७२. चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म कुल -६६ वटा नयाँ प्राइभेट फर्महरूको दर्ता, ३२७ वटा नवीकरण, २५ वटा पुंजीवृद्धि तथा ७५ वटा खारेजीको कार्य सम्पन्न भएको छ ।

७३. यस वर्ष "**गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)**" तर्फ ३१ जना नयाँ उद्यमी श्रृजना गर्ने लक्ष्य रहेकोमा ३१ जना नयाँ उद्यमी श्रृजना भएका छन भने पुराना २८ जना उद्यमीहरूको क्षमता अभिवृद्धि गर्ने लक्ष्य रहेकोमा लक्ष्य अनुरूप नै उद्यमीहरूको स्तर उन्नति गर्ने कार्य अगाडि बढेको छ ।

७४. यस वर्ष सन्धिखर्क नगरपालिकाको समग्र कार्यसम्पादन पद्दतिलाई व्यवस्थित गर्न हाल सम्म २० वटा ऐन, ९ वटा नियमावली, ५० वटा कार्यविधि र मापदण्ड गरी कुल ७९ वटा र संसोधन-५ वटा कानुन निर्माण तथा संशोधनको कार्य सम्पन्न भएको छ।

७५. गत आर्थिक वर्ष २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन **(LIZA)** र वित्तीय जोखिम मूल्याङ्कन **(FRA)** मा नगरपालिकाको प्राप्ताङक क्रमश: ९५.२५ र ८९ रहेको छ साथै प्राकृतिक स्रोत तथा वित्त आयोगको मूल्याङ्कनमा आर्थिक वर्ष२०७९/८० मा सन्धिखर्क नगरपालिका नेपालमै प्रथम र आर्थिक वर्ष २०८०/८१ मा तेश्रो भएको छ जसबाट नगरपालिकाको कार्यसम्पादनस्तर उच्च रहेको स्पष्ट छ ।यी परिणामहरूले हामीहरूलाई भोलीका दिनमा उच्च मनोवलकासाथ काम गर्ने हौसला मिलेको छ ।

**नगर सभा सदस्यज्यूहरू,**

अब म यस सम्मानित नगर सभामा आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**स्रोत परिचालन,**

१. वित्तीय अनुशासनलाई उच्च प्राथमिकता दिँदै वित्तीय जोखिमका क्षेत्रहरू प्रति गम्भिर भइ सुधारात्मक कदमहरू चालिने छ । आन्तरिक स्रोत एवम् सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरूबाट हाम्रा आर्थिक गतिविधिहरू निर्देशित हुने बेहोरा हामी सबैलाई अवगत नै छ । करका क्षेत्र र दर निर्धारण गर्दा करदाताको क्षमता, करका प्रकृति तथा उठ्ने रकमको आकार र कर उठाउँदा सम्बन्धित क्षेत्रको विकास तथा विस्तारमा पर्न जाने सकारात्मक वा नकारात्मक असर समेत आंकलन गरी सरोकारवालाहरूको सुझाब समेतका आधारमा बिगतका आर्थिक वर्ष हरूमा परिचालन गरिएका करका दायराहरूलाई फराकिलो गर्दै कर तिर्ने नागरिकको दायित्व पूरा गर्न अभिप्रेरित गरिनेछ । प्राप्त अनुदान र नागरिकबाट प्राप्त करको समुचित उपयोगमा जोड दिँदै पुँजी निर्माणमा उच्च प्राथमिकता दिइने छ ।

२. सरकारी खर्चको कुशल व्यवस्थापनबाट सुशासनका आयामहरूको सवलिकरण गरी विकासका लक्ष्यहरू पूरा गरिनेछ ।सो को निम्ति आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइ सरकारी कोषको अधिकतम सदुपयोग गर्ने तर्फ विशेष ध्यान दिइने छ । सन्धिखर्क नगरपालिकाको प्रथम आवधिक योजना (२०७८/७९- २०८२/८३) को सोंच अनुसार **"स्मार्ट कर प्रशासन, करदाता मैत्री** राजस्व **परिचालन"** को भावना अनुरुप श्रोत परिचालनलाइ प्रभावकारी बनाइनेछ ।

३. वित्तीय कुशलताद्वारा चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्ने, पुँजीगत खर्च बढाउने र पुँजी निर्माण गर्ने कुरामा विशेष ध्यान दिइने कुरा हाम्रो प्राथमिकताको विषय हो । निर्धारित खर्चको आवश्यकता पूरा गर्न राजस्व परिचालनलाई प्रभावकारी बनाइने छ । राजस्व प्रशासनमा आधुनिक प्रविधिको अधिकतम उपयोग गरी दायरा फराकिलो पारिने छ । करदाता मैत्री प्रणाली विकास गरी कर परिचालनलाई सरल र सहज बनाइने छ ।

४. कार्यालयको खर्च गर्ने क्षमतामा वृद्धि गरी वित्तीय कुशलताद्वारा बेरुजुलाई न्यून गर्दै सुशासन कायम गर्न सूचना प्रविधिको अधिकतम र उच्चतम प्रयोग गरिनेछ ।

५. **"सम्मृद्ध नेपाल; सुखी नेपाली"** को राष्ट्रिय आकांक्षालाई पूरा गर्न दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण र स्थानीयकरण गर्ने कुरामा विशेष ध्यान दिइने छ ।

६. नगरपालिकाको प्रथम आवधिक योजना (२०७८/७९- २०८२/८३) निर्माणको काम सम्पन्न भइ सकेको अवस्थामा हाम्रा वार्षिक नीति, कार्यक्रम र बजेट समेत आवधिक योजनाका अभिन्न अंग हुने छन् ।

७. नेपालको संविधान, सङ्घीय सरकार र प्रदेश सरकारका आवधिक योजना, प्रचलित कानुन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन, स्थानीय स्रोत साधन लगायतका विषयवस्तुहरू स्रोत परिचालनका प्रमुख आधारहरू रहने छन् ।

**<u>सहकार्य र समन्वय,</u>**

८. संविधानले परिकल्पना गरेको सार्वजनिक, निजी र सहकारी क्षेत्रको विकास र विस्तारबाट आर्थिक गतिविधिहरूलाई चलायमान बनाइनेछ । सङ्घ, प्रदेश र स्थानीय तहहरू बिचको आपसी सम्बन्ध, समन्वय एवम् सहकार्यमा विशेष ध्यान दिदै सहकारीता समन्वय र सहअस्तित्वको सिद्दान्तलाई आत्मसात गरिनेछ ।

९. विकास साझेदार संस्थाहरूसँगको सम्बन्ध सुमधुर बनाउँदै विकासका साझा उपायहरूको खोजी गरी प्रक्रिया अगाडि बढाउने कार्यलाई प्राथमिकता दिइने छ ।

१०. परामर्श एवम् विज्ञ सेवाबाट राजस्वका स्रोतको खोजी, आन्तरिक एवम् बाह्रय भगिनी सम्बन्ध विस्तारका सम्भावना, दीगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण र स्थानीयकरण लगायतका विषयहरूको पहिचान र परिचालन गरिनेछ ।

११. सहकार्य र समन्वयको नीति अनुरुप साझा उद्देश्य र संभावना भएका स्थानीय तहहरूसँग भगिनी सम्बन्ध कायम गर्ने कुरालाई प्राथमिकता दिइने छ ।

**आर्थिक विकास**

१. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवम् प्रतिस्पर्धी बनाउन कृषक समुह, सहकारी एवम् कृषि तथा पशुपंक्षी फर्महरूलाई बिक्रीमा आधारित प्रोत्साहन कार्यक्रम लागु गरिनेछ । व्यवसायिक कृषकहरूको समस्या पहिचान गरी समाधानको लागि विशेषज्ञ सेवा उपलब्ध गराइनेछ ।

२. कृषि र सिंचाइको पारस्परिक सम्बन्धलाई प्रभावकारी बनाइ साना सिंचाइ योजनालाई प्राथमिकता दिँदै आवश्यक बजेट विनियोजन गरिनेछ । कृषि जैविक विविधता, स्थानीय रैथाने बाली संरक्षण, स्थानीय पशुपन्छी एवम् परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण र सदुपयोग गर्ने खालका कार्यक्रम सञ्चालन गरी **"कृषि: मूलस्च जीवनम"** को मर्मलाई साकार पार्ने दिशामा नगरपालिका अगाडि बढ्ने नीति लिइनेछ ।

३. संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको खाद्य सुरक्षा सम्बन्धी हकको कार्यान्वयन गर्दै खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न तथा कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गरिनेछ ।

४. कृषकहरूलाई कृषि पेसा प्रति आकर्षित गर्न कृषि पेसालाई मर्यादित र सम्मानित बनाउने अभिप्रायले अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । साथै प्रविधि हस्तान्तरण मार्फत कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गर्दै प्रतिफलमा आधारित प्रोत्साहन गर्ने नीति लिइनेछ ।

५. कार्यक्रममा दोहोरोपना आउन नदिन तथा साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्न कृषि क्षेत्रका सरोकारवालाहरू बिच समन्वय गरी सहभागितात्मक योजना, बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

६. वडा नं १ स्थित निर्माणाधिन चिस्यान केन्द्र **(Cold store)** को निर्माण कार्य चालु आर्थिक वर्षमा सम्पन्न भएको छ । आगामी आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय सरकारको विशेष अनुदानमा बहुवर्षिय कार्यक्रम अन्तर्गत **"कृषिजन्य वस्तु सङ्कलन तथा विक्री केन्द्र निर्माण र उपकरण व्यवस्थापन आयोजना"** कार्यक्रम मार्फत हाट बजार व्यवस्थापन

र चिस्यान केन्द्र **(Cold Store)** लाई उपकरणयूक्त बनाइने छ । स्थानीय उत्पादनको सङ्कलन तथा भण्डारण र त्यस्तो उत्पादनको बिक्री वितरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ । यसलाई सम्भाव्यताको आधारमा कोल्ड चेम्बर एवम् थोक तरकारी तथा फलफूल बजारको रूपमा विस्तार गरिनेछ । यसका लागि नगरक्षेत्र भित्र रहेका सहकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्यका लागि आवश्यक समन्वय गरिनेछ ।

७. चालु आर्थिक वर्षमा सन्धिखर्क हाटबजार सञ्चालन कार्यविधि, २०८१ तर्जुमा भइ कृषकहरूको कृषि उपजको बिक्री व्यस्थापनको लागि कानुनी व्यवस्था भएको छ । यसको माध्यमबाट हाटबजार व्यवस्थापन र चिस्यान केन्द्र **(Cold Store)** को प्रचुर मात्रामा फाइदा लिने नीति अख्तियार गरिनेछ । जसको कारण आर्थिक क्रियाकलापमा उल्लेख्य रुपमा बढोत्तरी भइ उद्यमशिलताको क्षेत्रमा नयाँ आयाम थपिने छ ।

८. कृषि तथा वन पैदावारसँग सम्बन्धित उत्पादनको विकास र विस्तार गर्दै उद्यमशीलता प्रवर्धन गर्न तथा रैथाने उत्पादनको बजारीकरण गर्न नगरपालिका र जनता एग्रो एण्ड फरेष्ट्री लिमिटेडबिच भएको सम्झौता अनुसार कृषकहरूको उत्पादनको न्युनतम समर्थन मूल्य कायम गरी कृषकको कृषि उपजको बिक्रीको सुनिश्चितता कायम गर्ने उत्पादित उपजको बिक्रीको आधारमा प्रोत्साहन अनुदान दिने व्यवस्था मिलाइनेछ । यसका लागि किसान, कृषि सहकारी, कृषि फर्म सञ्चालक तथा नगरस्थित सहकारी बिक्री केन्द्रलाई आवश्यक प्रोत्साहन र सहजीकरण गरिनेछ । प्राङ्गारिक मलमा जोड दिइ रासायनिक मल एवम् बिषादी न्यूनिकरण गर्न आवश्यक बजेट सहित सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९. रैथाने बाली (कोदो, फापर, जुनेलो, झिलङ्गी, कालो काउली, गहत, लट्टे आदी) को प्रवर्धन गर्न निःशुल्क बिउ वितरण गरी आवश्यक प्रोत्साहन गरिनेछ । स्थानीय कृषि उत्पादनको प्रशोधन, भण्डारण, प्याकेजिङ, लेभलिङ तथा ब्राण्डिङ गरी खरिद बिक्री तथा बजारीकरण गर्नको लागि अभियान सञ्चालन गरिनेछ । प्रस्तुत कार्यको लागि प्रतिष्पर्धाको माध्यमबाट सहकारी संस्थाको छनोट गरी स्थानीय कृषकहरूबाट उत्पादित अर्गानिक र रैथाने कृषि उपज खरिद बिक्री गर्ने सम्बन्धमा आवश्यक प्रबन्ध मिलाइनेछ ।

१०. आगामी आर्थिक वर्ष२०८२।८३ मा प्रदेश विशेष अनुदान कार्यक्रम अन्तर्गत नवीनतम प्रविधि सहितको “**धान, मकै बाली प्रवर्धन कार्यक्रम**” प्रस्ताव गरिए अनुसार कार्यक्रमको

प्रभावकारी कार्यान्वयनबाट धान र मकै बाली उत्पादनमा उल्लेख्य रुपमा वृद्धि भइ खाधान्नमा आत्मनिर्भर हुने कुरामा विश्वास लिइएको छ । यसबाट **“कृषिमा उत्पादकत्व वृद्धि, सन्धिखर्कको समृद्दि”** भन्ने नारालाई साकार पार्ने अपेक्षा गरिएको छ ।

११. कृषि पेसालाई सम्मानित पेसाको रुपमा विकास गर्न कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रीकरण तथा बजारीकरण मार्फत उद्यमशीलता वृद्धि गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरी आय आर्जन बढाउनुका साथै रोजगारी श्रृजना गरी नगरपालिकालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउने कार्यक्रम लागु गरिनेछ ।यसको लागि बसाईँसराइ र वैदेशिक रोजगारीलाई न्यूनिकरण गर्ने र बिदेशबाट फर्किएका युवा जनशक्तिलाई कृषिसँग जोड्ने गरी विशेष कार्यक्रम ल्याइने छ। यसको लागि नगरपालिकाले सम्पादन गरेका र प्रस्ताव गरिएका क्रियाकलापहरूलाई उजागर गर्दै **“पखनोस हामी केही गर्दै छौं”** भन्ने भावनाको विकास गरिनेछ ।

१२. आगामी आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय अनुदान कार्यक्रम अन्तर्गत संभावीत क्षेत्रमा तरकारीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने गरी **“तरकारी पकेट विकास कार्यक्रम”** प्रस्ताव गरिएकोमा रु १२ लाख विनियोजन भएको छ त्यसै गरी गत आर्थिक वर्ष मा सन्धिखर्क नगरपालिका वडा न ५, ८, १० र ११ मा सञ्चालित कफी पकेट विकास कार्यक्रम कार्यान्वयनको लागी रु. ६ लाख विनियोजन भएको छ जसको प्रभावकारी कार्यान्वयनबाट तरकारी र कफी बाली उत्पादनमा उल्लेख्य रुपमा वृद्धि भइ तरकारीमा आत्मनिर्भर हुनुका साथै कफीबाट नगद आयआर्जन हुने छ ।

१३. आगामी आर्थिक वर्ष२०८२।८३ मा सङ्घीय अनुदान कार्यक्रम अन्तर्गत संभावीत क्षेत्रमा सुन्तलाको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने गरी **“सुन्तला विशेष कार्यक्रम”** मा रु. ९लाख विनियोजन भएको छ जसको प्रभावकारी कार्यान्वयनबाट सुन्तला जातका फलफूल उत्पादनमा वृद्धि हुनुका साथै कृषकहरूको आयआर्जनमा वृद्धि हुने छ ।

१४. कृषि तथा पशुपन्छी क्षेत्रमा प्राकृतिक तथा दैवि प्रकोपको कारण क्षति भएका कृषकहरूलाई कृषि तथा पशुपन्छी विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७८ बमोजिम नगद राहत उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । यसको लागि आकस्मिक बाली संरक्षण कार्यक्रमका लागि बजेट विनियोजन गरिनेछ । वन्यजन्तुबाट बाली संरक्षण गर्न मागमा आधारीत सामग्री वितरण विशेष कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ साथै कृषि बिमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. निजी क्षेत्र, शैक्षिक संस्था तथा अनुसन्धानमूलक निकाय बिच समन्वय र सहकार्य गरी कृषि प्रसार र अनुसन्धानलाई प्रोत्साहन गरिनेछ। प्रत्येक वडामा सम्भाव्यताका आधारमा पकेट क्षेत्रको विकास गर्न र माटो सुहाउँदो बालीको छनोट गर्न माटो परीक्षणको लागि शिविर सञ्चालन गरी नमुना सङ्कलन र प्रयोगशाला परीक्षणमार्फत प्राप्त नतिजाको विश्लेषण गरी क्रमशः **एक वडा, एक उत्पादन** कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. मागमा आधारीत घुम्ति तालिमको व्यवस्था गरिनेछ । कृषि क्षेत्रमा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरू कृषि ज्ञान केन्द्र तथा पशु सेवा विज्ञ केन्द्र लगायतका निकायहरूसँग आवश्यक समन्वय गर्दै सम्पादन गर्ने नीति लिइनेछ यसबाट कामको दोहोरोपनामा कमी आइ प्रभावकारिता अभिवृद्धि हुनेछ ।

१७. अकबरे खुर्सानी उत्पादनको लागि जोड दिइ उत्पादकत्व वृद्धि गर्न प्रोत्साहन गरिनेछ । प्रमुख बालीको रुपमा रहेको धान खेतीलाई प्रवर्धन गर्न राष्ट्रिय धान दिवस भव्यताकासाथ मनाइनेछ।

१८. नगरपालिका भित्रका कृषकहरूलाई उपलब्ध गराइएका यन्त्र उपकरणहरूको सञ्चालन एवम् मर्मत सम्भारको लागि आवश्यक तालिम दिने व्यवस्था मिलाइनेछ । कृषकहरूको मागको आधारमा आवश्यकता अनुसार तालिम तथा प्रविधि हस्तान्तरणको कामलाई निरन्तरता दिइनेछ ।

१९. लागत साझेदारीमा कृषकको मागमा आधारित साना कृषि मेसिनरी औजार तथा नविनतम् प्रविधि हस्तान्तरण गरी उत्पादन लागतमा कमी ल्याइनेछ । साथै कृषकहरूलाई उन्नत बिउको खरिद मूल्यमा अनुदान दिई उन्नत बिउ वितरकलाई प्रोत्साहन गरिनेछ ।

२०. कृषिजन्य उपजको मूल्य श्रङ्खलामामा विशेष ध्यान दिइ उत्पादक देखि उपभोक्तासम्मको मूल्य श्रङखला लाई वान्छित सिमा भित्र राख्ने प्रयास गरिनेछ । यसका लागि उत्पादन र बजार प्रणालीको अन्तरसम्बन्धलाई सहकारीको माध्यमबाट व्यवस्थित गरी कृषकको उत्पादन लागत र थोक तथा खुद्रा बजार मूल्य विश्लेषण गर्दै उपयुक्त बजार मूल्य प्राप्त हुने व्यवस्था मिलाइनेछ ।

२१. खेती योग्य भूमिको चक्लाबन्दी, लिज खेती, सामुहिक तथा करार एवम् सहकारी कृषि खेतीलाई प्रोत्साहन गरिनेछ ।खेतीयोग्य जमिनमा बस्ती विकास र सहरीकरण गर्ने

कार्यलाई निरूत्साहित गरिनेछ । विदेशबाट फर्किएर व्यावसायिक कृषि कार्यमा लागेका नगरवासीहरूलाई प्रोत्साहन गरिनेछ । सुलभ कर्जाको लागि नेपाल बैङ्क लि. सँग भएको सम्झौता बमोजिम बैङ्कमा रहेको जमानी रकमको आधारमा बैङ्कबाट कर्जा प्रवाह गर्दा लक्षित वर्गलाई प्राथमिकता दिने नीति अख्तियार गरिनेछ ।

२२. नगर क्षेत्रका विभिन्न स्थानहरूमा सम्भाव्यताका आधारमा आत्मनिर्भरता वृद्धि गर्नुका साथै निर्यात गर्न सकिने गरी एभोकाडो, किवी, ड्रागन फ्रूट, कागती, आरू, आरूबखरा मेकाडेमिया नट र दाँते ओखर खेतीलाई प्रवर्धन गरिनेछ । हिउँदे तथा वर्षे फलफुल र जडिबुटी तथा धार्मिक महत्वका बिरुवा (५० प्रतिशत) अनुदानमा वितरण गरिनेछ ।

२३. बाली विशेष कृषि उत्पादन कार्यक्रम (अदुवा/बेसार) उत्पादन कार्यक्रम मार्फत उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै आधुनिक र सुविधा सम्पन्न कृषि हाट बजारको निर्माण मार्फत कृषि बजारहरूलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

२४. वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका व्यक्तिहरूले व्यावसायिक रूपमा तरकारी, जडिबुटी तथा फलफूल खेती गर्न चाहेमा सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरी प्रति रोपनीका दरले प्रोत्साहन अनुदान उपलब्ध गराउन पहल गरिनेछ । कृषिमा नवीनतम प्रविधि सहितको उत्पादन प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. जलवायु उत्थानशिल क्षमता अभिवृद्धि गर्दै जलवायु परिवर्तनबाट कृषि प्रणालीमा पर्ने क्षति न्यूनिकरण गर्न जलवायु अनुकुलन कृषि तथा पशुपन्छी उत्पादनका क्षेत्रमा प्राविधिक सेवा उपलब्ध गराइने छ । कृषि बालीमा लाग्ने रोग, किरा व्यवस्थापनको लागि आकस्मिक बाली संरक्षण तथा बाली उपचार सेवा उपलब्ध गराउन **"किसानको खेतबारीमा नगरपालिका"** अभियान सञ्चालन गरी कृषकहरूलाई कृषि उपजको बिमा गर्न प्रोत्साहन गरिनेछ ।

२६. नगर क्षेत्रमा खाद्य वस्तुको सहज उपलब्धता, गुणस्तर तथा उचित मूल्य कायम राख्नको लागि बजार अनुगमन तथा नियमन कार्यलाई थप प्रभावकारी बनाइने छ । खाद्य वस्तुको कृतिम अभाव तथा मूल्य नियन्त्रण गर्न अनुगमनलाई प्रभावकारी बनाइनेछ । मासु र डेरी पसलहरूको विशेष अनुगमन गरिनेछ ।

२७. किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । उक्त कार्यक्रम मार्फत कृषकको

व्यावसायिकता पहिचान पश्चात अनुदानको मापदण्ड तयार गरी लागु गरिनेछ । कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२८. पशुपन्छीमा लाग्ने महामारी रोगहरू जस्तै: भ्यागुते, चरचरे, खोरेत, पटके, रानीखेत, गम्बोरो, लम्पी स्कीन, आदि रोगहरूको नियन्त्रण गरी आर्थिक नोक्सानी कम गर्नको लागि खोप कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रम सञ्चालनको आवश्यक पर्ने लजिष्टिक सामान खरिद गरिनेछ । प्रदेश सरकारको नीति अनुरुप खोरेत मुक्त अभियानलाई निरन्तरता दिइने छ ।

२९. महामारी/आकस्मीक रोग नियन्त्रण कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ । पशुपन्छीमा रोग निदानको लागि प्रयोगशाला सेवालाई निरन्तरता दिंदै अहिले सञ्चालनमा रहेको प्रयोगशालालाई आधुनिक प्रयोगशालामा रूपान्तरण गर्दै र हाल गरिदै आएको परीक्षणको दायरा वृद्धि गरी रोग पहिचान पछि उपचार गर्ने पद्धतिलाई व्यवस्थित गरिनेछ ।

३०. पशुपालन व्यवसायलाई बढावा दिन तथा दानामा खर्च हुने उत्पादन लागत कम गरी पशुपालनबाट बढी भन्दा बढी मुनाफा लिन व्यावसायिक पशुपालक कृषकहरूलाई उन्नत घाँसको बिउ /बेर्ना उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३१. कृत्रिम गर्भाधान सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउंदै लगिनेछ ।कृत्रिम गर्भाधानकर्ता, अगुवा कृषक तथा सरोकारवाला बिच समन्वय गरी सहज, सुलभ र प्रभावकारी कृत्रिम गर्भाधान सेवालाई निरन्तरता दिइनेछ । यसको लागि कृत्रिम गर्भाधान तालीमको व्यवस्था गरिनेछ ।

३२. **"घरदैलोमा प्राविधिक सेवा, व्यवसायिक कृषिजन्य उत्पादनमा टेवा"** भन्ने मान्यतालाई आत्मसात गर्दै पशुपन्छीमा बाह्य तथा आन्तरिक परजीवीको संक्रमणबाट कृषकहरूलाई हुने आर्थिक क्षति न्यूनीकरण गर्न अन्तरिक तथा बाह्य परजिवी नियन्त्रणको लागि बृहत **डोर टु डोर** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३३. कृषकहरूले उत्पादन गरेका कृषि तथा पशुजन्य उपजहरूको न्यूनतम समर्थन मूल्य निर्धारणको थालनी गरिनेछ । सङ्घीय तथा प्रदेश सरकारसँगको समन्वय एवम् साझेदारीमा पशुजन्य उत्पादन सङ्कलन तथा बिक्रीका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

३४. छाडा कुकुरमा स्थायी बन्ध्याकरण तथा रेबिज रोगको भ्याक्सिनेसन कार्यक्रमलाई निरन्तरता दिई रेबिज रोग मुक्त नगरपालिका बनाउने तथा छाडा कुकुरहरूले गर्दा हुने अन्य समस्या समाधान गर्न छिमेकी पालिकाहरूसँग समन्वय गरी थप प्रभावकारीता अपनाइने छ ।

३५. स्वच्छ, सफा तथा गुणस्तरयुक्त मासु, दुध तथा दुधजन्य पदार्थको सेवन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई मध्यनजर गर्दै मासु तथा दुधजन्य पदार्थ बिक्रीवितरण गर्ने व्यवसायीहरूको सघन अनुगमन तथा निरीक्षण गरी चुस्तदुरुस्त व्यवस्थापन गरिनेछ साथै यस सम्बन्धी सचेतनामूलक क्रियाकलाव सञ्चालन गरिनेछ ।

३६. सन्धिखर्क नगरपालिका भित्र पालिएका पशुपन्छीहरूमा देखा पर्ने महामारी/ आक्समिक रोगहरूको नियन्त्रण तथा रोकथामको लागि आवश्यक पर्ने औषधि तथा उपचार सामग्रीको व्यवस्था मिलाइनेछ ।

३७. नगरपालिका भित्र पालिएका पशुपन्छीहरूमा देखा परिरहेको बाँझोपन निवारण गर्नको लागि विज्ञ सहितको टोली र आवश्यक पर्ने औषधि तथा उपचार सामग्रीको व्यवस्था मिलाइनेछ ।

३८. पशुपन्छीको दूध तथा मासु उत्पादन गर्न पौष्टिक आहारको पूर्तिका लागि खनिज तथा लवणको आवश्यकता पुरा गर्न खनिज तथा मिनरल ब्लक खरिद तथा वितरणको व्यवस्था मिलाइनेछ।

३९. दूध तथा दुग्धजन्य पदार्थ उत्पादनमा वृद्धि गर्न भैंसी प्रवर्धन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

४०. हलगोरु पाल्ने कृषकहरूलाई प्रोत्साहन स्वरुप केही रकम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । यसबाट प्राङ्गारिक मलको आपूर्तिमा सहजता र रासायनिक मलको प्रयोगमा न्यूनिकरण हुनेछ ।

४१. मासु उत्पादन तथा बिक्री वितरण गरी मासुजन्य पदार्थमा आत्मनिर्भर हुन बाख्रा पालन व्यवसाय प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

४२. संविधानले परिकल्पना गरेको अर्थतन्त्रको तीन खम्बा मध्येको एक खम्बाको रूपमा रहेको सहकारी क्षेत्रलाई प्राथमिकतामा राख्दै यस क्षेत्र मार्फत उत्पादन र बजारीकरणलाई प्रवर्धन गर्दै रोजगारी सिर्जना तथा गरीबी निवारण गर्ने नीति अवलम्बन गरिनेछ । सहकारीमा रहेको पुँजीको उचित परिचालनको सम्बन्धमा प्रभावकारी नियमन गरिनेछ ।

४३. सन्धिखर्क नगरपालिका भित्र अर्गानिक कृषि तथा पशुजन्य उत्पादनलाई प्रवर्धन गरी त्यस्तो उत्पादनको सङ्कलन, प्रशोधन तथा बजारीकरण गर्न सहकारी संस्थाहरूलाई उत्प्रेरित गरिनेछ । यसका लागि छाता सहकारीमा आबद्ध हुन सहकारीसंस्थाहरूलाई प्रेरित गर्दै सहकारीहरूलाई नियमित रुपमा प्रगति प्रतिवेदन पेस गर्न लगाउने र आर्थिक क्रियाकलावलाई सफ्टवेयर मार्फत सञ्चालन गर्ने वातावरण मिलाइने छ ।

४४. सहकारी क्षेत्रको क्षमता विकास, अनुगमन, नियमन, प्रवर्धन र विकासमा जोड दिँदै आवश्यक न्यूनतम कर्मचारी, व्यवस्थापन तथा कार्यालय सञ्चालनको लागि आवश्यक सफ्टवेयरको व्यवस्थापन गर्न नसक्ने सहकारीहरूलाई मर्जरमा जान प्रेरित गरिनेछ । मर्जरमा जान चाहने सहकारीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४५. स्थानीय स्रोत, साधन र सिपको प्रयोग गरी स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारी सिर्जना मार्फत स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने प्रमुख स्तम्भको रूपमा सहकारी संस्थाहरूको विकास गरिनेछ ।

४६. सहकारी सिद्धान्त र मूल्य मान्यताको आधारमा सञ्चालन गर्न सहकारी संस्थाहरूलाई प्रेरित गरिनेछ । सहकारीको भावना विपरित सञ्चालन गर्ने तथा आफैले बनाएको विनियम पालना नगर्ने सहकारी संस्थाहरूलाई प्रभावकारी अनुगमनमार्फत निश्चित मापदण्ड निर्धारण गरी खारेजीको प्रकृयामा लगिनेछ ।

४७. निजी क्षेत्रमा क्रियाशिल संघ/संस्थाहरूसँग सुमधुर सम्बन्ध कायम गर्दै सन्धिखर्कको विकास र समृद्धिको लागि निजी क्षेत्रसँग रहेको बिशिष्ट अनुभव र पुँजीलाई सन्धिखर्कको विकास र समृद्धिको लागि सदुपयोग गरिनेछ । पर्यटन लगायत निजी क्षेत्र लगानी गर्न आकर्षित हुने उद्योग व्यवसायको क्षेत्रमा निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गरिनेछ ।

४८. स्थानीय उत्पादनलाई प्रवर्धन गर्न कोशेलीघर निर्माण गरी सञ्चालन गर्ने प्रकियालाई अगाडि बढाइने छ । यसबाट आन्तरिक तथा बाह्य पर्यटकहरूलाई कोसेलीघर अवलोकन गराई स्थानीय उत्पादनहरूको बजारीकरण गर्दै स्थानीयवासीहरूको आयस्तरमा वृद्धि गर्ने कार्यमा टेवा पुग्नेछ ।

४९. नगरक्षेत्र अन्तर्गत पर्ने कृषि सहकारी तथा उत्पादनमा आधारित सहकारीहरूले उद्देश्य अनुरूपको कार्य गरे नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी उत्कृष्ट सहकारीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

५०. सन्धिखर्क नगरपालिकाको धार्मिक तथा पर्यटकीय क्षेत्र श्री सुपादेउराली मन्दिरमा आउने दर्शनार्थीहरूलाई गङ्गासरोवर, नरपानी पिकनिक स्पट, सहिद स्मृति पार्क, वि.पी स्मृति पार्क, ॐ श्रीकृष्ण गौशाला, खाँचीकोट हिल स्टेशन, अर्घा भगवती मन्दिर, मसुरपाटा क्षेत्र, घोर्लासीको लेक, मथुराधाम, रक गार्डेन, सिद्देश्वर गुफा, सिद्देश्वर शिवालय मन्दिर, शान्ति बगैँचा, वडा नं. ८ को देउराली मन्दिर, कैलाश ग्रिनपार्क लगायतका स्थानहरूमा भ्रमणको लागि प्रेरित गरी यी क्षेत्रको प्रचार प्रसारको लागि सुपादेउराली मन्दिर परिसरमा सूचनामूलक होर्डिङ्ग बोर्ड प्रदेश सरकारबाट राख्ने कार्य सम्पन्न भइ सकेको बेहोरा जानकारी गराउन चाहन्छु ।

५१. हाम्रो समाज विभिन्न जातजाती, भाषा, धर्म, संस्कृती र सम्प्रदायका मानिसहरू बसोबास गर्ने विविधतायूक्त समाज हो । यस्ता धार्मिक तथा साँस्कृतिक परम्परा तथा रीतिरिवाजको संरक्षण र व्यवस्थापन गरी साँकृतिक ऐक्यबद्धता र सामाजिक परिचालनको माध्यमद्वारा विविधता व्यवस्थापन गरिनेछ ।

५२. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम **(MEDPA)** मार्फत गरीबीको रेखामुनी रहेका जनतालाई सिप विकास तालिमको माध्यमबाट उद्यमशिलता विकास गरी स्वरोजगार बनाउने कार्यलाई निरन्तरता दिइने छ । यसका लागि नगरपालिकाको तर्फबाट लागत साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ ।

५३. नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने रू. ५ लाख सम्म पुँजी भएका उद्योग तथा वाणिज्य फर्महरूमध्ये दर्ता भएको मितिदेखि प्रचलित कानुन बमोजिम तोकिएको अवधिभित्र नवीकरण हुन नसकेका फर्महरूले २०८३ साल आषाढ मसान्तसम्म नवीकरण तथा खारेजीका लागि निवेदन गरेमा दर्ता भएको जति सुकै वर्ष भए तापनि एक पटकका लागि दर्ता गर्दा लाग्ने शुल्कमा थप ५० प्रतिशत राजस्व लिइ नविकरण तथा खारेजी गरिनेछ ।

५४. प्रचलित कानुन बमोजिम नेपाल सरकारका जुनसुकै निकायमा दर्ता भएका उद्योग तथा वाणिज्य क्षेत्रका फर्महरूमध्ये सम्बन्धित विषयगत निकायमा दर्ता भइ सन्धिखर्क नगरपालिकामा व्यवसाय दर्ता नगरेका फर्महरूलाई व्यवसाय गरेको जति सुकै वर्ष भए तापनि विगत ३ वर्षको व्यवसाय कर लिई व्यवसाय दर्ता गर्ने नीति अङ्गीकार गरी करको दायरामा ल्याइनेछ ।

५५. सुपादेउराली मन्दिर दर्शन गर्न आउने पाहुनाहरूलाई खाँची दरबार, सिद्धेश्वर मन्दिर, अर्घा भगवती मन्दिर लगायत नगर भित्रका पर्यटकीय सम्पदाहरूसम्म जानको लागि नीजिक्षेत्रसँग सहकार्य गरी यातायातको व्यवस्था गरिनेछ । सुपादेउरालीको झोलुङ्गे पुलदेखि भैंसेमेलासम्म पदमार्ग निर्माण कार्यलाई निरन्तरता दिइ नरपानी र खाँचीकोट क्षेत्रका अग्ला पहाडहरूलाई हिलस्टेशनको रूपमा विकास गर्दै लगिनेछ ।

५६. नगर भित्रका पर्यटकीय स्थलहरूमा न्यूनतम पर्यटन पूर्वाधार, पहुँचमार्ग, शौचालय, खानेपानी, पार्क तथा विश्राम स्थलको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

५७. नगरक्षेत्र भित्रका ऐतिहासिक, पुरातात्विक, धार्मिक एवम् साँस्कृतिक पर्यटकीय स्थलहरूको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरी संरक्षण र प्रवर्धनात्मक क्रियाकलाप अगाडि बढाइनेछ ।

५८. सुपा देउराली, खाँची दरबार, शिद्देश्वर शिवालय मन्दिर, अर्घा भगवती मन्दिर, गोपेश्वोर पिठ मथुराबेसी क्षेत्रलाई धार्मिक पर्यटन क्षेत्रको रूपमा विकास गर्न एकीकृत योजना बनाइ अगाडि बढाउन सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय गरिनेछ । ओमकार्येश्वोर शिवालय मन्दिर तथा मथुरा वृद्धाश्रम गोपेश्वर पिठ सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ । सुपा देउराली, अर्घा भगवती, खाँचीकोट दरबार, मथुरा धाम र जालकाँडा रक गार्डेन क्षेत्रमा पर्यटकीय सूचना सहितको डिजिटल बोर्ड राख्ने व्यवस्था मिलाइने छ ।

५९. नगरपालिकाको वडा नं. १ मा अवस्थित लदाम बगैंचालाई मनोरञ्जन पार्कको रूपमा विकास गर्दै लगिनेछ । नगर भित्रका खुला क्षेत्र, चौपारी, सडक र पोखरी, उद्यानहरूको सौन्दर्यीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । नगर क्षेत्र भित्रका सार्वजनिक पार्कहरूलाई क्रमशः खुला व्यायामशाला तथा मनोरन्जन पार्कको रूपमा विकास गर्दै लगिने छ ।

६०. महत्वपूर्ण धार्मिक एवम् पर्यटकीय क्षेत्रहरूको एकिकृत रुपमा विकास गरी आन्तरिक एवम् बाह्यय प्रर्यटक आकर्षित गर्न र महत्वपूर्ण पर्यटकीय क्षेत्रहरूलाई जोड्ने गरी पर्यटन सर्किटको रुपमा विकास गर्न संभाब्यता अध्ययनको लागि सङ्घीय एवम् प्रदेश सरकारसँग पहल गरिनेछ ।

६१. होटल व्यवसायमा संलग्न भएका र संलग्न हुन चाहने युवा/युवतीहरूलाई उत्प्रेरित गर्न स्थानीय मौलिक परिकार बनाउने तालिम प्रदान गर्ने नीति लिइनेछ । यसबाट स्थानीयस्तरमा व्यापार व्यवसायमा वृद्धि भइ आय-आर्जनमा टेवा पुग्नेछ ।

६२. नरपानीमा रहेको गङ्गा सरोवर क्षेत्रको प्रथम चरणको निर्माण कार्य सम्पन्न भइसकेको छ । थप सौन्दर्यीकरण गर्दै प्रर्यटन प्रवर्धनको लागि गन्तब्य स्थलको रुपमा विकास गरिनेछ । उक्त स्थानमा पर्यटन प्रवर्धन मार्फत आन्तरिक आय वृद्धि गर्न तथा पर्यटकीय स्थलको रूपमा संरक्षण तथा संवर्धन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ । साथै उक्त स्थानमा रहेको पिकनिक स्थलको समेत निर्माण तथा सौन्दर्यीकरण गरी मनोरन्जनात्मक पर्यटकीय केन्द्रको रूपमा विकास गरिनेछ ।

६३. सुपा देउरालीमा आउने श्रद्दालु भक्तजनहरूलाई वडा नं ६ मा रहेको पोखेडाँडा होमस्टेमा जाने र बस्ने एवम् स्थानीय साँकृतिक विशेषताको जानकारी र स्थानीय अर्गानिक परिकारहरु भोजन गराउने उद्देश्य सहित एक पटक होमस्टे पुग्ने वातावरण श्रृजना गर्ने प्रवर्धनात्मक क्रियाकलाप सञ्चालन गरिनेछ । होमस्टे सञ्चालित क्षेत्रमा पुष्प खेती कार्यक्रम कार्यान्वयन गरिनेछ ।

६४. लुम्बिनी प्रदेश सरकार र नगरपालिकाको सहलगानीमा नगरपालिकाको वडा नं. ११ मा अवस्थित जालकाँडा प्राकृतिक रक गार्डेनको निर्माणको कार्यलाई थप पूर्वाधारयूक्त बनाउन सङ्घ र प्रदेश सरकारसँग समन्वय गरिनेछ । पर्यटकीय स्थलको रूमपा थप विकास र प्रचारप्रसार गरी पर्यटक आकर्षित गरिनेछ ।

६५. नगर क्षेत्रभित्र रहेका प्राकृतिक एवम् धार्मिक सम्पदा लगायत लदाम बगैंचा, शान्ति बगैंचा, मथुरा बगैंचा, बि.पी. स्मृति पार्क, सहिद मनोज झपेन्द्र पार्क हाम्रा सम्पदाहरू हुन् । यि सम्पदाहरूको सौन्दर्यीकरण गर्दै अन्तरिक पर्यटकीय स्थलको रूपमा विकास गरी प्रवर्धनात्मक गतिबिधि सञ्चालन गरी प्रचार प्रसार गरिनेछ ।

६६. शिव पाञ्चायन मन्दिर, शिद्देश्वर गुफा, धारामाथि, गोठकटेरी, जालकाँडा क्षेत्रलाई पैदल मार्गको रूपमा विकास गर्न सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ । विभिन्न स्थानमा पदमार्ग निर्माण गर्ने कार्यलाई प्राथमिकता सहित निरन्तरता दिइने छ ।

६७. अर्घा भगवती मन्दिर तथा ऐतिहासिक अर्घा दरबार क्षेत्रको प्रथम चरणको पुनर्निर्माण तथा सौन्दर्यीकरणको कार्य सम्पन्न भएको छ । आकर्षक धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गर्न अर्घा दरबार क्षेत्रमा परम्परागत धार्मिक तथा साँकृतिक वस्तुहरूको संग्रहालय तथा प्रदर्शनी स्थल स्थापनाका लागि आवश्यक प्रकृया अगाडि बढाइनेछ ।

६८. सन्धिखर्क नगरपालिका वडा नं ७ स्थित सुपादेउराली मन्दिरको उत्तरी किनारी साइटमा रहेका फुल, प्रसाद र फोटो स्टुडियो समेतका टङ्की पसलहरूको साइज एक नास नभएको तथा मापदण्ड बमोजिम नबनेका कारण मन्दिर क्षेत्र कुरुप भएको, साथै उल्लिखित टङ्की देखि माथिल्लो खण्ड भिरालो जमिन रहेको, विगतमा ढुंगा समेत खसी १ जना व्यवसायीको मृत्यु भएको विषय समेतलाई मध्यनजर गरी भविष्यमा पुन: मानवीय दुर्घटना हुन सक्ने देखिएकोले हाल जो जसको जुन स्थानमा टङ्की रहेको छ सोही स्थानमा सम्बन्धित व्यक्तिले आफ्नो लागतमा नगरपालिकाले तोकेको मापदण्ड बमोजिम हुने गरी पुराना टङ्की विस्थापन गरी जोखिमरहित व्यवसायीक टङ्की निर्माण गर्न अनुमति दिइने व्यवस्था अंगिकार गरी सुपादेउराली मन्दिर परिसरको सौन्दर्यता बढाउने र विपद् जोखिम न्यूनीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

६९. विभिन्न सरोकारवाला निकायहरू तथा उद्योग बाणिज्य सङ्घ, चेम्बर अफ कमर्स समेतका सङ्घ संस्थासँगको सहकार्यमा सन्धिखर्क महोत्सव तथा कृषि तथा पर्यटन महोत्सव सञ्चालन गरी आर्थिक गतिविधिलाई चलायमान गराइने छ ।

७०. नगरपालिका र लुम्बिनी प्रदेश सरकारको सह-लगानीमा ऐतिहासिक चौबिसे राज्य अन्तर्गतको खाँचीकोट दरबारको पुनर्निर्माण तथा संरक्षणको कार्य चालु आर्थिक वर्षमा सम्पन्नको चरणमा रहेको छ । अर्घाखाँचीको पहिचानसँग जोडिएको यस दरबारको महत्वलाई उजागर गर्न प्रवर्धनात्मक गतिविधि सञ्चालन गरिनेछ ।

७१. प्रमुख पर्यटकीय क्षेत्रमा पर्ने बस्तीहरू तथा नगरपालिकाका अन्य सम्भावित पर्यटकीय स्थानहरूमा निजी क्षेत्र, स्थानीय टोल विकास समिति, युवा क्लब तथा आमा समुहसँगको सहकार्यमा पर्यटन प्रवर्धनका लागि युवाहरू संलग्न छोटो अवधिको होटल व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्न पहल गरिनेछ ।

७२. नगरपालिका भित्र सञ्चालन हुन सक्ने संभाव्य उद्योगहरूको पहिचान गरी निजी क्षेत्र तथा सहकारी सङ्घ संस्थासँग सहकार्य गर्दै स्थानीय कच्चा पदार्थ प्रयोग गरी उद्योग सञ्चालन गर्ने उद्यमीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

७३. नगरपालिका भित्र दर्ता हुने ब्यवसायिक फर्महरूको दर्ता, नवीकरण, पुँजीवृद्धी, ठाउँसारी, खारेजी तथा नामसारीको प्रकृयालाई प्रविधिमैत्री बनाउने कार्यलाई प्राथमिकता दिइने छ ।

७४. **"गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)** लाई उद्यमशीलता मार्फत स्थानीय गरीबी न्यूनीकरण गर्ने दिशामा केन्द्रित गरिनेछ । वडा तथा बस्तीहरूमा लक्षित वर्ग केन्द्रित मागमा आधारित सिप विकास तालिम सञ्चालनको लागि प्राथमिकता दिइने छ ।

७५. लघु, घरेलु तथा साना उद्योगको विकासमा जोड दिने नीति लिइने छ । लघु उद्यम सञ्चालन गर्दा स्थानीय स्रोत, साधन तथा सिप र स्थानीय कच्चा पदार्थ जस्तै बाँस, बाबियो, केतुकी, सिस्नो प्रयोग हुने उद्योगलाई प्राथमिकता दिइनेछ । स्थानीय स्तरमा पाइने जडीबुटी र वनस्पतिहरूको पहिचान, खोज, प्रवर्धन गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

७६. नगरपालिकाको पहिचानको रुपमा रहेको कुमाल समुदायको जिविकोपार्जनको प्रमुख आधारको रूपमा रहेको माटाका भाँडा/सेरामिक्स बनाउने पेसाको संरक्षण र संवर्धन गरी नयाँ पुस्तालाई समेत उक्त पेसाप्रति आकर्षित गर्न तथा नयाँ प्रविधिको प्रयोग मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै रोजगारी सिर्जना गर्न सेरामिक्स उद्योगको स्थापना, विकास र संरक्षण गर्न घरेलु तथा साना उद्योग कार्यालय, अर्घाखाँचीसँगको समन्वयमा आवश्यक व्यवस्था मिलाइने छ ।

**सामाजिक विकास:**

७७. शिक्षाको जगको रूपमा रहेको आधारभूत तहलाई बालमैत्री एवम् गुणस्तरीय बनाउँदै आधारभूत तहको व्यवस्थापन तथा गुणस्तर सुधारमा प्राथमिता दिइने छ ।

७८. **"मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम"** मार्फत गुणस्तरीय तथा बालमैत्री आधारभूत शिक्षा र डिजिटल सिकाइ कार्यक्रम सम्पन्नको चरणमा रहेको छ । विद्यार्थी सङ्ख्या, औषत सिकाइ उपलब्धि प्रतिशत, विद्यालयका भौतिक संरचना जस्ता निश्चित मापदण्डहरू निर्धारण गरी सोही आधारमा प्रत्येक वडाबाट कम्तीमा एक विद्यालय सहित कुल १५ वटा विद्यालय छनोट गरी कार्यक्रम कार्यान्वयन गरिएको छ त्यसबाट कार्यक्रमको उद्देश्य अनुरुप उपलब्धि हासिल भएको महसुस भएको छ । आगामी वर्ष सामुदायिक विद्यालयमा अभिभावकको आकर्षण बढ्नुका साथै सामुदायिक विद्यालयमा कक्षा १-३ को शैक्षिक गुणस्तर वृद्धि हुने अपेक्षा लिइएको छ ।

७९. सामुदायिक विद्यालयमा सबैको अपनत्व विकास गर्न राज्यकोषबाट तलब भत्ता खाने

शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिका सन्ततीहरूलाई सामुदायिक विद्यालयमा भर्ना गर्न प्रोत्साहन गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।

८०. विद्यार्थी संख्या अधिकतम भएका माध्यमिक विद्यालयहरूमा विद्यार्थीहरूको सुरक्षा र उचित स्वास्थ्य परामर्शका लागि नगरपालिका अन्तर्गतका चार माध्यमिक विद्यालयमा विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन गरिनेछ । यसबाट विद्यार्थीहरू विद्यालयमा आकस्मिक रुपमा बिरामी परेको खण्डमा तत्काल प्राथमिक उपचारको सेवा प्राप्त भइ जोखिम न्यूनिकरण हुनेछ ।

८१. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न व्यवहारिक, वैज्ञानिक र वस्तुनिष्ठ ढङ्गबाट तयार गरिएको पञ्चवर्षीय नगर शिक्षा योजना अनुरुपका कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गरिनेछ ।

८२. विद्यालय शिक्षालाई गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउँदै विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा **"ल्याउने र सिकाउने र टिकाउने"** कार्यक्रमलाई प्रभावकारी बनाइने छ । अति विपन्न अभिभावकहरूका लागि अभिभावक शिक्षा र सचेतना कार्यक्रम विद्यालय स्तरमै सञ्चालन गरिनेछ ।

८३. विद्यालय तहको शिक्षालाई प्रविधिमैत्री बनाउन आवश्यक योजनाहरू तर्जुमा गरिनेछ । **ICT** को पहुँच नभएका विद्यालयहरूका लागि ल्यापटप/प्रोजेक्टरको व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

८४. हाल कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रम **"हाम्रो सन्धिखर्क"** को शिक्षण सहजताका लागि आवश्यक पाठ्यपुस्तक विकास र मुद्रण गरी पठनपाठनलाई निरन्तरता दिइने छ ।

८५. विज्ञान विषयमा विद्यार्थीहरूको आकर्षण बढाउन जनज्योति माध्यमिक विद्यालयमा विज्ञान शिक्षा प्रवर्धन कार्यक्रम मार्फत आवश्यक शैक्षिक तथा भौतिक सुधार गर्ने नीति लिइएको छ ।

८६. स्नातक तहमा भर्ना भएर तह छाड्ने दर घटाउन पाणिनि बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्ययनरत विपन्न तथा जेहेन्दार विद्यार्थीहरूका लागि नगर प्रमुख छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८७. "जहाँ विद्यार्थी, त्यहाँ शिक्षक" भन्ने मान्यतालाई आत्मसात् गरी भुगोल, जनसाङ्ख्यिक परिवर्तन र विद्यार्थी सङ्ख्या समेतलाई आधार मानी निश्चित मापदण्डका आधारमा

विद्यालय नक्साङ्कन गरी दरबन्दी मिलान तथा विद्यालय समायोजनको नीति अवलम्बन गरिनेछ । साथै हालको न्यून जन्मदर बसाइँसराइ समेतका कारण विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून हुँदै गएकोले आगामी आर्थिक वर्ष २०८२/८३ मा कक्षा थप र नयाँ विद्यालय खोल्न अनुमति दिने कार्यलाई निरूत्साहित गरिनेछ ।

८८. सामुदायिक विद्यालयका प्रधानाध्यापहरूलाई सङ्घीय अनुदानबाट प्राप्त हुने भत्तामा नगरपालिकाको तर्फबाट शतप्रतिशत थप गरी प्रधानाध्याकहरूलाई प्रोत्साहन गरिनेछ । यसबाट प्राधानाध्यापकहरूमा विद्यालय शिक्षा गुणस्तर सुधारमा थप उत्प्रेरणा मिल्ने देखिन्छ ।

८९. शिक्षा शाखा र रोष्टर शिक्षकहरू मार्फत कक्षा शिक्षणमा आधारित अनुगमन प्रणालीको विकास गरी नमूना शिक्षण, शिक्षण अवलोकन, शैक्षिक क्रियाकलापहरूको अनुगमन तथा मूल्याङ्कन कार्यलाई नियमित एवम् व्यवस्थित गर्न प्राथमिकता दिइने छ ।

९०. सामुदायिक विद्यालयमा सञ्चालन गरिने परीक्षाको त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रश्नपत्र निर्माण, मोडरेसन, छपाइ कार्यका लागि नगरपालिकाको तर्फबाट आवश्यक बजेट विनियोजन गरिनेछ । शिक्षक छनोटलाई प्रभावकारी बनाउन विज्ञद्वारा प्रश्नपत्र बैङ्क तयार गर्ने कार्यलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ ।

९१. विद्यार्थीहरूको वास्तविक गुनासो सुनी गुनासो समाधान गर्ने कार्यका लागि "विद्यार्थीसँग नगर प्रमुख" कार्यक्रमलाई निरन्तरता दिइ उत्कृष्ट विद्यार्थी तथा शिक्षक सम्मान गरिनेछ । यसबाट विद्यार्थीहरूका गुनासो तथा जिज्ञासा समाधान भइ स्थानीय सरकारप्रतिको अपनत्व अभिवृद्धि हुने देखिन्छ ।

९२. आधारभूत तह र माध्यमिक तहका विषयगत शिक्षकहरूको क्षमता विकासका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ । यसले शिक्षकहरूमा पेसागत निखारता ल्याइ शिक्षण सिकाइ प्रवर्धन हुने देखिन्छ ।

९३. विद्यालय व्यवस्थापन चुस्त/दुरुस्त बनाउनका लागि प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई विद्यालयको प्रशासनिक कार्य तथा व्यवस्थापन साथै उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय व्यवस्थापन समिति, उत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थी, औषत सिकाइ उपलब्धिस्तर उत्कृष्ट भएका शिक्षक र विद्यालयलाई पुरस्कृत

गरिनेछ । यसले सामुदायिक विद्यालहरू बिच गुणस्तरमा प्रतिस्पर्धा भइ शिक्षण सिकाइमा सुधार ल्याउन मद्दत मिल्नेछ ।

९४. प्रधानाध्यापक बैठक चौमासिक रूपमा बस्ने व्यवस्था मिलाइनेछ । विद्यालयका शैक्षिक गतिविधिहरूको समिक्षा र उत्कृष्ट विद्यालयहरूको असल अभ्यास आदान-प्रदान गर्ने कार्यको थालनी गरिनेछ । यसका लागि नमूना विद्यालयहरूमा प्राधानाध्यापकहरूका लागि अध्ययन तथा अवलोकन भ्रमणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

९५. विद्यालय शिक्षा प्रारम्भको खुड्किलो रूपमा रहेको बालविकास केन्द्रका सहजकर्ताहरूका लागि मागमा आधारित बालमैत्री तथा मन्टेश्वरी तालिम सञ्चालनका साथै कक्षा १-३ को एकिकृत पाठ्यक्रम मूल्याङ्कन फाराम विकास गरी छपाइ गरिनेछ ।

९६. सामुदायिक सिकाइ केन्द्रहरूलाई गतिशील बनाइ साक्षर प्रौढ महिलाहरूका लागि मागमा आधारित सिपमूलक तालिम सञ्चालन गरी व्यवसायिक बन्न प्रेरित गरिनेछ । विद्यालय उमेर समूहका विद्यालय बाहिरका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गरी विद्यालय भर्ना गराउन आवश्यक पहल गरिनेछ ।

९७. विद्यार्थीहरूको प्रतिभाको पहिचान साथै अन्तरनिहित प्रतिभा प्रष्फुटन गरी सर्वाङ्गीण विकासमा टेवा पुर्‍याउन वादविवाद, निबन्ध, हाजिरीजवाफ, हिज्जे, वक्तृत्वकला, कविता लगायतका प्रतियोगिताहरू सञ्चालन गरिनेछ ।

९८. शिक्षकहरूको पेसागत विकासमा सहयोग पुर्‍याउन विषयगत शिक्षक पेसागत सञ्जाल गठन गरिनेछ । शिक्षण पेसामा संलग्न नवप्रवेशी शिक्षकहरूलाई पेसागत सहयोगका लागि शिक्षक मेन्टरिङ् कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९९. नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण कार्यलाई निरन्तरता दिइनेछ । साथै सबै माध्यमिक र आधारभूत (कक्षा १- ८) तहका विद्यालयहरूमा डिष्पोजल मेसिन जडान गरिनेछ ।

१००. नगरक्षेत्र भित्र सञ्चालित ट्युसन तथा कोचिङ सेन्टर, भाषा परामर्श केन्द्र, तालिम तथा प्रशिक्षण केन्द्रहरूलाई अनिवार्य रूपमा नगरपालिकामा दर्ता तथा नवीकरण गरेपश्चात मात्र सञ्चालन गर्न अनुमति दिने व्यवस्था मिलाइनेछ ।

१०१. बालबालिकाहरूलाई प्रकृतिसँग सामिप्यता कायम गर्दै जीवनोपयोगी सिप सिक्ने अवसर प्रदान गर्न प्रकृति सिकाइ कार्यक्रम सञ्चालन गरी विद्यालयको खुला क्षेत्रको उपयोग साथै बाल उद्यान निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

१०२. स्थानीय स्तरमा उपलब्ध खाद्यान्नको प्रयोग गरी पोषण युक्त दिवाखाजा प्रदान गर्ने विद्यालयका सरोकारवालालाई दिवाखाजा व्यवस्थापन तालिम सञ्चालन गरिनेछ । यसबाट स्थानीय स्रोतको खपत हुने र विद्यार्थीले पोषणयुक्त खाजा प्राप्त गर्ने विश्वास लिइएको छ ।

१०३. स्वच्छ एवम् मनोरम वातावरण कायम गर्दै विद्यार्थीहरूलाई सिकाइ प्रदान गर्न "एक विद्यालय एक पुष्प बगैंचा" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०४. संस्थागत विद्यालयले लिने शुल्क वर्तमान परिस्थिति अनुकुल हुने गरी निर्धारण गरिनेछ । साथै त्यस्ता विद्यालयहरूले उपलब्ध गराउनुपर्ने छात्रवृत्ति सन्धिखर्क नगरपालिकाको शिक्षा ऐन, अनुसार उपलब्ध गराउन प्रेरित गरिनेछ ।

१०५. सङ्घीय सरकारको ससर्त अनुदानबाट सन्धिखर्क नगरपालिकाको एकमात्र धार्मिक विद्यालय पाणिनि वेद विद्याश्रमको आवास व्यवस्थापनका लागि आवासीय भवन निर्माणको काम चालु आर्थिक वर्षमा ठेक्का बन्दोबस्त भइ निर्माणको प्रक्रिया अगाडि बढेकोछ । आवास व्यवस्थापनले विद्यार्थीहरूको सिकाइ उपलब्धीमा समेत सुधार ल्याउने अपेक्षा लिइएको छ ।

१०६. नगरस्तरमा गठन भएका युवा क्लवहरूलाई समृद्ध नगर स्थापित गर्न विभिन्न सामाजिक क्रियाकलापहरूमा क्रियाशिल बनाइनेछ । साथै युवाहरूको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाह र उत्पादनमूलक क्षेत्रमा कार्य गर्न प्रोत्साहन गरिनेछ । युवा क्लब गठन, क्षमता विकास तथा नमूना युवा संसद अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ ।

१०७. विद्यार्थीहरूमा रहेको खेल प्रतिभालाई पहिचान गर्न अन्तर माध्यमिक विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनलाई निरन्तरता दिइने छ । जिल्लास्तरीय प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीलाई सम्मान गरिनेछ ।

१०८. माध्यमिक विद्यालयहरूमा खेलमैदान निर्माण र खेल प्रवर्धनका लागि आवश्यक सहजीकरण गरिनेछ ।

१०९. योग र ध्यानको माध्यमबाट सन्धिखर्क नगरपालिका अन्तर्गतका माध्यमिक तहका सामुदायिक विद्यालय र आवश्यकता अनुसार समुदायस्तरमा समेत मानसिक स्वास्थ्य

र मनोसामाजिक परामर्श सम्बन्धी कक्षा र अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय पाठ्यक्रममा सकारात्मक सोंच, योग, ध्यान, मानव मूल्य तथा खुशी अभिवृद्धि गर्ने विषय समावेश गरिनेछ ।

११०. **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने भनाइलाई सार्थकता दिन वडागत रूपमा फरक फरक खेलको सम्भाव्यता अध्ययन गरी वडास्तरीय खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिनेछ । खेलकुदको माध्यमबाट स्वस्थ, अनुशासित, सिर्जनशिल, सक्षम र कर्तव्यनिष्ठ जनशक्ति तयार हुने अपेक्षा लिइएको छ ।

१११. युवाहरूको रोजाइमा पर्न सफल भलिबल, क्रिकेट, व्याडमिन्टन लगायतका खेलसँग सम्बन्धित नगरस्तरीय प्रतियोगितालाई निरन्तरता दिइनेछ । राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई सम्मान गरिनेछ । नगरपालिकाको केन्द्रमा रहेको टुंडीखेललाई थप स्तरोन्नति गर्दै लगिनेछ । साथै उपयूक्त स्थानको खोजी गरी जिल्ला स्तर एवम् प्रदेश स्तरिय खेलकुद आयोजना गर्न सक्ने खेल मैदान निर्माणको लागि सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय गरी **"Sports Tourism"** को माध्यमबाट खेलकुदको विकास गर्न पहल गरिनेछ ।

११२. नगरभित्रका समग्र युवाहरूको एकीकृत तथ्याङ्क सङ्कलन गरी सम्बन्धित युवा परिषद्मा आबद्ध गर्दै उनिहरूको प्रतिभा पहिचान तथा क्षमता अभिवृद्धि गर्न प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।

११३. सन्धिखर्क नगरपालिकासँग सम्बन्धित विषयवस्तुको अध्ययन, खोज एवम् अनुसन्धान गर्न स्नातकोत्तर तहमा अध्ययनरत दुई जना विद्यार्थीलाई **"मेयर रिर्सच फेलोसिप"** कार्यक्रममार्फत सोधवृत्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइनेछ ।

११४. प्रतिभा पहिचान सहित युवा जनशक्तिलाई नगरको आर्थिक तथा समाजिक विकासमा परिचालन गरिनेछ। युवाको क्षमता अभिवृद्धि गरी स्वरोजगार उन्मुख बनाउने नीति अख्तियार गरिनेछ ।

११५. सुलभ कर्जा कार्यक्रम अन्तर्गत नव उद्यमलाई प्रवर्धन गर्न युवाहरूलाई बिना धितो प्रस्तावना मूल्याङ्कनका आधारमा पाँच लाख सम्म कर्जा प्रदान गर्न नगरपालिकाबाट आवश्यक सहजीकरण गरिनेछ।

११६. **"कर्मठ युवा, विकासमा टेवा "** अभियान सञ्चालन गरी नगरपालिका अन्तर्गत सञ्चालन हुने

विकास निर्माणका आयोजनाहरूमा रोजगार उपभोक्ता समिति मार्फत बेरोजगार युवालाई परिचालन गरी निर्माण सम्पन्न गर्ने व्यवस्था मिलाउनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र सहरी शासकीय तथा पूर्वाधार कार्यक्रम लगायत अन्य कार्यक्रमहरूमा आवद्द गराइने छ ।

११७. सन्धिखर्क नगरपालिकाको व्यावसायिक सिप विकास, रोजगारी प्रवर्धन र उत्पादनशील रोजगारी, उद्यमशीलता प्रवर्धन र रोजगारीका लागि सन्धिखर्क रोजगार रणनीति तर्जुमा गरिएको छ । यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइने छ ।

११८. सहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत युवा केन्द्रित हाटबजार सुधार, सार्वजनिक शौचालय, बसपार्क सुधार, पार्क निर्माण, सडक संरचना निर्माण, ढल व्यवस्थापन, ढल निर्माण, सार्वजनिक पर्खाल निर्माण तथा फोहरमैला व्यवस्थापन कार्य मार्फत लक्षित वर्गलाई श्रम केन्द्रित रोजगारी प्रदान गरिनेछ।

११९. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन आवश्यक सूचना, सिपयूक्त तालिम एवम् न्यायमा पहुँचको सुनिश्चितता गरी प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गर्न सुरक्षित आप्रवासन कार्यक्रम (सामी) लाई प्रभावकारी बनाइने छ ।

१२०. **"सकेसम्म स्वदेशमै रोजगारी गर, विदेशमा जानु नै परे सिप सिकेर जाउ"** भन्ने भनाइलाई साकार पार्ने दिशामा नगरपालिकाको जोड रहने छ । वैदेशिक रोजगारमा जान चाहने युवाहरूको लागि सरल र सहज ढङ्गबाट श्रम स्वीकृति प्रदान गरिने कार्यलाई रोजगार सेवा केन्द्र मार्फत सहजीकरण गरिनेछ ।

१२१. वैदेशिक रोजगारीमा जाने श्रमिक र निजको परिवारको लागि वित्तीय साक्षरताका कार्यक्रमहरू सञ्चालन गर्न प्रदेश सरकारसँग पहल भइसकेको छ । सुरक्षित आप्रवासन कार्यक्रम (सामी) बाट सञ्चालित कार्यक्रमहरूलाई निरन्तरता दिँदै वैदेशिक रोजगारीबाट फर्केको जनशक्तिलाई सामाजिक पुनःएकीकरण गरी उनीहरूको ज्ञान, सिप, अनुभव र उद्यमशीलताको पूर्ण उपयोग गर्ने नीति लिइने छ ।

१२२. अर्घाखाँची अस्पतालमा थप एक जना विशेषज्ञ डाक्टरको व्यवस्थापन गर्न नगरपालिकाको तर्फबाट गरिदै आएको व्यवस्थालाई निरन्तरता दिइनेछ । यसबाट बिरामीले जिल्लामै विशेषज्ञ उपचार सेवा प्राप्त गर्ने वातावरण निर्माण भइ उपचारको लागि जिल्ला बाहिर जानुपर्ने अवस्थामा सुधार हुनेछ ।

१२३. नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई चुस्त र व्यवस्थित बनाउन आवश्यक पर्ने पूर्वाधार, जनशक्ति र स्वास्थ्य सामग्री व्यवस्थापन गरी गुणस्तरीय सेवा उपलब्ध गराइने छ । साथै स्वास्थ्यकर्मीहरूलाई क्षमता विकास सहित प्रोत्साहनका कार्यक्रमको लागि सङ्घ एवम् प्रदेशसँग समन्वय गरिनेछ ।

१२४. संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी हकको सुनिश्चित गर्न सबै स्वास्थ्य संस्थाहरूबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराईनेछ । स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरूप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक सेवालाई विकास एवम् विस्तार गरिनेछ ।

१२५. सन्धिखर्क नगरपालिकामा मातृशिशु मृत्युदर न्यूनीकरण गर्न तथा मातृशिशु स्वास्थ्यलाई प्रवर्धन गर्न पूर्ण संस्थागत प्रसूति सेवाको विस्तार गरी नगरलाई पूर्ण संस्थागत प्रसूति सेवायुक्त वडा र नगरपालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिई यसको सुनिश्चितता र दिगोपनाको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

१२६. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण मैत्री स्थानीय शासन प्रवर्धन गर्न र कुपोषणलाई न्यूनीकरण गर्नका लागि पोषण विशेष कार्यक्रमका अभियान सञ्चालनमा ल्याईनेछ । जीवनपथको अवधारणा अनुरूप सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरकिशोरी तथा प्रजनन् स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिकहरू र फरक क्षमता भएका व्यक्तिहरूका लागि सेवाको विकास तथा विस्तार गरिनेछ । साथै वडाबाट सञ्चालन गरिदै आएको पोषण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१२७. महामारीजन्य रोगहरूको नियन्त्रण तथा रोकथामका लागि कार्यक्रम सञ्चालन गरिनेछ । सरकारले तोकेका मुख्य जटिल रोगहरूको उपचारमा सहयोग पुर्‍याउने उद्देश्यले हाल उपलब्ध गराउँदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइनेछ ।

१२८. नगरक्षेत्र भित्र पूर्ण खोप सुनिश्चितता र दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसका लागि मापदण्ड बमोजिम आवश्यक स्वास्थ्यकर्मी परिचालन गरी अनुगमन संयन्त्र समेत बनाइ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । साथै स्वास्थ्य संस्था अनुदानलाई निरन्तरता दिईनेछ ।

१२९. सबै स्वास्थ्य संस्थाबाट निशुःल्क रूपमा पिसाबबाट गर्भजाँच गर्ने तथा गर्भवती र सुत्केरी महिलाहरूलाई निःशुल्क रूपमा क्याल्सियम चक्की वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३०. **“सुरक्षित मातृत्व अभियान”** आकस्मिक प्रसुति प्रेषणका लागि प्रसुति केन्द्र (Birthing Centre) भएका स्वास्थ्य संस्थाबाट अर्घाखाँची अस्पतालसम्म आउन जान यातायात खर्चको व्यवस्थालाई निरन्तरता दिइनेछ । सुत्केरी महिलाहरूलाई **PNC Home visit** गर्ने कार्यलाई निरन्तरता दिइनेछ । बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ्ग कर्मचारीहरूलाई रात्रीकालिन सेवा प्रदान गरे बापत खाजा खानाको लागि र स्वास्थ्यसँग सम्बन्धित विभिन्न दिवशको लागि रकमको व्यवस्था गरिनेछ ।

१३१. विद्यालयहरूमा किशोरी आईरन तथा वर्षमा दुईपटक विद्यार्थीहरूलाई जुकाको औषधी वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३२. नगरभित्रका स्वास्थ्य संस्थाहरूमा **EHMIS** लाई सबलिकरण र व्यबस्थित गर्नका लागि आवश्यक सामग्रीहरू जस्तै **Laptop computer, printer, backup** र ट्याबलेटको व्यवस्थापन गरी सेवालाई चुस्तदुरुस्त गराइनेछ ।

१३३. एच.आई.भी संक्रमित बालबालिकाहरूको स्वास्थ्य परिक्षण र पोषणका लागि दिदै आइएको अनुदानलाई निरन्तरता दिईनेछ ।

१३४. सबै वडामा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरूको निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । नगरपालिका भित्रका विपन्न एकल महिलाहरूलाई आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुने अवस्थाको अन्त्यका लागि नगरपालिकाको ७५ प्रतिशत लागत साझेदारीमा विपन्न एकल महिला स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१३५. स्वास्थ्यकर्मीहरू जसले नियमित खोप तथा गाँउघर क्लिनिक सञ्चालन गरे बापत टोल बस्तिमा जानेआउने यातायात खर्च दिने कार्यलाई निरन्तरता दिदै स्वास्थ्यकर्मी तथा महिला स्वयम् सेविकाको क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ ।

१३६. मुख तथा दन्त स्वास्थ्य शिविर लगायत विभिन्न स्वास्थ्य शिविर सञ्चालन गरी प्रशव फिस्टुला, पाठेघर तथा स्तन क्यान्सर रोगको जाँच गरिनेछ । साथै नागरिक आरोग्यता प्रवर्धन गर्ने उपयुक्त आहार, विहार, ध्यान, योग, प्राणायाम आदिबारे सचेतना जगाउन बृहत् योग तथा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१३७. नेपाल सरकारद्वारा निःशुल्क रूपमा उपलब्ध गराईएका औषधीहरूको उपलब्धतालाई

सुनिश्चित गर्दै आर्थिक अवस्था कमजोर रहेका मधुमेह र उच्च रक्तचापका बिरामीहरूले प्रयोग गर्ने औषधी निःशुल्क रूपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३८. नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा स्वासप्रस्वाससँग सम्बन्धित बिरामीहरूलाई लक्षित गरी तत्काल राहत उपलब्ध गराउने उद्देश्यले अक्सिजन कन्सन्ट्रेटर मेसिनको प्रभावकारी व्यवस्थापन गरिनेछ ।

१३९. रूपन्देही जिल्लाभित्र सञ्चालनमा रहेका सरकारी, निजी तथा सामुदायिक अस्पतालहरूमा उपचार गराउने सन्धिखर्क नगरपालिका भित्रका स्थायी बासिन्दा/ कर्मचारीहरूलाई आवश्यक रगत र रगतजन्य पदार्थ निःशुल्क उपलब्ध गराउन नेपाल रेडक्रस सोसाईटी, रक्त सञ्चार सेवा केन्द्र, रूपन्देहीसँग गरिएको सम्झौता अनुसार सुरु गरिएको कार्यक्रमलाई अर्घाखाँची अस्पतालमा समेत विस्तार गरी आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ ।

१४०. गोरुसिङ्गे शर्पदंस उपचार केन्द्रलाई दिदैं आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

१४१. लक्षित महिलाहरूको सशक्तिकरणका लागि **"नगर उपप्रमुख महिला सशक्तीकरण कार्यक्रम"** मार्फत दुर्गम र अति विपन्न क्षेत्रका लक्षित महिलाहरूको क्षमता विकासका साथै सिपमूलक तालिम सञ्चालन गरिनेछ ।

१४२. नगरभित्र रहेका बुबा आमा गुमाएका १८ वर्ष मुनिका टुहुरा बालबालिकाहरूको शिक्षादीक्षा र पालन पोषणमा टेवा पुग्ने गरी **उपप्रमुख असहाय बालबालिका** छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

१४३. **"ज्येष्ठ नागरिक समाजका अमूल्य निधि"** भन्ने मान्यतालाई आत्मसात गर्दै जेष्ठ नागरिकको आत्मसम्मान अभिवृद्धि र ज्ञान, सिप तथा अनुभवको पुस्तान्तरण गर्ने वडास्तरिय जेष्ठ नागरिक समन्वय समिति र नगरस्तरिय जेष्ठ नागरिक मन्चका पदाधिकारीहरूलाई जेष्ठ नागरिकहरूका कानुनी हक अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४४. बालबालिका माथि हुने दुर्व्यवहारर, हिंसा, शोषण र भेदभाव एवम् बालश्रमको अन्त्य गर्दै **"बालमैत्री नगर"** निर्माण गरिनेछ । बाल विवाह तथा बालश्रमको अन्त्य, सडक तथा बेवारिसे बालबालिकाको पुनःस्थापना गरी बालमैत्री स्थानीय शासनको सुनिश्चितता गर्न आवश्यक रणनीति अवलम्बन गरिनेछ ।

१४५. नगरपालिका अन्तर्गत गठित बाल क्लव, बाल सञ्जाल र बाल संरक्षण समितिहरूलाई क्रियाशील बनाइनेछ । साथै उत्कृष्ट कार्यसम्पादन गर्ने संस्थालाई पुरस्कृत गरिनेछ ।

१४६. नगरभित्रका सबै मौलिक भाषा, भेषभुषा, धर्म, संस्कार, संस्कृति, कला, साहित्य, सङ्गीत लगायतका सम्पदाहरू संरक्षण, प्रवर्धन र पुस्तान्तरण गर्न प्राथमिकता दिइनेछ ।

१४७. टोल विकास संस्थाहरूलाई परिचनलन गरी कुरीति/कुसंस्कारको अन्त्य गर्दै महिलाको सामाजिक, आर्थिक अवस्था सुधार गर्न उद्यमशिलताको विकास, शिक्षामा सहज पहुँच, रोजगारीको सुनिश्चितता गरी मर्यादित जीवनयापन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४८. लैङ्गिक हिंसा पीडित तथा प्रभावीत व्यक्तिका लागि मनोसामाजिक परामर्श तथा पुनःस्थापनाका लागि स्थापित **Safe House** र अपाङ्गता भएका व्यक्तिको सामुदायिक पुनर्स्थापना कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

१४९. रोजगारीमा सहज पहुँचको विकास गरी युवाहरूलाई राष्ट्र सेवामा आकर्षित गर्दै आत्मनिर्भर बनाउन शिक्षक सेवा आयोग र लोक सेवा आयोगका तयारी कक्षाहरू सञ्चालन गरिनेछ ।

१५०. ज्येष्ठ नागरिकहरूको जीवन स्वस्थ, सम्मानित, सुरक्षित र व्यवस्थित बनाउन घरमै गइ ज्येष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । ज्येष्ठ नागरिकलाई सार्वजनिक सेवा प्रवाहमा प्राथमिकता दिनुका साथै सहुलियत प्रदान गरिनेछ ।

१५१. नगरपालिका क्षेत्रमा छोरीमा गरिने लगानी बढाउन तथा छोरीलाई पनि छोरा सरह शिक्षा क्षेत्रमा पहुँच अभिवृद्धि गर्न हाल कार्यान्वयनमा रहेको **"नगर प्रमुख खुत्रुके बचत योजना"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५२. नगरक्षेत्र भित्र रहेका अपाङ्ग, दलित, मुस्लिम, अल्पसङ्ख्यक, विपन्न, पिछडिएको वर्ग तथा समूहको उत्थान एवम् सशक्तीकरणका लागि आवश्यक पर्ने सिप तथा क्षमता विकास गरी त्यस्ता वर्ग तथा समुदायको परम्परागत पेसा तथा व्यवसायहरूको विशेष संरक्षण र संवर्धन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ । विभिन्न दिवसहरूको माध्यमबाट सबै पक्षहरूको महत्वलाई उजागर गर्ने व्यवस्था मिलाइनेछ ।

१५३. अपाङ्ग तथा ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यलाई निरन्तरता दिई अतिअशक्तको लागि सम्बन्धित वडामा नै स्थलगत रूपमा वितरणको व्यवस्था गरिनेछ । अपाङ्गता भएका

व्यक्तिलाई सम्मानपूर्ण जीवनको प्रत्याभूति गराउन सार्वजनिक सेवा प्रवाहलाई अपाङ्गमैत्री बनाउन आवश्यक पहल गरिनेछ ।

१५४. विद्यमान पूर्वाधारहरूलाई लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री बनाइनेछ । आगामी दिनमा पूर्वाधार निर्माण गर्दा उल्लिखित प्रावधानहरूलाई अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ ।

१५५. नगरपालिकामा रहेका फरक क्षमता भएका बालवालिकाहरूको सर्वपक्षीय विकासका लागि निर्मल नवज्योती सुस्त मनस्थिति विद्यालयलाई थप स्रोत साधनको व्यवस्थापनको लागि नगरपालिकाको आफनो स्रोतका साथै अन्य स्थानीय तह एवम् संघ/संस्थाहरूसँग सहकार्य गरिनेछ ।

१५६. नगर क्षेत्रभित्रका टोल विकास संस्था, बाल क्लब, युवा क्लब र आमा समूहहरूलाई स्थानीय स्तरका समस्या समाधान, सामाजिक सहिष्णुता प्रवर्धन, मौलिक कलाको संरक्षण, सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थापन गर्ने तर्फ अग्रसर बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१५७. नगर क्षेत्र भित्रका सडक तथा बेवारिसे बालबालिकाहरू र दुर्व्यसनीमा फसेका बालबालिकाहरूको पहिचान गरी उनीहरूको पुनर्स्थापना सम्बन्धी कार्य गरिनेछ । यसको लागि मानव सेवा आश्रमसँग आवश्यक समन्वय गरिनेछ । स्थानीय प्रशासनसँगको सहकार्यमा लागु पदार्थ दुर्व्यसन तथा आत्महत्या न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१५८. आदिवासी, जनजाती, वर्गहरूको क्षमता अभिवृद्धि गर्न उनीहरूको भाषा, धर्म, लिपि, कला, पेसा एवम् संस्कृति संरक्षण र संवर्धन गर्न सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१५९. नगरपालिकाको अग्रसरतामा सन्धिखर्क नगरपालिका-१, शान्ति बगैंचामा स्थापित फुड एण्ड क्लोथ बैङ्कबाट जिल्ला भित्रका विपन्न, असहाय, सहाराविहिन तथा विपद् प्रभावीत नागरिकहरूलाई लत्ताकपडा उपलब्ध गराउने कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१६०. मानवअधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्य योजनाको कार्यन्वयन सम्बन्धमा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । यसबाट मानवका मौलिक हक अधिकारहरूको संरक्षणमा टेवा पुग्नेछ ।

१६१. नगरपालिकाको ७५ प्रतिशत लागत साझेदारीमा विपन्न एकल महिला स्वास्थ्य बिमा कार्यक्रम, गन्धर्व/बादी समुदायको लागि स्वास्थ्य बिमा कार्यक्रम र एकल महिला क्षमता

अभिवृद्धि तालिम सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ साथै विपन्न वर्गलाई मोवाइल रिपेरिङ तालिमको व्यवस्था मिलाइनेछ ।

१६२. स्थानीय कच्चा पदार्थमा आधारित कार्यक्रमलाई बढावा दिन र जनतालाई उद्यमी बनाइ आय आर्जन गर्ने व्यवस्था मिलाउन बाँसजन्य सामग्री उत्पादन र मोटर बाइन्डीङ तालिम सञ्चालन गरिनेछ ।

**पूर्वाधार विकास:**

१६३. **Green City/Smart City** को अवधारणा अनुरुप सन्धिखर्क नगरक्षेत्रका मुख्य सडकहरूको स्तरोन्नति गर्दै अस्फाल्ट प्रविधिको प्रयोग मार्फत कालोपत्रे गर्ने कार्यलाई उपलब्ध स्रोत साधनको आधारमा प्राथमिकता दिइनेछ । यसबाट नगरको प्रथम आवधिक योजनाले परिकल्पना गरेको **"सन्धिखर्कको रहर, स्मार्ट शहर"** को अवधारणा बमोजिम सहरी सौन्दर्यतामा अभिवृद्धि भइ सवारी आवागमन थप सहज हुनेछ ।

१६४. पूर्वाधार निर्माणमा जलवायु अनुकुलन र जलवायु उत्थानशील एवम् विपद् व्यवस्थापनमा विशेष ध्यान दिइने छ । पूर्वाधार निर्माण गर्दा त्यसले वातावरणमा पर्न सक्ने असर र प्रभावलाई न्यूनिकरण गर्न प्रचलित वातावरण सम्बन्धी कानुन बमोजिम अध्ययनको आधारमा मात्र गरिनेछ । वातावरण र विकासको अन्योन्याश्रित सम्बन्ध भएका कारण कानुन सम्मत विकास नगरपालिकाको प्राथमिकताको विषय भएको बेहोरा स्मरण गर्न चाहन्छु ।

१६५. सङ्घीय समपूरक अनुदान र नगरपालिकाको लागत साझेदारीमा निर्माणाधीन वडा नं. ५, ६, ७, ८ र १२ को प्रशासकीय भवन निर्माणको कार्य आगामी आर्थिक वर्ष को कार्तिक मसान्त भित्रै सम्पन्न गरिनेछ । सम्पन्न पश्चात तत्काल सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ । यसको लागि फर्निचर एवम् फर्निसिङको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१६६. सन्धिखर्क नगरपालिका अन्तर्गतका वडा नम्बर १, २, ४, ५, ७, १०,११ र १२ का नदी किनाराहरूलाई करिडोरको रूपमा विकास गरिनेछ । यसबाट नदी किनारमा रहेका मानव बस्ती सहित खेतीयोग्य जमिनको संरक्षण भइ सौन्दर्यता वृद्धिमा समेत टेवा पुग्नेछ ।

१६७. राष्ट्रिय रोजगार कार्यक्रम (साबिकको प्रधानमन्त्री रोजगार कार्यक्रम) लाई थप व्यवस्थित, प्रभावकारी तथा उपलब्धिमूलक बनाउन लक्षित वर्ग केन्द्रित र रोजगारीसँग आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकाबाट साझेदारी गर्नुपर्ने आवश्यक बजेट व्यवस्था गरिनेछ ।

१६८. वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूको पर्यावरणीय सौन्दर्यतामा अभिवृद्धि गर्न कार्यालय परिसरमा पुष्प बगैंचा निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

१६९. सङ्घ र प्रदेश सरकारबाट आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने गरी ससर्त, समपुरक र विशेष अनुदानमा छनोट भएका योजनाहरूको समयमै ठेक्का बन्दोबस्त गरी सम्पन्न गरिनेछ । सङ्घ र प्रदेश आफैले कार्यान्वयन गर्ने गरी सन्धिखर्क नगरपालिकाको लागि छनोट भएका योजनाहरू कार्यान्वयन गर्दा आवश्यक समन्वय गरी समयमै सम्पन्न गर्न सहजीकरण गरिनेछ ।

१७०. नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा सार्वजनिक महत्वका सुपादेउराली मन्दिर परिसर, शान्ती बगैंचा, बसपार्क, अस्पताल, चुत्रावेशी र अर्घा भगवती मन्दिर परिसरमा सौन्दर्यीकरण र शान्ति सुरक्षा प्रयोजनार्थ जडान गरिएका **High Mast System Light** आवश्यकतानुसार थप गरी नियमित मर्मत सम्भार गरी चालु हालतमा राख्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१७१. सडक योजनाहरूलाई उत्पादन र आय आर्जनसँग आवद्द गर्दै ग्रामीण सडकहरूको निर्माण, स्तरोन्नति, कालोपत्रे र पुनर्निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । सङ्घ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा निर्माण भैरहेका सडकहरूलाई उच्च प्राथमिकताका साथ सम्पन्न गरिनेछ ।वडा केन्द्र जोड्ने कालोपत्रे हुन बाँकी सडकहरूलाई शीघ्र कालोपत्रे गर्ने सम्बन्धमा आवश्यक पहल गरिनेछ । यसको लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गत विनियोजित बजेट परिचालन गरिनेछ ।

१७२. नगरक्षेत्र भित्रका सडकहरू तथा अन्य स्थानीय तह जोड्ने मूल सडकहरूको स्तरोन्नति तथा विकास गर्दै सडक सुविधालाई प्राथमिकता दिइनेछ ।

१७३. नगरपालिकाको मुख्य बजार क्षेत्रमा नाली तथा ढल निकास सहितको फुटपाथ निर्माणलाई सङ्घ तथा प्रदेश सरकारसँगको समन्वयलाई निरन्तरता दिइनेछ । निर्मित सडक, पुल तथा कल्भर्टहरूको मर्मतसम्भार र स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१७४. स्थानीयस्तरमा निर्माण हुने भवन तथा संरचनाको निर्माणमा रैथाने सामग्री र प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ । भवन तथा सडक निर्माण गर्दा सहरी विकास तथा भवन निर्माण मापदण्ड र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको भवन निर्माण सम्बन्धी

व्यवस्था तथा स्वीकृत नगर यातायात गुरूयोजना (MTMP) मा तोकिएको मापदण्डको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१७५. बहुवर्षीय योजनाहरू तोकिएको समय भित्रै सम्पन्न गर्न नगरपालिकामा स्रोत सुनिश्चित गर्दै सङ्घ र प्रदेशसँग आवश्यक समन्वय गरिनेछ ।

१७६. सम्बन्धित निकायसँगको समन्वयमा नगरपालिका भित्रका अत्यावश्यक ठाउँहरूमा झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७७. नगरपालिकामा सडक सञ्जाल यथेस्ट रुपमा विस्तार भइसकेको परिप्रेक्षलाई मध्यनजर गर्दै वातावरणीय हिसाबले उपयुक्त नदेखिएका स्थानहरूमा नयाँ ट्र्याक खोल्ने कार्यलाई निरूत्साहित गरिनेछ ।

१७८. सन्धिखर्क नगरपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति तथा कार्यक्रम र परियोजना बैङ्क (Project Bank) अनुसार नगरस्तरीय तथा वडास्तरीय योजना छनोट गरिनेछ । वडा भेलाबाट सिफारिस प्राप्त ठूला प्रकृतिका योजनाहरूलाई सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र र गैर सरकारी संघ/संस्थासँगको समन्वय तथा सहयोगमा कार्यान्वयनको लागि पहल गरिनेछ ।

१७९. छिटो प्रतिफल दिने र स्थानीय श्रम, सिप, स्रोत र प्रविधिको प्रयोग हुने योजनालाई प्राथमिकतामा राखिनेछ । रोजगार सूचना केन्द्रमा सूचिकृत भएका श्रमिकहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रम र सहरी शासकीय तथा पूर्वाधार आयोजनामार्फत तोकिएको श्रममूलक योजनामा परिचालन गरी पूर्वाधार निर्माणको माध्यमबाट रोजगारी सिर्जना गरिनेछ ।

१८०. आगामी आर्थिक वर्ष २०८२/८३ देखि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम **(LISP)** कार्यान्वयनको लागि सन्धिखर्क नगरपालिका छनोट भएको र रु ३ करोड ७१ लाख बजेट समेत विनियोजन भएकोले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्विधि, २०८१ बमोजिम नगरपालिकाको सह-लगानीलाई सुनिश्चित गर्दै प्राथमिकताको आधारमा योजना छनोट गरी कार्यान्वयन गरिनेछ ।

१८१. जनताको आधारभूत आवश्यकताको रुपमा रहेको जनताको घर आवासलाई सुरक्षित गर्न लागत साझेदारीको आधारमा जस्तापाताको छाना अभियानलाई पुरा गर्न आगामी आर्थिक वर्ष २०८२/८३ को लागि केही बजेट विनियोजन गरी सुरुवात गरिनेछ ।

१८२. नगरपालिकाले सञ्चालन गर्ने योजनाहरूको दिगोपना तथा नागरिक अपनत्व वृद्धि गर्नका लागि ग्रामीण सडक लगायतका कार्यक्रममा स्थानीय जनपरिचालन तथा जनसहभागितालाई प्रोत्साहन गरिनेछ । श्रममूलक प्रकृतिका थोरै बजेटका साना सडक तथा अन्य स-साना पूर्वाधार निर्माणका योजनाहरू उपभोक्ता समिति मार्फत सञ्चालन गर्न जोड दिइनेछ । तर हेभी मेसिन प्रयोग हुने प्रकृतिका ठुला योजनाहरू उपभोक्ता समितिबाट गर्न निरुत्साहित गरिनेछ ।

१८३. सार्वजनिक खरिद ऐन तथा नियमावलीले गरेको व्यवस्था बमोजिम दक्ष जनशक्ति र विशिष्ट प्रकृतिका उपकरण, हेभी मेसिन/औजार आवश्यक पर्ने तथा सडक कालोपत्रे, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत नगराइने व्यवस्था कडाईका साथ कार्यान्वयन गरिनेछ ।

१८४. भूमिको दिगो व्यवस्थापनको लागि भू-उपयोग रणनीति, २०७२, भू-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली, २०७९ एवम् सन्धिखर्क नगरपालिकाको भूमि वर्गीकरण समेतको आधारमा भू-उपयोग गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । कृषियोग्य जमिनमा जग्गा खण्डीकरण र बस्ती विकास गर्ने कार्यलाई निरूत्साहित गरिनेछ । सुरक्षित भवन निर्माणको लागि भवन संहिताको पालना गर्दै सुरक्षित आवास निर्माणमा विशेष प्राथमिकता दिइने छ ।

१८५. सरकारी/सार्वजनिक सम्पत्तिको संरक्षण नगरपालिकाको प्राथमिकताको विषय हो । नगर क्षेत्रभित्रका ऐलानी, पर्ती तथा सार्वजनिक जग्गाहरूको खोजी गरी संरक्षण गरिनेछ । सार्वजनिक जग्गाहरूको व्यवस्थित अभिलेख राखी अतिक्रमण गर्ने कार्यलाई पूर्णरूपमा रोक्न स्थानीय प्रशासन एवम् मालपोत कार्यालय र नापी कार्यालयसँग समन्वय गरिनेछ ।

१८६. नगरपालिका र राष्ट्रिय भूमि आयोगसँग भएको सम्झौता बमोजिम नगरपालिका क्षेत्रभित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन, घरजग्गा नाँपजाँच, नक्सा श्रेस्ता तयार गरी जग्गाधनी प्रमाणपुर्जा वितरणको कार्यमा आवश्यक समन्वय गरिनेछ ।

१८७. नगर क्षेत्रभित्रका नदी कटान तथा पहिरो आदीका कारण असुरक्षित बस्ती र कृषि योग्य जमिन भएका स्थानहरूमा तटबन्धन लगायतका विकल्प प्रयोग गरी बस्ती तथा जमिनको

सुरक्षा गरिनेछ । प्राकृतिक प्रकोप तथा अन्य जोखिमयुक्त बस्तीहरूको सुरक्षा तथा स्थानान्तरणका लागि कार्यक्रम बनाइ कार्यान्वयन गरिनेछ । सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत खरको छानो विस्थापित गरी टिनको छानो लगाउने कार्यलाई साझेदारीमा कार्यान्वयन गरिनेछ ।

१८८. बसपार्क क्षेत्रमा रहेको हाटबजारको वैकल्पिक स्थान खोजी गरी स्थानान्तरण गर्दै सङ्घीय सरकारसँगको सहकार्यमा बसपार्कको स्तरोन्नति गरिनेछ । नगर क्षेत्र भित्रको अव्यवस्थित पार्किङ्ग समस्यालाई स्थानीय प्रशासनसँगको सहकार्यमा प्रभावकारी अनुगमनद्वारा समाधान गरिनेछ ।

१८९. नगरपालिका क्षेत्रभित्र पूर्व स्वीकृति नलिई सार्वजनिक स्थानमा व्यापार व्यवसाय गर्ने कार्यमा रोक लगाईनेछ । सडकको क्षेत्र तथा सडक पेटीमा सामान राखी व्यापार व्यवसाय गर्ने कार्यलाई निरूत्साहित गरिनेछ ।

१९०. सवारी दुर्घट्नालाई न्यूनिकरण गर्न जिल्ला प्रहरी कार्यालय र ट्राफिक प्रहरी कार्यालयसँगको सहकार्यमा **"सवारी दुर्घट्ना न्यूनिकरण सचेतना कार्यक्रम"** सञ्चालन गरिनेछ । बजार क्षेत्रभित्रको सवारी चापलाई ध्यानमा राखी सवारी व्यवस्थापन गर्न आवश्यक स्थानमा ट्राफिक पोस्ट, बस बिसौनी, प्रतिक्षालय, सवारी पार्किङ, जेब्रा क्रसिङ र पैदल मार्गको उपयुक्त ढङ्गले व्यवस्थापन गरिनेछ । सडक दुर्घटनाको जोखिम बढी भएका स्थानहरूमा उपयुक्त ट्राफिक सङ्केत तथा चिन्हहरू राखिनेछ । बजार क्षेत्र भित्र रहेका विद्युत, टेलिफोन, केबुल, इन्टरनेटको लागि प्रयोग भएका तारहरूलाई व्यवस्थित गर्न अन्तर निकाय समन्वय गरिनेछ ।

१९१. निर्माणाधीन खानेपानी आयोजनाहरू सम्पन्न गर्न आवश्यक समन्वय गरिनेछ । खानेपानीको शुद्धता परीक्षण गरी आपूर्ति व्यवस्थापनलाई सहज बनाउन **"एक घर, एक धारा"** को अवधारण अनुरुप प्रत्येक घरमा एक खानेपानी मिटर जडान गर्न प्रोत्साहन गरिनेछ ।

१९२. नगरभित्र खानेपानीको उपलब्धता सहज बनाउन सञ्चालनमा रहेका खानेपानी योजनाहरूको नियमित मर्मत सम्भारको व्यवस्था गरी दीगो व्यवस्थापनको प्रबन्ध गरिनेछ । दिगो विकासको लक्ष्य अनुसार सन् २०२५ सम्ममा सबै जनसङ्ख्यालाई गुणस्तरीय खानेपानी सुविधा पुर्‍याउन एक घर एक धाराको अवधारणा अनुसार खानेपानी योजनाहरूको सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ । स्वीकृत वास प्लान अनुरुप खानेपानी तथा सरसफाइमा विशेष ध्यान दिइने छ ।

१९३. हाल सञ्चालनमा रहेका सामुदायिक लिफ्टिङ्ग खानेपानी योजनाहरूको विद्युत महशुलको ६० प्रतिशत रकम नगरपालिकाबाट भुक्तानी गर्ने व्यवस्थालाई आगामी वर्षमा समेत निरन्तरता दिने व्यवस्था मिलाइनेछ । यसबाट आम उपभोक्ताहरू लाभान्वित हुनेछन ।

१९४. कृषि योग्य भूमिमा सिँचाइ उपलब्धताको लागि **"साना सिँचाइ कार्यक्रम"** लाई विशेष ध्यान दिइने छ । खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याउने कार्यलाई प्राथमिकतामा राख्दै निर्मित सिँचाइ संरचनाहरूको मर्मत सम्भार गरी सञ्चालनमा ल्याइनेछ ।

१९५. खोलानाला, पानीको मुहान तथा स्रोतबाट सिँचाइ सुविधा पुर्‍याउन नसकिने ठाउँहरूमा सिँचाइ पोखरी तथा रिचार्ज पोखरी निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । यसका अतिरिक्त उच्च पहाडी क्षेत्रमा पानीको मुल संरक्षण र सिँचाइको समस्यालाई समाधान गर्न घरको बलेनीको पानीलाई भूमिगत टयाङ्की निर्माण गरी सङ्कलन गरी राख्ने विषयमा स्थानीय बासिन्दालाई प्रोत्साहन गरी आवश्यक प्रबन्ध गर्न सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

१९६. प्रकृति र मानव सम्बन्ध सुमधुर राख्न वन र वन्यजन्तुको संरक्षण गर्न प्रत्येक सामुदायिक वनमा **"एक सामुदायिक वन, एक रिचार्ज पोखरी"** अभियानलाई प्राथमिकता सहित सामुदायिक वन एवम् डिभिजन वन कार्यालयसँग समन्वय गरिनेछ । यसबाट वनडढेलो नियन्त्रण र वन्यजन्तुको लागि आवश्यक पानीको उपलब्धता र वातावरण संरक्षणमा सहयोग पुग्नेछ ।

१९७. आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषिलाई प्राथमिकता दिन साना सिँचाइ र थोपा सिँचाइका लागि प्राथमिकता दिइनेछ । ठुला सिँचाइ आयोजनाहरू निर्माणको लागि सङ्घ तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

१९८. **"उज्यालो नगरपालिका कार्यक्रम"** अन्तर्गत ग्रामीण विद्युतीकरण कार्यक्रम मार्फत नगरपालिका क्षेत्रभित्र हालसम्म विद्युत सेवा नपुगेका स्थानहरूको पहिचान गरी विद्युत सेवा विस्तारका लागि आवश्यक पहल गरिनेछ । एल. पी. ग्यासको सट्टा विद्युतीय चुलो प्रयोगमा जोड दिइनेछ ।

१९९. सम्भावित दुर्घटना न्यूनिकरण गर्न र Vision Polution लाई व्यवस्थित गर्न बजार क्षेत्रमा नाङ्गो तार विस्थापित गरी इन्सुलेटर जडित कालो तार जडान गर्ने कार्यमा आवश्यक समन्वय

गरिनेछ । नगर क्षेत्रभित्र नयाँ पूर्वाधार निर्माण गर्दा जमिन मुनिबाट विद्युतीय तार व्यवस्थापन गर्नुपर्ने व्यवस्था सम्बन्धित निकायसँग समन्वय गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ ।

२००. नगर क्षेत्रभित्र जडान गरिएका सिसिटिभी क्यामेराहरूलाई सडक सुरक्षा, दुर्घटना नियन्त्रण, अपराध नियन्त्रण तथा विपद् व्यवस्थापनको लागि एकीकृत रूपमा प्रयोग गरी नियमित मर्मत सम्भारको समेत व्यवस्था मिलाइनेछ । आवश्यकतानुसार थप स्थान पहिचान गरी CCTV क्यामेरा जोड्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

२०१. इनर्जी बचत एवम् प्रदुषण नियन्त्रण गर्न वैकल्पिक तथा नवीकरणीय उर्जाको प्रयोगमा जोड दिइनेछ । सुधारिएको चुलो, सौर्य उर्जा प्रविधि तथा बायोग्यास जडान गर्न प्रोत्साहन गरिनेछ । यसका लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसँग समन्वय गरिनेछ ।

२०२. नगरक्षेत्रका विभिन्न स्थानहरूमा जोडिएका विद्युतीय सडक बत्तीहरूको नियमित मर्मत सम्भार गर्ने र नयाँ स्थानको पहिचान गरी थप सडक बत्ती जडान गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइ **"उज्यालो सन्धिखर्क"** अभियानलाई प्रभावकारी बनाइनेछ ।

२०३. सुपादेउराली मन्दिरदेखि नरपानी क्षेत्रसम्म ट्राफिक व्यवस्थापनमा कठिनाई भएको सन्दर्भमा उपयुक्त स्थान पहिचान गरी पार्किङस्थल निर्माणको लागि सङ्घीय र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ । मन्दिर परिसर वरपर जथाभावी सवारी पार्किङ गर्ने कार्यलाई निरुत्साहित गर्दै मन्दिर दर्शनको लागि तिर्थालु भक्तजनहरूहरूलाई लिएर आउने सवारी साधनहरूलाई मन्दिर देखि उत्तर तर्फ नरपानीसम्म लगि पार्किङ्ग गर्ने व्यवस्था मिलाइने र मन्दिर दशर्न पश्चात् तिर्थालु भक्तजनहरूलाई आन्तरिक यातायातको व्यवस्था मिलाइ सम्बन्धित पार्किङ स्थलसम्म पुर्‍याउने कार्यका लागि निजीक्षेत्र/सङ्घसंस्थासँग सहकार्य गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाइने नीति लिइनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापनः**

२०४. नगरपालिकाका सम्पदाको रुपमा रहेका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रलाई प्राकृतिक वातावरण अनुकूल विकास गर्दै त्यस्ता स्थानमा माटो सुहाउँदो विभिन्न जातका बोट बिरुवा लगाई थप आकर्षक बनाउने कार्यको थालनी गरिनेछ । यसका लागि टोल विकास संस्था, निजी क्षेत्र, नागरिक समाज, सामुदायिक वन, डिभिजन वन कार्यालय लगायत गैरसरकारी संस्थाहरूसँग समन्वय गरी अगाडि बढ्ने नीति अवलम्बन गरिनेछ ।

२०५. वन हाम्रो जीवन हो । वन स्रोतको दिगो उपयोग गर्न संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई विस्तार गरिनेछ । नगरक्षेत्र भित्र रहेका विभिन्न सामुदायिक वन, राष्ट्रिय वन तथा निजी जग्गामा रहेका सल्ला प्रजातीका बोट बिरुवाको कारण गर्मी याममा व्यापक रूपमा आगलागीका घटनाहरूमा वृद्धि भएको, पानीका मुहान सुक्ने समस्या देखिएको र बादर लगायतका जीवजन्तुबाट खेत बारीमा लगाइएको बाली नालीमा समेत क्षति हुने गरेको विषय गम्भीर रूपमा देखिएको अवस्थालाई न्यूनीकरण गर्न नयाँ स्थानमा सल्लो प्रजातिका बोट बिरुवा नरोप्ने र हटाउने विषयमा डिभिजन वन कार्यालयसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२०६. वन डढेलो नियन्त्रणका लागि वन क्षेत्रमा रहेका पात पतिङगर र स्याउला सङ्कलन गरी प्राङ्गारिक मल बनाउन प्रोत्साहन गरिनेछ । वन्यजन्तुबाट हुन सक्ने संभावीत क्षतिप्रति सजग रहदै तत्काल राहत उपलब्ध गराउने कार्यलाई प्राथमिकता दिइनेछ ।

२०७. नगरपालिको एक मात्र फोहोर व्यवस्थापन केन्द्र **(Dumping Site)** लाई अझ व्यवस्थित गर्न त्यस्को क्षेत्र विस्तार गरी आधुनिक प्रविधि मैत्री बनाउन पूर्वाधार निर्माण गर्न चालु आर्थिक वर्षमा **"विस्तृत परियोजना प्रतिवेदन" (DPR)** गर्ने काम सम्पन्न भएको छ । आगामी आर्थिक वर्ष २०८२/८३ मा **स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)** तर्फको बजेटबाट "फोहरमैला प्रशोधन केन्द्र पूर्वाधार निर्माण" को काम **"विस्तृत परियोजना प्रतिवेदन" (DPR)** बमोजिम क्षेत्र विस्तार गरी पूर्वाधार सहित कार्य सम्पन्न गर्न आगामी आर्थिक वर्षमा जग्गा प्राप्तीको लागि बजेट विनियोजन गरिनेछ । कुहिने फोहोरलाई प्रशोधन गरी **By-Product** को रुपमा उत्पादित प्राङ्गारिक मललाई कृषिउपज उत्पादनमा सुपथ मूल्यमा प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।

२०८. सार्वजनिक स्थल, सामुदायिक वन, राष्ट्रिय वन तथा निजी जग्गामा विभिन्न प्रजातिका फलफुलका बिरुवा तथा पशु खाद्य सुरक्षा प्रत्याभूतिका लागि पोषणयुक्त बोट बिरुवा लगाउने नीति अवलम्बन गरिनेछ । सरकारी कार्यालय परिसर, विद्यालय र सार्वजनिक स्थलमा फलफुलका बिरुवा रोप्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२०९. वन क्षेत्रभित्रका खोल्साखोल्सीहरूको पानीको बहावलाई व्यवस्थापन गरी भौतीक पूर्वाधार, खेती योग्य जमिन, गांउ बस्ती तथा वन क्षेत्रको संरक्षण गरिनेछ । पानीका मुहान संरक्षणका लागि आवश्यक अध्ययनका आधारमा र डिभिजन वन कार्यालयसँगको

समन्वयमा वातावरण मैत्री बिरुवाहरू रोप्ने कार्यलाई प्राथमिकता दिइ पानीका मुहानहरू संरक्षण गर्ने कार्यको शुरुवात गरिनेछ ।

२१०. पुराना पोखरी, वर/पिपल र स्वामीका रुखहरू लोप हुन नदिन र संरक्षण गर्न आवश्यक पहल गरिनेछ । विकासका गतिविधि सञ्चालन गर्दा यस्ता सम्पदाहरूको संरक्षण गर्ने नीति अख्तियार गरिनेछ । नगर क्षेत्र भित्रका धेरै क्षेत्रहरू सुख्खा क्षेत्रको रूपमा रहेका हुँदा नगर क्षेत्रका विभिन्न स्थानहरूमा रिचार्ज पोखरीको निर्माण गरी पानी संरक्षण गर्ने कार्यलाई प्रभावकारी बनाउन प्रारम्भमा **“एक वडा, एक रिचार्ज पोखरी”** निर्माण गर्ने कार्यको थालनी गरिनेछ । यसका लागि आम नागरिकलाई श्रमदान गर्न प्रोत्साहित गरिनेछ ।

२११. विपद्पूर्वको तयारी, विपद्को समय र विपद् पश्चातको व्यवस्थापनलाई चुस्त/दुरुस्त बनाइने छ । यसको लागि स्थानीय आपत्कालीन सञ्चालन केन्द्र **(LEOC)** लाई क्रियाशिल बनाइ जिल्ला आपत्कालीन सञ्चालन केन्द्र **(DEOC)** सँगको समन्वयलाई प्रभावकारी बनाइने छ । नगरक्षेत्र भित्र हुन सक्ने जुनसुकै विपद्को सामना गरी विपद् व्यवस्थापन गर्न आवश्यक कार्य गरिनेछ । यसका लागि सङ्घीय सरकार, प्रदेश सरकार, नगरपालिका, रेडक्रस, गैरसरकारी सङ्घ, संस्था र निजी क्षेत्रसँग हातेमालो गरी विपद् व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

२१२. स्थानीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाउँदै नियमित बैठक एवम् विपद् पश्चात् तत्काल खोज तथा उद्धारका लागि आवश्यक पर्ने न्यूनतम उद्दार सामग्री र जनशक्ति व्यवस्थापन गर्दै जिल्ला विपद् व्यवस्थापन समितिसँग आवश्यक समन्वय गरिनेछ ।

२१३. नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पार्क, मठ, मन्दिर, वनभोज स्थलहरूबाट उत्सर्जन हुने पलाष्टिक एवम् शिशाजन्य फोहरलाई थप व्यवस्थित गरी फोहरमैला व्यवस्थापन गरिनेछ । साथै नगरपालिका भित्रका महत्वपूर्ण धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूमा सार्वजनिक शौचालय निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२१४. स्वास्थ्य संस्था, विद्यालय परिसर, वडा कार्यालय परिसर, सडक किनारा र खाली रहेका सार्वजनिक स्थानहरूमा वृक्षारोपण गरिनेछ । प्रत्येक टोल विकास समितिलाई आफ्नो टोल वरपर बिरुवा रोप्ने कार्यको लागि प्रोत्साहन गरिनेछ ।

२१५. धार्मिक तथा पर्यटकीय स्थलको रूपमा रहेको प्रसिद्ध सुपादेउराली मन्दिर र नरपानी बजार क्षेत्रमा उत्सर्जन हुने फोहरमैला व्यवस्थापन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

२१६. सवारी दुर्घट्ना संभावीत क्षेत्रहरूमा जोखिम संकेत र सूचना पाटीको प्रयोगलाई प्रथमिकता दिइनेछ। क्याम्पस, विद्यालय र समुदाय केन्द्रित ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । नगर क्षेत्र भित्रका विपद् संवेदनशील स्थानहरूको पहिचान र नक्साङ्कन गरी सोहि आधारमा विपद् व्यवस्थापनका कार्यक्रमहरू अगाडि बढाउन नगरको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२१७. सन्धिखर्क नगरपालिकाको बारूणयन्त्रले जिल्लाभर सेवा पुर्‍याउँदै आएको सन्दर्भमा बारूणयन्त्र सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन यसलाई हेलो सन्धिखर्क सेवासँग आबद्ध गरिनेछ ।

२१८. सबै वडाहरूमा विपद् व्यवस्थापनको लागि आवश्यक पर्ने सेल्टरहरूको पहिचान गरी विपद्को समयमा प्रयोग गर्न सक्ने किसिमले व्यवस्थापन गरिनेछ । साथै विपद्को समयमा शीघ्र प्रतिकार्यको लागि प्रत्येक वडामा वडास्तरिय विपद् व्यवस्थापन समितिलाई प्रभावकारी बनाइ **"Quick Response Team (QRT)"** को गठन गरिनेछ ।

२१९. सरकारी एवम् सार्वजनिक सम्पत्ति, प्राचिन स्मारक, पुरातात्विक एवम् सास्कृतिक सम्पदा, नदी /नाला, बजारक्षेत्र, ऐतिहासिक एवम् निर्मित भौतिक पुर्वाधारहरूको सरसफाइ गरी यी सम्पत्तिहरूको गरीमा बढाउन **"नगरवासीको योगदान, महिनाको एक दिन श्रमदान"** अभियान सञ्चालन गरिनेछ । यसको लागि सार्वजनिक निकायमा कार्यरत राष्ट्र सेवक कर्मचारी, जनप्रतिनिधि, सामाजिक अभियन्ता, नागरिक समाज, निजी क्षेत्र, गैर सरकारी संघ/संस्था एवम् सबै पक्षलाई स्वतस्फुर्त रुपमा सहभागी हुने वातावरण मिलाइनेछ ।

२२०. खोला र पहिरोको जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन गर्दै जोखिम नियन्त्रणको लागि आवश्यक पहल गरिनेछ । साथै सङ्घीय र प्रदेश सरकारसँगको समन्वय र सहलगानीमा नगर क्षेत्रभित्रका विपद्को जोखिममा रहेका बस्तीहरूको स्थानान्तरणको कार्य अगाडि बढाईनेछ ।

२२१. नागरिक आवासलाई सुरक्षित गर्न नगर क्षेत्रमा बसोबास गर्ने नागरिकले आफ्नो छिमेकीको घर, गोठ तथा खेतीबालीलाई असर पुर्‍याउने गरी गरेको वा असर पुग्न सक्ने सम्भावित ठाउँमा रहेको रूख, बिरुवा हटाउने/हटाउन लगाउने नीति अवलम्बन गरी स्थानीय प्रशासनको सहयोगमा कार्यान्वयन गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास:**

२२२. नगरपालिकाबाट हुने खरिद प्रकृयालाई प्रतिस्पर्धात्मक र पारदर्शि बनाउन रू १० लाख भन्दा माथिका सम्पूर्ण योजनाहरू (निर्माण एवम् सामान खरिद) को विद्युतीय खरिद **पोर्टल (e-GP)** मार्फत ठेक्का व्यवस्थापन गरिनेछ ।

२२३. सन्धिखर्क नगरपालिकाबाट निर्मित भौतिक पूर्वाधारहरूमा पूर्वाधार उपयोग शुल्क लगाइ भौतिक पूर्वाधारको संरक्षणका साथै नगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

२२४. नगरपालिका भित्र सङ्घीय सरकार, प्रदेश सरकार, नगरपालिका स्वयम् र निजी क्षेत्रबाट हुने सार्वजनिक तथा निजी निर्माणमा आवश्यक पर्ने ढुङ्गा/ग्राभेलको सहज आपूर्तिका लागि प्रचलित प्रदेश कानुनमा तोकिएको दरमा राजस्व लिई सार्वजनिक तथा निजी निर्माणमा सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै नगरपालिकाभित्रका पाखा पखेरा तथा सडक किनारमा यत्रतत्र रहेका, पहिरोबाट झरेका, आबादी जग्गालाई खेतीयोग्य बनाउँदा तथा घडेरी सम्याउँदा निस्कने ढुङ्गा गिट्टीको समुचित उपयोग गर्न प्रदेश कानुनमा तोकिएको शुल्क लिई सार्वजनिक तथा निजी निर्माण कार्यलाई थप सरलीकृत गर्दै लगिनेछ ।

२२५. नगर क्षेत्र भित्र सार्वजनिक स्थलमा अस्थायी तथा स्थायी संरचना बनाइ व्यापार व्यवसाय गर्ने कार्यलाई निरूत्साहित गरिनेछ । साबिक देखि विभिन्न संरचना बनाइ व्यापार व्यवसाय गरिरहेका व्यवसायीहरूलाई बहाल बिटौरी शुल्क लगाई राजस्वको दायरा वृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२२६. नगरपालिकाबाट प्रदान गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइनेछ । आवश्यकताको आधारमा जनतालाइ सर्वसुलव र कम खर्चिलो सेवा पुर्‍याउन घुम्ती सेवाको माध्यमबाट वडाका टोल/समुदायमा समेत सेवा पुर्याइ **“सेवाको वरिपरि जनता होइन, जनताको वरिपरि सेवा”** भन्ने भावनाको विकास गरिनेछ । सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिक प्रति उत्तरदायी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था थप प्रभावकारी बनाइनेछ ।

२२७. नगरपालिकाको कार्यसम्पादनलाई सूचना प्रविधिमा आधारित बनाइ नगरपालिकाले

प्रयोगमा ल्याएको डिजिटल घर नक्सा पास तथा अभिलेखीकरण प्रणाली, विद्युतीय भुक्तानी प्रणाली तथा सिफारिस र विद्युतीय हाजिरी प्रणालीको सेवा प्रवाहमा थप प्रभावकारीता ल्याइनेछ ।

२२८. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा नगर कार्यपालिका र अन्तर्गतका कार्यालयहरूमा कायम सङ्गठन संरचना र दरबन्दीका आधारमा नगरपालिकाले प्रवाह गर्ने सेवालाई सरल, सहज, गुनासोरहित र नागरिकमैत्री बनाइनेछ । पदपूर्ति हुन बाँकी पदहरूमा तत्काल पदपूर्ति गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२२९. नगरपालिकाका मुख्य कार्यहरू **(Core Functions)** बाहेकका अन्य सहायक कार्यहरू **(Auxiliary Functions)** निजी क्षेत्र, सहकारी संस्था, गैरसरकारी संस्था, सामुदायिक संस्था तथा यस्तै प्रकृतिका अन्य गैर नाफामूलक संस्थामार्फत सम्पादन गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

२३०. नगरपालिका र अन्तर्गत कार्यरत कर्मचारीलाई जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी बनाइ कार्यसम्पादनलाई नतिजामूखी र वस्तुनिष्ट बनाउन साउन मसान्त भित्र परिमाणात्मक तथा मापनयोग्य सूचक सहित नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षसँग तथा प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा प्रमुख र वडा सचिवसँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२३१. नागरिक तथा सार्वजनिक निकायहरूले नगरपालिका क्षेत्रभित्र भवन निर्माण गर्दा अनिवार्य रूपमा नगरपालिकामा नक्सा पास गराई भवन निर्माण गर्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२३२. नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ वा व्यापार वा फोहरमैला गर्ने तथा प्रचलित कानुन विपरित कार्य गर्नेलाई नियमानुसार दण्ड जरिवाना गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२३३. नगरपालिकाबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययी, प्रभावकारी र जोखिमरहित ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वशनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न तयार गरिएको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२३४. राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास पद्दति, सेवा प्रवाह र शासन प्रणालीको अनुभव आदान

प्रदान गर्न तथा सहकार्य प्रवर्धन गर्न विभिन्न स्वदेशी तथा विदेशी स्थानीय सरकारहरूसँग भगिनी सम्बन्ध कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

२३५. नेपालको संविधान बमोजिम एकल अधिकारको सूची भित्र पर्ने विषय, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य सङ्घीय तथा प्रादेशिक कानुन प्रदत्त अधिकारहरूको प्रयोगको लागि आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू तर्जुमा गरी लागु गरिनेछ । साझा अधिकारका विषयहरूमा अन्तर सरकार समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२३६. विकास निर्माण र सेवा प्रवाहमा सहभागितामूलक व्यवस्थापन प्रणालीको अभ्यास गर्दै टोल विकास संस्थाहरूको परिचालन गरिनेछ ।

२३७. विपद् व्यवस्थापन लगायत अन्य अत्यावश्यक सेवा प्रवाहलाई प्रभावकारी बनाउन **"लचक समय (Flexi Time)** को अवाधारणालाई अङ्गीकार गरिनेछ ।

२३८. गैर सरकारी संस्थाहरूले सन्धिखर्क नगरपालिका भित्र सञ्चालन गर्ने कार्यक्रमहरू सन्धिखर्क नगरपालिकाको वार्षिक नगर विकास योजनामा समावेश गरी कार्यान्वयन गर्ने नीति लिइनेछ । साथै त्यस्ता संस्थाहरूलाई थप जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक नियमन गरिनेछ । नगर क्षेत्रभित्र कार्यरत गैर सरकारी संस्थाहरूले सञ्चालन गर्ने कार्यक्रमहरूमा दोहोरोपना नहुने गरी समन्वयात्मक ढङ्गले सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ

२३९. शासकीय सुधार, विकास निर्माण, सेवा प्रवाह लगायतका सूचनाहरू आम नागरिकसम्म सहज र सरल रुपमा पुर्‍याउन सञ्चार माध्यम एवम् प्रेस जगतसँग सहकार्य गरिनेछ ।नगरपालिकाको विभिन्न क्षेत्रमा कलम चलाउने र नगरका गतिविधिलाइ नियमित रूपमा नागरिक समक्ष पुर्‍याउने कार्यमा योगदान गर्ने लेखक, पत्रकार, सञ्चारकर्मी तथा मिडियासँग आवश्यकता अनुसार सहकार्य गर्ने नीति लिईनेछ ।

२४०. सञ्चार माध्यम मार्फत प्रकाशन तथा प्रसारण हुने सूचना, सन्देस, विज्ञापन लगायत सञ्चार सामग्रीहरू एकिकृत गरी एकद्वार प्रणाली मार्फत वितरण गर्न प्राथमिकता दिइनेछ ।

२४१. नगरपालिकाबाट निर्माण भएका कानुनमा आम नागरिकको सहज पहुँचका लागि आवश्यक व्यवस्था मिलाइनेछ । राजपत्रको सम्पादन तथा प्रकाशनलाई व्यवस्थित बनाइनेछ ।

२४२. सुशासन कायम गर्नको लागि पारदर्शिता, जवाफदेहिता, कार्य शीघ्रता, उत्तरदायित्व र सरल प्रशासनको अवधारणालाई आत्मसात गरिनेछ । नगरपालिकाले बनाएको जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीको आचार संहिता **(Code of Conduct)** को प्रभावकारी कार्यान्वयन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

२४३. नगरपालिका अन्तर्गत सञ्चालन गरिने विभिन्न योजनाहरूको वस्तुनिष्ठ र मापनयोग्य सूचक बनाइ नतिजामुलक अनुगमन गरिनेछ । अनुगमन कार्ययोजना बनाइ कार्ययोजना अनुसार अनुगमन प्रकृया अबलम्बन गरिनेछ ।

२४४. सार्वजनिक खर्चलाई मित्तव्ययी, पारदर्शि, प्रभावकारी र नतिजामूलक बनाउन चालु खर्चलाई वान्छित सिमा भित्र राख्दै पुँजीगत खर्च वृद्धि गर्न प्राथमिकता दिइनेछ । "खर्चमा मितव्ययिता, शून्य बेरूजु हाम्रो प्रतिबद्धता" भन्ने मन्त्रलाई हृदयङ्गम गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउँदै विगतका आर्थिक वर्षहरूमा कायम हुन आएका बेरूजु फछ्र्यौटलाई प्राथमिकता दिइनेछ ।

२४५. मानव पुँजीको उचित व्यवस्थापनको लागि नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासमा जोड दिइनेछ । यसका लागि आवश्यक तालिम एवम् गोष्ठीको आयोजना साथै अन्य स्थानीय तह र निकायहरूको अनुभव आदान प्रदानलाई प्राथमिकता दिइनेछ । जनप्रतिनिधि र कर्मचारीको दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२४६. सुशासनलाई प्रवर्धन गर्न भ्रष्टाचार प्रति शुन्य सहनशिलताको नीति अनुरूप भ्रष्टाचारजन्य क्रियाकलाप विरुद्ध निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक रणनीति निर्माण गरी लागु गरिनेछ ।

२४७. नगरपालिकाको नीति, निर्णय, योजना तथा कार्यक्रम कार्यान्वयनमा वेवास्ता तथा अवरोध गर्ने व्यक्ति, संस्था वा निकायहरूलाई विषयवस्तुको गम्भीरता यकिन गरी नगरपालिका वा अन्तर्गतका कार्यालयहरूबाट उपलब्ध गराइने राज्यबाट वञ्चित गर्न नमिल्ने भनी परिभाषित भएका सेवा बाहेकका अन्य सेवाहरू वन्चित गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ । यसले त्यस्ता व्यक्ति, संस्था वा निकायहरूलाई करको दायरामा आउन बाध्यात्मक परिस्थिति निर्माण भइ राजस्व सङ्कलनमा वृद्धि हुनेछ ।

२४८. नगरपालिकाले प्रवाह गर्ने सेवालाई सहज र नागरिकमैत्री बनाउन आवश्यकता अनुसार सबै वडाहरूमा घुम्ती सेवा सञ्चालन गरिनेछ ।

२४९. नगरपालिकाले प्रवाह गर्ने र गरेका सेवा तथा क्रियाकलापहरूका सन्दर्भमा अन्तरिक र बाह्य सरोकारवालालाई पर्याप्त जानकारी प्रदान गर्न प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई तथा समीक्षा कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

२५०. अन्तर स्थानीय तह सहकार्य र समन्वयका क्षेत्रहरू पहिचान गरी साझा सरोकारका विषयहरूमा सहकार्य र समन्वय गर्न संयुक्त समिति गठन गरी क्रियाशील बनाइनेछ ।

२५१. नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा, त्यस्तो सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क, सेवा प्रदान गर्ने जिम्मेवार शाखा एवम् पदाधिकारी र सेवा लिनका लागि आवश्यक पर्ने कागजात तथा समय समेत उल्लेख भएको विद्युतीय नागरिक वडापत्र तयार गरी क्रमशः नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूमा समेत विस्तार गर्ने व्यवस्था मिलाइने छ ।

२५२. नगरपालिकाबाट नागरिकलाई प्रवाह गर्नुपर्ने सेवा सुविधाका सम्बन्धमा नियमित रूपमा विषयगत समिति र कार्यपालिका बैठकमा छलफल गरी सेवा प्रवाह प्रभावकारी बनाउने सम्बन्धमा आवश्यक निर्णय लिई त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२५३. नगरपालिका र अन्तर्गतका वडा कार्यालय, सामुदायिक विद्यालय र स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई पारदर्शी र उत्तरदायी बनाउन सूचना अधिकारी तोक्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ ।

२५४. नगर क्षेत्रभित्र कर सङ्कलन, फोहरमैला व्यवस्थापन, अव्यवस्थित निर्माण व्यवस्थापन, नीति नियम तथा कानुनको तथा कार्यपालिकाका निर्णयहरूको कार्यान्वयन जस्ता विषयहरूको कार्यान्वयन गराउने कार्यलाई कडाइ गरिनेछ । नगर क्षेत्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनको लागि स्थानीय प्रशासनसँग समन्वय गरिनेछ ।

२५५. नगरवासीको गुनासोलाई सम्बोधन गर्ने कार्यको लागि नगर कार्यपालिकाको कार्यालयमा गुनासो व्यवस्थापन कक्ष स्थापना गरी **"हेलो सन्धिखर्क"** कार्यक्रम सञ्चालन गरिनेछ । प्रत्येक त्रैमासिकमा नगरपालिकामा प्राप्त गुनासो र सोको फछ्र्यौटको अवस्था बारे सरोकारवालालाई जानकारी गराउने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइने छ ।

२५६. भू-उपयोग नीति, ऐन तथा नियमावली बमोजिम एकीकृत भू-उपयोग योजना, यातायात गुरूयोजना, वातावारण व्यवस्थापन योजना समेत समावेश भएको **GIS Based Spatial**

**Plan** (भौगोलिक सूचना प्रणालीका आधारमा स्थानीय योजना) मा आधारित आवधिक विकास योजना तर्जुमा गरी सोहि आधारमा मध्यमकालीन खर्च संरचना सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२५७. विभिन्न कारणबाट व्यवसाय दर्ता तथा नवीकरण गरी नियमित हुन छुट भएका करदातालाई करको दयारामा आउनको लागि **"कर सहभागिता कार्यक्रम"** सञ्चालन गरिनेछ । घर जग्गा बहाल कर, व्यवसाय कर तथा अन्य कर, शुल्क, दस्तुर असुली प्रकृयालाई अनिवार्य र प्रभावकारी तुल्याउन टोल विकास संस्था, युवा क्लब, आमा समूह, सहकारी तथा निजी संस्थासँग सहकार्य गरिनेछ ।

२५८. दिगो रूपमा आन्तरिक आयमा वृद्धि गरी नगरपालिकालाई आत्मनिर्भर बनाउन सम्भावित करका क्षेत्रहरू पहिचान गरी नियमित रूपमा सहज ढङ्गले असुलउपर हुने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२५९. कर कानुनको पालनालाई जोड दिँदै स्थानीय स्तरमा कर छली तथा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा र लागु गरी प्रभावकारी नियमनको व्यवस्था गरिनेछ ।

२६०. **"तिरौं स्थानीय कर, बनाऔं नगरपालिकालाई आत्मनिर्भर"** भन्ने नाराका साथ स्थानीय जनतालाई स्वेच्छिक रूपमा कर तिर्ने वातावरण सिर्जना गर्न कर सप्ताह कार्यक्रम सञ्चालन गरिनेछ । नगरक्षेत्र भित्र सम्भाव्यता अध्ययन गरी करको नयाँ क्षेत्र पहिचान गर्दै करको दायरा विस्तार गरिनेछ । नगरपालिकाको राजस्व प्रशासनलाई सरल र सहज बनाइनेछ ।

२६१. नगरस्तरीय वा वडास्तरीय कुनै पनि योजना सम्झौता गर्नु पूर्व उपभोक्ता समितिका पदाधिकारीहरूलाई आफूले नगरपालिकालाई बुझाउनुपर्ने सम्पत्ति कर, व्यवसाय कर, बहाल कर चुक्ता गर्न अनिवार्य गरिनेछ ।

२६२. न्यायिक समितिका पदाधिकारी र सूचीकृत मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

२६३. अर्घाखाँचीका सबै स्थानीय तहका न्यायिक समितिका पदाधिकारी/सदस्यहरू सहभागी गराइ न्यायिक सम्मेलनको आयोजना गरिनेछ ।

२६४. न्यायिक समितिका कामलाइ छिटो/छरितो र प्रविधि मैत्री बनाइनेछ । न्याय सम्पादनका काममा आवश्यकतानुसार विज्ञ सेवाको सहयोग लिइनेछ ।

२६५. सूचना प्रविधिको प्रयोगमा नागरिकको पहुँच वृद्धि गर्न डिजिटल साक्षरता अभिवृद्धि अभियान सञ्चालन गरिनेछ ।

२६६. राष्ट्रसेवक कर्मचारीलाई व्यवसायीक, सिर्जनशिल, उत्प्रेरीत र उच्च मनोबलयूक्त बनाउन सेवा सुविधामा समयानुकुल सुधार गर्ने नीति नगरपालिकाको रहनेछ । सार्वजनिक सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि र पदाधिकारीमा आध्यात्मिकता र पूर्वीय दर्शनको प्रभाव आन्तरिकीकरण गर्दै योग, ध्यान र सकारात्मक सोंच विकासमा व्यवहारिक अभ्यास मार्फत नैतिकता, सदाचार र निष्ठायूक्त संस्कृतिको विकास गर्दै लगिनेछ ।

२६७. प्राविधिक कर्मचारीको क्षमता एवम् दक्षता वृद्धि गर्दै भौतिक पूर्वाधार विकासमा नवीनतम प्रविधि, नवीनतम व्यवस्थापकीय सिप लगायतका क्षेत्रमा दक्षता वृद्धि गरिनेछ ।

२६८. नगरपालिकाद्वारा निर्माण गरिएको सन्धिखर्क नगर एकिकृत प्रणाली (SMIS) को प्रयोगलाई व्यापक बनाउन विभिन्न तालिम तथा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरी **“हात हातमा स्मार्ट फोन, घर घरमा डिजिटल सेवा”** भन्ने नारा कार्यान्वयनमा ल्याइनेछ ।

२६९. चालु आर्थिक वर्षमा नगरपालिका र मातहतका वडा कार्यालय, स्वास्थ्य संस्था र माध्यमिक विद्यालयहरूमा जडान गरिएको ई-हाजिरी प्रणालीलाई आधारभूत (कक्षा१-८) तहका विद्यालयहरूमा समेत विस्तार गरी ढड्डा हाजिरीलाई पूर्ण रूपमा विस्थापन गरिनेछ ।

२७०. नगरपालिकालाई सफा, स्वच्छ र सुन्दर राख्न **“सफा टोल सफा सहर, ग्रिन सन्धिखर्क क्लिन सन्धिखर्क”** भन्ने अभियान सञ्चालन गरिनेछ । यस अभियानको लागि टोल विकास संस्थाहरूलाई जिम्मेवार बनाइ परिचालन गर्ने नीति लिइनेछ ।

२७१. कार्यालयको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन तथा कर्मचारीमा उत्प्रेरणा जगाउन स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

अन्त्यमा,

“सबै नगरवासीको रहर, सुन्दर र समृद्द सन्धिखर्क नगर” भन्ने नारालाई साकार पार्नका लागि माथि उल्लिखित नीति तथा कार्यक्रमहरू आधारको रुपमा रहनेछन् । यी नीतिहरूको सफल

कार्यान्वयनको लागि सङ्घ तथा प्रदेश सरकारका माननीय सांसदज्यूहरू, पूर्व मन्त्रीज्यूहरू, पूर्व माननीय सदस्यज्यूहरू, नगरपालिकामा क्रियाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी सङ्घसंस्थाहरू, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण सन्धिखर्कवासी आमा-बुवा, दाजु-भाइ, दिदी-बहिनीहरूको रचनात्मक सल्लाह, सुझाब र सहयोगको अपेक्षा गरेको छु । विकासका लागि ऐक्यबद्धतामा साथ दिनु हुने राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघ/संस्था, निजी क्षेत्र, विकास साझेदार संघ/संस्था,नागरिक समाज, सञ्चारकर्मी, राष्ट्रसेवक कर्मचारी, लगायत स्थानीय प्रशासन, सहयोगी हातहरू सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहान्छु, साथै देश भित्र र देश बाहिर रहनुभएका सम्पूर्ण सन्धिखर्क नगरवासीहरूले नगरको विकासमा सकारात्मक तथा रचनात्मक सुझाब, सल्लाह सहित सहयोग तथा सहकार्य गरी योगदान गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

धन्यवाद !

मिति: २०८२।०३।१० **(कृष्ण प्रसाद श्रेष्ठ)**

**नगर प्रमुख**

## ५. आर्थिक वर्ष २०८२/८३ वार्षिक कार्यक्रम तथा बजेट

सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष२०८२/८३ को लागि उपप्रमुख श्री मिश्रा आचार्यले नगरसभाको अठारौं अधिवेशनमा प्रस्तुत वार्षिक कार्यक्रम तथा बजेट वक्तव्य

आदरणीय सभाध्यक्षज्यू, सभाका सचिवज्यू, नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू तथा सञ्चारकर्मी मित्रहरू,

१. सन्धिखर्क नगरवासीको चाहना अनुरुप आर्थिक समृद्धि र सामाजिक रुपान्तरण गर्न नगरवासीको आवश्यकतालाई बजेटमा आत्मसाथ गर्दै गरिमामय अठारौं नगरसभाको प्रथम वैठकबाट स्वीकृत नीति तथा कार्यक्रमको अधीनमा रही आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा सम्मानित सभाप्रति आभार व्यक्त गर्न चाहान्छु ।

२. यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा सम्पूर्ण व्यक्तिहरुको योगदानलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

३. नेपालको संविधानमा उल्लिखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु, सङ्घीय र प्रदेश सरकारको नीति तथा कार्यक्रम, दिर्घकालिन सोंच २१००, दिगो विकासका लक्ष्य, नगरको प्रथम आवधिक योजना, विभिन्न ऐन, कानुन, नियम र कार्यविधिहरुबाट निर्देशित हुँदै यस नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेकी छु ।

४. सङ्घीय र प्रदेश सरकारबाट प्राप्त अनुदान, नगरपालिकाको आन्तरिक आयस्रोतको सिमीतता र नगरवासीको उच्च आकांक्षालाई मध्यनजर गरी सिमित स्रोतको बाबजुद पनि सामाजिक र आर्थिक क्षेत्रको पुनर्उत्थान गरी समृद्धिको यात्रालाई जारी राख्न बजेट विनियोजन गरेकी छु ।

५. बजेट विनियोजनमा स्थानीय टोलवासीको माग, वडा समिति, विषयगत समिति, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विभिन्न पक्षहरुबाट प्राप्त राय सुझाव समेतको सिफारिसको

आधारमा योजनाको प्राथमिकीकरण गरी बजेट विनियोजन गरेको छु। विनियोजित बजेटमा एकै पटक सिमित श्रोत साधनबाट असीमित आवश्यकता पुरा गर्न समस्या भए पनि सकेसम्म सबै क्षेत्र समेट्ने प्रयास गरेकी छु ।

६. "सन्धिखर्क नगरवासीको रहर, सुन्दर र समृद्द नगर" भन्ने मूल नारालाई मूर्तरुप दिन भरपर्दो सर्वसुलभ, गुणस्तरीय, जलवायू उत्थानशील तथा दिगो पुर्वाधार विकास गर्दै अनुभूति गर्ने खालको कम खर्चिलो र सर्वसुलभ सेवा नगरवासीहरुलाई उपलब्ध गराई उनीहरुको जीवनस्तरमा क्रमिक सुधार ल्याउने विश्वास लिएकी छु ।

७. विकास आयोजनाहरुको कार्यान्वयनको अवस्थालाई मध्यनजर गर्दै चालु आर्थिक वर्षका कार्यक्रमहरुलाई आवश्यकता अनुरुप परिमार्जन, संशोधन र थपघट गरी कार्यान्वयन पक्षलाई सहज बनाउँदै उच्च भौतिक र वित्तीय प्रगति हासिल गर्ने उद्देश्य सहित गरिएका गतिविधिहरु समेतलाई आधार लिइ आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट विनियोजन गरेकी छु ।

८. स्थानीय सरकारको क्षेत्राधिकार भित्र रहेका कर तथा गैरकर राजस्वका क्षेत्रहरुलाई प्राथमिकतामा राखी दर तथा दायरा फराकिलो पार्दै नगरलाई आत्मनिर्भर बनाउने तर्फ जोड दिएकी छु ।

**सभाध्यक्ष महोदय,**

उपलब्ध स्रोत साधन र विभिन्न सम्भावनाको बाबजुद यस नगरपालिकामा निम्न चुनौतीहरु विद्यमान छनः

- उद्यमशीलता विकास गरी स्थानीय आर्थिक गतिविधिलाई चलायमान बनाउनु,
- बढ्दो बसाईंसराइ र वैदेशिक रोजगारीलाई नियन्त्रण गर्नु,
- विकासका गतिविधिहरुलाई सन्तुलित रुपमा अगाडि बढाउनु,
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्यको अभाव परिपूर्ति गर्नु,
- विपन्न गरीब परिवारलाई खाद्य संकटबाट मुक्त गराइ खाद्य सुरक्षा कायम गर्नु
- नगरपालिका क्षेत्रभित्रको अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्नु,

- ➢ भवन संहिताको प्रभावकारी कार्यान्वयन गरी सुरक्षित घर निर्माण र अव्यवस्थित सहरीकरणलाई व्यवस्थापन गर्नु,
- ➢ नगरभित्रका सम्पूर्ण सडकलाई तोकिएको मापदण्ड बमोजिम फराकिलो र व्यवस्थित गरी हरित सडकको रुपमा विकास गर्नु,
- ➢ भू-उपयोग नीति र योजनाका आधारमा जमिनको उपयोग गर्नु,
- ➢ लैङ्गिक हिंसा, कुसंस्कार र रुढीबादी परम्पराको अन्त्य गरी सभ्य र सुसँस्कृत समाजको निर्माण गर्नु,
- ➢ कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण गर्दै गरिबी तथा बेरोजगारी समस्यालाई न्यूनीकरण गरी आत्मनिर्भर नगरको निर्माण गर्नु,
- ➢ जलवायु अनुकूलन र जलवायु उत्थानशील पूर्वाधार निर्माण गर्नु,
- ➢ सिमित स्रोत र साधनबाट नगरवासीका असिमित आवश्यकतालाई परिपूर्ति गर्नु,

**सभाध्यक्ष महोदय,**

अब म सन्धिखर्क नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**प्रस्तुत बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छनः**

१. कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि गरी रोजगारी सिर्जना र गरीबी न्यूनीकरण गर्नु,

२. शिक्षा/स्वास्थ्यमा सर्वसुलभ पहुँच सुनिश्चित गर्दै स्वस्थ्य र दक्ष मानव संसाधनको विकास गर्नु,

३. प्रवाह हुने सेवा तथा विकासका आयाममा नवीनतम प्रविधिलाई छिटो, छरितो, सहज, प्रविधिमैत्री, पारदर्शी र पहुँचयोग्य बनाउनु,

४. आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यलाई तीब्रता दिनु,

५. पर्यटकीय स्थलहरूको संरक्षण र प्रचार प्रसार गरी पर्यटन प्रवर्धन गर्नु,

६. विपद्को पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ र पुनःस्थापनाको कार्यलाई चुस्त दुरुस्त राख्नु,

७. लक्षित वर्गका नागरिकहरूको स्रोत, साधन, अवसर र लाभमा समान पहुँच सुनिश्चित गरी समतामूलक समाजको निर्माण गर्नु,

८. नगरको विकास र सम्मृद्धिका लागि श्रोत परिचालन र समन्वय एवम् सहकार्यलाई प्राथमिकता दिँदै न्याय र नैतिकताका आधारित मर्यादित समाज निर्माण गर्नु।

**प्रस्तुत बजेटका उद्देश्यहरू हासिल गर्न देहायका प्राथमिकता निर्धारण गरिएको छः**

१. कृषि, उद्योग तथा पर्यटन र उत्पादन क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण,

२. जलवायु अनुकूलन र उत्थानशील पूर्वाधार निर्माण,

३. सामाजिक क्षेत्रको विकास, सामाजिक सुरक्षा ,

४. सुशासन, प्रविधिमैत्री सेवा प्रवाह र प्रभावकारी राजस्व परिचालन,

५. रोजगारी सिर्जना र गरीबी न्यूनीकरण,

६. विपद् व्यवस्थापन ।

१. नेपाल सरकार र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणको रूपमा प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान तथा राजस्व बाँडफाँटको पूरा रकम प्राप्त नहुँदा यसबाट चालु आर्थिक वर्ष २०८१/८२ को लागि स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन चुनौतीपूर्ण बनेको र आगामी आर्थिक वर्षको लागि समेत संघ/प्रदेशबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको रकममा सङ्कुचन भएको र आन्तरिक आयका संभावीत स्रोतहरू समेत प्रयाप्त नरहेको परिस्थितिमा सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्दैछु।

२. यस गरिमामय नगरसभामा बजेट प्रस्तुत गरिरहँदा सन्धिखर्क नगरवासीका आधारभूत आवश्यकताहरूको सम्बोधन गर्दै विकास र समृद्धिको आम आकाङ्क्षालाई शीघ्र सम्बोधन गर्नुपर्ने गहन जिम्मेवारी बोध भएको छ। आजसम्म हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्न र नगरपालिकाको विकास र समृद्धिको यात्रालाई निरन्तरता दिने मार्गमा प्रस्तुत बजेटले महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिएकी छु । यस सम्बन्धमा सन्धिखर्क नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र, सामाजिक सङ्घ संस्था,

सञ्चारकर्मी तथा आम नागरिकको प्रत्यक्ष एवम् परोक्ष सहयोग र ऐक्यबद्धता प्राप्त हुने कुरामा समेत म विश्वस्त छु ।

३. आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधानले निर्दिष्ट गरेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, मौलिक हकमा व्यवस्था भएका नागरिकका आधारभूत अधिकारहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित अन्य कानुनहरू, सोह्रौं योजना, सन्धिखर्क नगरपालिकाको प्रथम आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना, दीगो विकास लक्ष्य तथा १८ औं नगरसभाको दोश्रो बैठकबाट स्वीकृत नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रूपमा लिएकी छु । यसका अतिरिक्त स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरू, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक सङ्घ संस्था तथा विद्धत वर्ग एवम् पेसाविद्हरूबाट प्राप्त राय सुझाबहरूलाई समेत समावेश गरी बजेट तर्जुमा गरेकीछु ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८१/८२ को हाल सम्मको प्रगति सङ्क्षिप्त रूपमा सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्ष २०८१/८२ मा **चालु खर्च तर्फ** रू. ५५ करोड ६२ लाख ११ हजार ६८५ बजेट विनियोजन भएकोमा २०८२ ज्येष्ठ मसान्तसम्म रू. ३८ करोड ३८ लाख १७ हजार अर्थात करिब ६९.४९ प्रतिशत खर्च भएको छ ।

**त्यसैगरी पुँजीगत खर्च तर्फ** अन्तरसरकारी अख्तियारी तथा कार्य सञ्चालन कोष बाहेकको रू. ३१ करोड ६७ लाख ५८ हजार बजेट विनियोजन भएकोमा रू. २६ करोड ५ लाख ८९ हजार अर्थात करिब ८२.२६ प्रतिशत खर्च भएको बेहोरा यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु । सबै पक्षको सहयोग एवम् राजनीतिक साथै प्रशासनिक क्षमताका कारण उल्लिखित उपलब्धी हासिल भएको बेहोरा स्मरण गराउन चाहन्छु । आर्थिक वर्षको अन्त्य सम्म अर्थात आषाढ मसान्त सम्म चालु खर्च ९० प्रतिशत र पुँजीगत खर्च तर्फ ९५ प्रतिशत खर्च भइ समग्रमा वित्तीय प्रगती करिव ९३ प्रतिशत हुने अनुमान गरिएकोछ । यथार्थ वित्तीय प्रगती र भौतिक प्रगती सम्बन्धमा आर्थिक वर्षको अन्त्य पश्चात वार्षिक समीक्षा गरी अवगत गराइने बेहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**सामाजिक सुरक्षा र अन्तरसरकारी अख्तियारीतर्फ रू.** १९ करोड ७८ लाख ६ हजार प्राप्त भएकोमा तेश्रो त्रैमासिकको अन्त्य सम्ममा रू.१५ करोड ८९ लाख २० हजार अर्थात करिब ८० प्रतिशत खर्च भएको बेहोरा जानकारी गराउन चाहन्छु ।

चालु आर्थिक वर्ष २०८१/८२ मा चालु खर्च र पुँजीगत गरी कूल रु. १ अर्ब ७ करोड ११ लाख १७ हजार ५०० शुरु विनियोजन अनुमान भएकोमा संसोधित अनुमान रू. १ अर्ब ०९ करोड १६ लाख ४७ हजार ५७८ रहेको छ । खर्च बेहोर्ने स्रोत अन्तर्गत आन्तरिक राजस्वतर्फ रू. ३ करोड २० लाख सङ्कलन गर्ने लक्ष्य रहेकोमा २०८२ जेष्ठ मसान्त सम्म रू. ३ करोड ६६ लाख अर्थात लक्ष्यभन्दा बढी अर्थात ११४ प्रतिशत राजस्व सङ्कलन भइ आर्थिक वर्षको अन्त्य सम्ममा ४ करोड राजस्व सङ्कलन हुने र वार्षिक लक्ष्य भन्दा वढी अर्थात १२५ प्रतिशत राजस्व सङ्कलन हुने अनुमान छ । आन्तरिक आयका श्रोतहरु न्यून एवम् दायरा फराकिलो हुन नसकेका कारण दिगो आन्तरिक आयको रुपमा लिन कठिनाइ भएको बेहोरा यस सम्मनित सभा समक्ष स्मरण गराउन चाहन्छु ।

त्यसैगरी सङ्घीय राजस्व बाँडफाँटबाट रु. ११ करोड ८२ लाख प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रु. ९ करोड ३८ लाख ३३ हजार मात्र प्राप्त भएको छ। साथै लुम्बिनी प्रदेश सरकारबाट राजस्व बाडँफाँट बापत रू. १ करोड ३५ लाख ६२ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू. २ करोड १ लाख २० हजार अर्थात अनुमान भन्दा करिब ४८ प्रतिशत बढि रकम प्राप्त भएको छ।यो रकम अघिल्लो वर्षको प्राप्त हुनु पर्ने बाँकी राजस्व रहेको अनुमान गरिएकोछ । सङ्घ तथा लुम्बिनी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रू. १४ करोड १५ लाख ५९ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू. १३ करोड ६ लाख ४१ हजार मात्र अर्थात करिब ९१.७० प्रतिशत रकम मात्र प्राप्त भएको छ।लक्ष्य भन्दा बढी आन्तरिक राजस्व सङ्कलन भएता पनि अनुमान अनुसार राजस्व बाँडफाँट तथा वित्तीय समानीकरण अनुदानको रकम प्राप्त नहुँदा चालु आर्थिक वर्षका लागि गरिएको वार्षिक अनुमानभन्दा न्यून हुने देखिन्छ।जसको कारण चालु आर्थिक वर्षका लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका योजना तथा कार्यक्रमहरू तोकिएको समयमा सम्पन्न गर्न कठिनाई भएकोले आर्थिक वर्ष २०८२/८३ मा थप आर्थिक दायित्व सिर्जना हुने देखिन्छ। साथै गत आ. व. २०८०/८१ मा सङ्घीय समपुरक तथा विषेश अनुदानबाट सम्पन्न भएका आयोजनाहरुको रु. ४ करोड १६ लाख प्रतिबद्धता प्राप्त भएको तर हालसम्म निकासा नभएको कारण

नगरपालिकामा थप आर्थिक दायित्व पर्न सक्ने बेहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

अब म समग्र नगरपालिकाको बजेट तथा कार्यक्रमलाई क्षेत्रगत रूपमा विनियोजन गरी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**पूर्वाधार विकास**

१. सङ्घीय समपूरक अनुदान र सन्धिखर्क नगरपालिकाको लागत साझेदारीमा वडा नं. ५, ६, ७, ८ र १२ मा वडा कार्यालयको प्रशासकीय भवन निर्माण कार्य गत वर्षदेखि सुरु गरिएकोमा आगामी वर्षको कार्तिक मसान्त सम्ममा सम्पन्न हुनेछन। आगामी आर्थिक वर्ष मा सम्पन्न गर्नको लागि नगरपालिकाको लागत साझेदारी सहित रू. २ करोड ६६ लाख विनियोजन गरेकी छु ।

२. सङ्घीय समपूरक अनुदान कार्यक्रम अन्तर्गत फुदवाङ- डिही- किटेनी- खाँचीमैदान-खाँचीखोला-देउराली सडक स्तरोन्ती आयोजनाको लागि नगरपालिकाको साझेदारी सहित रू. २ करोड २५ लाख विनियोजन गरेकीछु ।

३. लुम्बिनी प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान र नगरपालिकाको लागत साझेदारीमा गंगासरोवर क्षेत्रको जैविक विविधता तथा प्राकृतिक स्रोत संरक्षण, ऐतिहासिक तथा पूरातात्त्विक स्थानको रुपमा परिचित मथुरा स्थित जंगबहादुर राणा जन्मेको मथुरावेसी पौवा संरक्षण तथा पहुँच मार्ग निमार्ण, प्राकृतिक सम्पदाको रुपमा रहेको वडा नं ११ स्थित रक गार्डेन संरक्षण, रिठेखोला- माझहटिया-जरेखोला ग्रामीण सडक स्तरोन्नति गरी कुल ४ वटा गत विगत वर्षदेखि कार्यान्वयन भइ सम्पन्न भएका तर चालु आर्थिक वर्ष मा प्रदेश सरकारबाट रकम विनियोन नभएकोले भुक्तानी बाँकी रहेका तथा सम्पन्नको चरणमा रहेको ऐतिहासिक खाँचीकोट दरबार सम्पन्नको लागि र आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्ताव भएको वलेवाङ-मथुरा-जरेखोला-जोगिमारे सडक, सन्धिखर्क, ५, ४, ११ र १२ गरी कूल ६ वटा परियोजना कार्यान्वयन गर्नको लागि कुल रू. १ करोड ८१ लाख विनियोजन गरेकी छु ।

४. **Green City/Smart City** को अवधारण अनुरुप सन्धिखर्क नगरक्षेत्रका मुख्य सडकहरूको स्तरोन्नति गर्दै जाने र अन्य सम्भावित भौतिक पूर्वाधार विकासको अभियानलाई अगाडि बढाउने नीति अनुरुप आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम **(LISP),** सहरी शासकीय तथा पूर्वाधार विकास कार्यक्रम, सडक बोर्ड, नेपाल र नगरपालिकाको आफ्नो श्रोत परिचालन गरिनेछ ।

५. सन्धिखर्क नगरक्षेत्रका मुख्य सडकहरूको मर्मत तथा स्तरोन्नतिको लागि सडक बोर्डबाट विनियोजित बजेटमा नगरपालिकाको म्याचिङ सहित रु ९१ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

६. नगरपालिकाको आफ्नै स्रोतबाट स.न.पा.-७ मा बहुवर्षिय ठेक्काद्वारा बहुउद्देश्यीय भवन निर्माणको काम आगामी आर्थिक वर्ष२०८२/०८३ मा सम्पन्न गर्नको लागि रु. २४ लाख ५० हजार बजेट विनियोजन गरेकीछु ।

७. सन्धिखर्क- १ स्थित चिस्यान केन्द्र (Cold Store) को निर्माण कार्य सम्पन्न गरी स्थानीय उपजको सङ्कलन तथा भण्डारण र बिक्री वितरणको लागि आवश्यक व्यवस्था मिलाउन बाँकी काम सम्पन्न गर्न आर्थिक वर्ष २०८२/०८३ को लागि सङ्घीय विशेष अनुदान तर्फ **"कृषिजन्य वस्तु सङ्कलन तथा बिक्री केन्द्र निर्माण र उपकरण व्यवस्थापन आयोजना"** शीर्षकमा यस वर्ष **रू. ८३ लाख बजेट** विनियोजन गर्ने व्यवस्था मिलाएकी छु जुन वहुवर्षिय रुपमा कार्यान्वयन हुनेछ ।

८. **स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)** कार्यान्वयनको लागि सन्धिखर्क नगरपालिका छनोट भएको र **रु. ३ करोड ७१** लाख बजेट समेत विनियोजन भएकोले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्विधि, २०८१ बमोजिम नगरपालिकाको सह-लगानी रु १ करोड २० लाख २५ हजार सुनिश्चित गर्दै प्राथमिकताको आधारमा योजना छनोट गरी कार्यान्वयन गर्न जम्मा रु ४ करोड ९१ लाख २५ हजार बजेट विनियोजन गरेकी छु ।

९. सहरी शासकीय तथा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि रु. **१ करोड** ५० लाख विनियोजन भएको छ । यसको सन्तुलित ढंगले कार्यान्वयन हुने बेहोरा जानकारी गराउन चाहन्छु ।

१०. ज्येष्ठ नागरिक तथा बाल उद्यान व्यवस्थापन शीर्षकमा सङ्घीय ससर्त कार्यक्रम अन्तर्गत **रु. १० लाख** विनियोजन गरिएको छ।

११. सन्धिखर्क नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा सार्वजनिक महत्वका सुपादेउराली मन्दिर परिसर, अर्घाखाँची अस्पताल, शान्ती बगैंचा, बसपार्क, टुँडीखेल र अर्घा भगवती मन्दिर परिसरमा सौन्दर्यीकरण र शान्ति सुरक्षा प्रयोजनार्थ **High Mast System Light** जडान गर्ने कार्य सम्पन्न भइसकेको र अन्य आवस्यक स्थानमा थप गर्न तथा यसको मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

१२. सन्धिखर्क नगरपालिका अन्तर्गतका वडा नम्बर १, २, ४, ५, ७, १०,११ र १२ का नदी किनाराहरूलाई करिडोरको रूपमा विकास गरी नदी किनारमा रहेका मानव बस्ती सहित खेतीयोग्य जमिनको संरक्षण गरीने छ।यसको लागि सङ्घीय र प्रदेश सरकारसंग विशेष पहल गरिनेछ ।

१३. झोलुङ्गे पुल तर्फ गत विगत आर्थिक वर्षको क्रमागत वराङ्दी खोला झोलुङगे पुल र वरखोला झोलुङगे पुल निर्माण कार्य सम्पन्न भएका तर संङ्घीय सरकारबाट न्यून बजेट विनियोजन भएकोले भुक्तानी हुन बाँकी रकमको लागि आवश्यक बजेट विनियोजन गरेकी छु । साथै आवश्यकतानुसार नगर क्षेत्र भित्र थप झोलुङे पुल निर्माणको कामलाई आवश्यक समन्वय गरिनेछ ।

१४. सङ्घीय सरकारबाट ससर्त अनुदान अन्तर्गत पाठशाला रासीचौर सडक, सन्धिखर्क-९ मा रु. ५० लाख, नयाँबजार पानी टङ्की हुदै काफलटारी देखि ढुंगे देउराली सडक, सन्धिखर्क-२ मा रु. २५ लाख, खाँचीखोला पञ्चासे सडक ढलान तथा स्तरोन्नती, सन्धिखर्क-७ मा रु. ४० लाख, नाङगेठाँटी देखि भूमिकास्थान मन्दिर सम्मको सडक स्तरोन्नती, सन्धिखर्क-४, मा रु. २५ लाख, देउरालीडाँडा सडक स्तरोन्नती, सन्धिखर्क-४ मा रु. २५ लाख, ढाँडखोला न्यौपाने टोल सडक स्तरोन्नती सन्धिखर्क-६ मा रु. ४० लाख, **गरी जम्मा रु. २ करोड ५ लाख** बजेट विनियोजन भएकोछ । समयमै ठेक्का बन्दोबस्त गरी कार्यान्वयन गरिने बेहोरा यस सम्मानीत सभा समक्ष जानकारी गराउन चाहन्छु ।

१५. प्रदेश सरकारबाट ससर्त अनुदान अन्तर्गत स्यानडाँडा लिफ्ट खानेपानी, सन्धिखर्क,७, मा रु. १० लाख, खाँचीमैदान सेती पोखरी मोटरबाटो सन्धिखर्क-७ मा रु. १० लाख, मथूराघाट पूर्वाधार निर्माण सन्धिखर्क-५ मा रु. १० लाख, फलेपथ खोपिडाँडा बन्दरबुटा खेल मैदान सन्धिखर्क-९ मा रु. ११ लाख २५ हजार, भद्राचौर खेल मैदान सन्धिखर्क-१० मा रु. १० लाख, पटुवाथुम शिवालय मन्दिर सन्धिखर्क-१ मा रु. १० लाख, राजुपानी फलेका पोखरा खाडा सडक ढलान सन्धिखर्क-९ मा रु. १५ लाख, पोखेडाँडा भेडावारी ट्राउट माछापालन मोटरबाटो, सन्धिखर्क-६ मा रु. १३ लाख ७५ हजार, तिँजुपानी मन्दली पोखरा खरिपाटा मोटरबाटो सन्धिखर्क-४ मा रु. १० लाख, कार्की टोला बाहमुर सिंचाइ कुलो मर्मत तथा निर्माण, सन्धिखर्क-९ मा रु. ५ लाख, अर्घा स्वास्थ्य चौकी स्तरोन्नती सन्धिखर्क-९ मा रु. २० लाख गरी **कुल रु. १ करोड २५** लाख विनियोजन भएको बेहोरा जानकारी गराउन चाहन्छु । उल्लिखित योजनामा विनियोजित बजेटबाट समयमै ठेक्का बन्दोबस्त गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ।

१६. पूर्वाधार विकास गर्दा जलवायू अनुकूलन र जलवायू उत्थानशील पूर्वाधार निर्माण एवम् सडक मापदण्ड र भवन संहिता समेतको पालनामा विशेष ध्यान दिइ प्रचलित वातावरण सम्बन्धी कानुन वमोजिम आवश्यकतानुसार DPR, एवम् IEE/EIA गरेर मात्र कार्यान्वयन गरिनेछ ।त्यसको निम्ती कार्यक्रम खर्च तर्फ आवश्यक बजेट विनियोजन गरेकी छु ।

१७. सङ्घीय एवम् प्रदेश सरकारका विषयगत मन्त्रालयहरुबाट नगरपालिका भित्र कार्यान्वयन हुने गरी विनियोजन भएका योजनाहरु समयमै कार्यान्वयन गर्न/गराउन नगरपालिकको तर्फबाट आवश्यक समन्वय गरिनेछ ।

**सामाजिक विकासः**

१८. सन्धिखर्क नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा सुधार एवम् शैक्षिक गुणस्तर वृद्धिका लागि सङ्घीय सरकारबाट ससर्त अनुदान शीर्षकमा प्राप्त हुने रकमको अतिरिक्त शैक्षिक गुणस्तर सुधार, नगर प्रमुखसँग विद्यार्थी कार्यक्रम, सामुदायिक विद्यालयमा अध्ययनरत गरीब, जेहेन्दार तथा उत्कृष्ट विद्यार्थी प्रोत्साहन कार्यक्रम, प्रारम्भिक बाल विकास सहजकर्ता

तथा विद्यालय कर्मचारीको पारिश्रमिक, बालमैत्री स्थानीय शासन प्रवर्धन समेतका शिक्षासँग सम्बन्धित कार्यक्रमका लागि बजेट विनियोजन गरेकी छु ।

१९. शिक्षकको पेसागत विकास, विद्यालय सुपरिवेक्षण, शिक्षक मेन्टोरिङ साथै मागमा आधारित क्षमता विकास कार्यशाला सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएकी छु ।

२०. गरिब तथा जेहेन्दार विद्यार्थीहरूको विद्यालय शिक्षा र स्नातक तहसम्मको अध्ययनलाई निरन्तरता दिनको लागि छात्रवृत्ति शीर्षकमा आवश्यक रकम विनियोजन गरेकी छु ।

२१. सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीहरूको विद्यालयमा उपस्थिति दर वृद्धि गर्नको लागि दिवा खाजामा रू. १ करोड ३८ लाख २१ हजार र सबै कक्षाका विद्यार्थीहरूको लागि निःशुल्क पाठ्यपुस्तक वितरण गर्न रू. ५० लाख ६९ हजार विनियोजन गरेकी छु ।

२२. महिनावारीको समयमा सामुदायिक विद्यालयमा अनुपस्थित हुने तथा आकस्मिक रूपमा कक्षा छोड्नु पर्ने परिस्थितिको अन्त्यका लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था तथा प्रयोग भइसकेको प्याडको वैज्ञानिक व्यवस्थापनको आवश्यक प्रबन्ध गर्न सङ्घीय ससर्त तर्फको रु. **१९ लाख ५५ हजार** बजेट खर्च गर्ने व्यवस्था मिलाएकी छु ।

२३. विद्यालय तहको शिक्षालाई प्रविधिमैत्री बनाउन आवश्यक योजनाहरू तर्जुमा गर्न तथा **ICT** को पहुँच नभएका विद्यालयहरुका लागि ल्यापटप/प्रोजेक्टरको व्यवस्थापन गर्ने कार्यका लागि **रू. ४ लाख** बजेट व्यवस्था गरेकी छु ।

२४. बालबालिका तथा युवायुवतीहरूको शारीरिक र मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको सम्भावनाका आधारमा खेलकुद प्रतियोगिता सञ्चालन गर्न र आवश्यकता अनुसार खेलमैदानको स्तरोन्नति तथा नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालनको लागि युवा तथा खेलकुद क्षेत्रमा बजेट विनियोजन गरिएको छ। यसको निम्ति खेलकुद प्रवर्धन कार्यक्रमको लागि **रू. ७ लाख** बजेट र राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालनको लागि **रू. ७ लाख** विनियोजन गरेकी छु ।

२५. सन्धिखर्क नगरपालिका भित्र रहेका आधारभूत तथा माध्यमिक तहका सामुदायिक विद्यालयहरूमा **एक विद्यालय एक पुष्प बगैँचाको निर्माण** अभियानलाई निरन्तरता दिन केही विद्यालयको लागि बजेट विनियोजन गरेकीछु ।

२६. अर्घाखाँची जिल्लाकै गौरवको रूपमा रहेको सन्धिखर्क नगरपालिका वडा नं १ मा अवस्थित श्री पाणिनि बहुमुखी क्याम्पसको स्रोत साधन न्यून रहेको हुँदा उक्त क्याम्पसलाई उच्च शिक्षाको विकासमा टेवा पुर्‍याउन व्यवस्थापन सहयोग र सोहि क्याम्पसमा अध्ययनरत गरीब तथा जेहन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने गरी **रू. १३ लाख** विनियोजन गरेकी छु ।

२७. नमूना विद्यालयहरुमा प्राधानाध्यापकहरुका लागि अध्ययन तथा अवलोकन भ्रमणको लागि रू. १ लाख ५० हजार, अति विपन्न वर्गका अविभावकका लागि सचेतना कार्यक्रमका लागि रु. १ लाख, प्रधानाध्यापक प्रोत्साहन भत्ता **रु. २ लाख** ४ हजार, सामुदायिक विद्यालयहरुमा त्रैमासिक, अर्ध वार्षिक तथा वार्षिक परिक्षा सञ्चालनको लागि **रु. ५ लाख** बजेट विनियोजन गरेकी छु ।

२८. शिक्षा तर्फ सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रमका अलावा नगरपालिकाको तर्फबाट **कुल रु. १ करोड ८८ लाख १९ हजार** बजेट विनियोजन गरेकी छु ।

२९. नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै सङ्घीय सरकारबाट ससर्त अनुदान शीर्षकमा प्राप्त हुने रकमको अतिरिक्त गन्धर्व र बादी समुदायको निःशुल्क स्वास्थ्य बिमाको लागि रू. **२ लाख**, महिला स्वास्थ्य स्वयम् सेविकाहरूको निःशुल्क स्वास्थ्य बिमा रू. **२ लाख ७५** हजार, पूर्ण संस्थागत प्रसुतीयुक्त वडा घोषणा गर्नका लागि लक्षित कार्यक्रम, पोषणमैत्री स्थानीय तह, वडा र स्वास्थ्य संस्था लक्षित कार्यक्रम, किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था लक्षित कार्यक्रम, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको तलब भत्ताको लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

३०. आयुर्वेद तथा वैकल्पिक उपचार सेवा बिस्तारको माध्यमबाट मानिसमा आहार विहार र व्यायाममा सुधार ल्याउनको लागि सङ्घीय ससर्त कार्यक्रमका अतिरिक्त नगरपालिकाको तर्फबाट निःशुल्क स्वास्थ्य शिविर सञ्चालन, गाउँ घर क्लिनिक सञ्चालन, खाँचीकोट, योगा थेरापीको लागि म्याट खरिद **समेत गरी रू. १०** लाख विनियोजन गरेकी छु

३१. अर्घाखाँची अस्पतालमा विशेषज्ञ सेवाको बिस्तार गरी जिल्लामै गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गर्न विशेषज्ञ डक्टरको पारिश्रमिकको **लागि रु. ७ लाख** रकम विनियोजन गरिएको छ ।

३२. नेपाल सरकारद्वारा निःशुल्क रूपमा उपलब्ध गराईएका औषधीहरूको उपलब्धतालाई सुनिश्चित गर्दै आर्थिक अवस्था कमजोर रहेका मधुमेह र उच्च रक्तचापका बिरामीहरूले प्रयोग गर्ने औषधी निःशुल्क रूपमा उपलब्ध गराउने र गर्भवती महिलाहरूलाई नगरपालिकाको तर्फबाट क्यालसियम चक्की निःशुल्क रूपमा वितरण गर्ने कार्य समेतको लागि औषधी खरिद शीर्षकमा नगरपालिकाको तर्फबाट **रू. १५ लाख** विनियोजन गरेकी छु ।

३३. मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोग लागेका र मेरुदण्डको पक्षघात भएका बिरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रू. ५ हजारका दरले रकम उपलब्ध गराउन स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम शीर्षकमा **रू. ४२ लाख ५० हजार** विनियोजन गरिएको छ । यसका अलावा सङ्घीय सरकारबाट विनियोजित ससर्त तर्फका कार्यक्रम तर्फको बजेट तत् क्षेत्रहरुमा खर्च गरिने बेहोरा समेत यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

३४. रूपन्देही जिल्लाभित्र सञ्चालनमा रहेका सरकारी, निजी तथा सामुदायिक अस्पतालहरूमा उपचार गराउने सन्धिखर्क नगरपालिका भित्रका स्थायी बासिन्दा/कर्मचारीहरूलाई आवश्यक रगत र रगतजन्य पदार्थ निःशुल्क उपलब्ध गराउन नेपाल रेडक्रस सोसाईटी, रक्त सञ्चार सेवा केन्द्र, रूपन्देहीसँग गरिएको सम्झौता अनुसार सुरु गरिएको कार्यक्रमलाई अर्घाखाँची अस्पतालमा समेत विस्तार गर्न रु. **४ लाख विनियोजन** गरेकी छु ।

३५. लक्षित वर्गका शिक्षित जनशक्तिलाई लोकसेवा आयोग र शिक्षक सेवा आयोगका प्रतिष्पर्धात्मक परीक्षामा सफल बनाउने र रोजगार बन्न टेवा पुर्‍याउने लक्ष्यका साथ लोकसेवा आयोग र शिक्षक सेवा आयोगका तयारी कक्षा सञ्चालनको लागि **रु. ३ लाख** बजेट विनियोजन गरेकी छु ।

३६. अपाङ्गता भएका व्यक्तिहरूको पहिचानको लागि अपाङ्गता परिचयपत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाएकी छु । जनजाती सशक्तिकरण कार्यक्रम, लैङ्गिक खण्डीकृत तथ्याङक सङ्कलन र प्रतिवेदन, महिला पञ्चेबाजा क्षमता विकास कार्यक्रम लगायतका कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेकीछु ।

३७. मानव बेचबिखन तथा वसारपसार विरुद्दको दिवस राष्ट्रिय, बाल दिवस, अन्तराष्ट्रिय

ज्येष्ठ नागरिक दिवस, अपाङ्गता दिवस, महिला दिवस लगायतका लक्षित दिवसीय कार्यक्रम मार्फत सचेतना अभिवृद्दीको लागि **रु. ३ लाख २०** हजार बजेट विनियोजन गरेकी छु।

३८. विपन्न समुदायको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गरी स्वस्थ नागरिक तयार गर्न गन्धर्व र बादी समुदायलाई लक्षित गरी निःशुल्क स्वास्थ्य बिमाको लागि आवश्यक व्यवस्था मिलाईएको छ ।

३९. टोल विकास संस्थाद्वारा समाजमा रहेका विभिन्न सामाजिक कुरीति, छुवाछुत, छाउपडी, बाल बिवाह, बहु बिवाह, दाइजो प्रथा, बोक्सी प्रथा जस्ता कुप्रथाको अन्त्यको लागि बहस पैरवी र चेतनामूलक अभियान सञ्चालनको लागि रु. १ लाख बजेट विनियोजन गरेकी छु ।

४०. ४०. नगरपालिका भित्रका विपन्न एकल महिलाहरूलाई आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुने अवस्थाको अन्त्यका लागि नगरपालिकाको ७५ प्रतिशत लागत साझेदारीमा विपन्न एकल महिला स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्न र उनीहरुको क्षमता अभिवृद्धीको लागि रु ३ लाख बजेट विनियोजन गरेकी छु ।

४१. भलिबल खेलको विकास गर्दै नगरपालिकाका महिला खेलाडिलाई खेलप्रति उत्साहित बनाउन उपप्रमुख महिला भलिबल खेल सञ्चालन गर्न रु. २ लाख बजेट विनियोजन गरेकी छु ।

४२. उपप्रमुख असल बुहारी सम्मान कार्यक्रममा रु २ लाख, उपप्रमुख अभिभावक विहिन बालबालिका सम्मान कार्यक्रम एकल महिला सम्मान कार्यक्रम, उपप्रमुख एकल महिला सशक्तिकरण कार्यक्रम तथा वडा नम्बर ६ का महिलाहरुलाई बाजा खरिद लगायतका कार्यक्रममा जम्मा रु. ६ लाख विनियोजन गरेकी छु ।

४३. मानवअधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्य योजनाको कार्यन्वयन सम्बन्धमा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरी मौलिक हक अधिकारहरुको संरक्षणमा टेवा पुर्‍याउने उद्दश्यले लागि रु, **१ लाख** बजेट विनियोजन गरेकीछु ।

४४. लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण तर्फ सङ्घीय सरकारबाट विभिन्न कार्यक्रमहरुको लागि विनियोजन भएको रु. १४ लाखका अतिरिक्त नगरपालिकाबाट

आगामी आर्थिक वर्ष २०८२/०८३ को **लागि रु. ३४ लाख गरी कुल रु. ४८ लाख विनियोजन** गरेकी छु ।

४५. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सङ्घीय सरकारबाट विनियोजित रु. १० लाख र नगरपालिका र घरधनीको ७५:२५ लागत साझेदारीमा टिनको छानो लगाउने कार्यक्रमको लागि रु. ५० लाख गरी आगामी आर्थिक वर्षमा सुरक्षित नागरिक आवास शीर्षकमा रु. **६० लाख बजेट** विनियोजन गरेकी छु।

**आर्थिक विकासः**

४६. नगरपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन प्रदेश विशेष अनुदान कार्यक्रम अन्तर्गत नवीनतम प्रविधि सहितको **“धान, मकै बाली प्रवर्धन कार्यक्रम” मा** रु. ४० प्रस्ताव गरिएकोमा १७ लाख विनियोजन भएको छ। उक्त रकम सोही प्रयोजनको लागि प्रभावकारी ढंगले कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

४७. रैथाने बाली (कोदो, फापर, जुनेलो, झिलिङी, कालो काउली, गहत, लट्टे आदी) को प्रवर्धन गर्न निःशुल्क बिउ वितरण गर्नको **लागि रु. १ लाख** विनियोजन गरेकी छु ।

४८. कृषि व्यवसायलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रीकरण तथा बजारीकरण मार्फत औद्योगिकीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरी आय आर्जन बढाउनुका साथै रोजगारी श्रृजना गरी नगरपालिकालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालनको लागि प्रदेश एवम् सङ्घीय बजेट खर्च गर्ने व्यवस्था मिलाईनुका अतिरिक्त जिल्ला स्थित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र कृषि ज्ञान केन्द्रसँग आवश्यक समन्वय गरिनेछ ।

४९. प्रत्येक वडामा सम्भाव्यताका आधारमा पकेट क्षेत्रको विकास गर्न र माटो सुहाउँदो बालीको छनोट गर्न माटो परीक्षण शिविर सञ्चालन गर्न एवम् मागमा आधारीत घुम्ती स्थलगत तालिम सञ्चालनको लागि **रु. १ लाख** बजेट विनियोजन गरेकी छु ।

५०. आगामी आर्थिक वर्ष २०८२/०८३ मा सङ्घीय अनुदान कार्यक्रम अन्तर्गत संभावीत क्षेत्रमा तरकारीको उत्पादन तथा उत्पादकत्व वृद्दि गर्ने गरी “**तरकारी पकेट विकास कार्यक्रम**” प्रस्ताव **गरिएकोमा रु. १२ लाख** विनियोजन भएको छ त्यसै

गरी गत आर्थिक वर्ष देखि सन्धिखर्क नगरपालिका वडा न ५, ८, १० र ११ मा सञ्चालित कफी पकेट विकास कार्यक्रम कार्यान्वयनको **लागी रु. ६ लाख** विनियोजन भएको छ। संभावीत क्षेत्रमा सुन्तलाको उत्पादन तथा उत्पादकत्व वृद्दि गर्ने गरी **"सुन्तला विशेष कार्यक्रम" मा रु. ९ लाख** विनियोजन भएको बेहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

५१. नगरपालिका भित्रका कृषकहरूलाई उपलब्ध गराइएका यन्त्र उपकरणहरुको सञ्चालन एवम् मर्मत सम्भारको लागि आवश्यक तालिमको व्यवस्था गर्न तथा कृषकहरूको मागको आधारमा आवश्यकता अनुसार तालिम तथा प्रविधि हस्तान्तरण गर्न र साझेदारीमा कृषकको मागमा आधारित साना कृषि मेसिनरी औजार तथा नविनतम् प्रविधि हस्तान्तरण गर्न तथा कृषकहरूलाई उन्नत बिउको खरिद मूल्यमा अनुदान दिई उन्नत बिउ वितरकलाई प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

५२. जलवायु उत्थानशील क्षमता अभिवृद्दि गर्दै जलवायु परिवर्तनबाट कृषि प्रणालीमा पर्ने क्षति न्यूनिकरण गर्न जलवायु अनुकूलन कृषि तथा पशुपन्छी उत्पादनका क्षेत्रमा प्राविधिक सेवा उपलब्ध गराउन तथा कृषि बालीमा लाग्ने रोग, किरा व्यवस्थापनको लागि आकस्मिक बाली संरक्षण तथा बाली उपचार सेवा उपलब्ध गराउन **"किसानको खेतबारीमा नगरपालिका"** भन्ने भावना वृद्धि गर्न आकस्मिक बाली संरक्षण कार्यक्रमको **लागि रु. २ लाख,** हिंउदे तथा वर्षे फलफुल र जडिबुटी तथा धार्मिक महत्वका बिरुवा (५० प्रतिशत अनुदान) को लागि **रु. ६ लाख,** उत्पादित उपजको बिक्रीमा प्रोत्साहन अनुदानमा रु. ६ लाख बाली बिशेष कार्यक्रम (अदुवा/बेसार ५० प्रतिशत अनुदान) को **लागि रु. २ लाख,** मौरीघार तथा मौरीजन्य सामग्री वितरण कार्यक्रममा रु. **८ लाख ५०** हजार बजेट विनियोजन गरेकी छु ।

५३. कृषि तथा पशुपन्छी क्षेत्रमा प्राकृतिक तथा दैवि प्रकोपको कारण क्षति भएका कृषकहरूलाई कृषि तथा पशुपन्छी विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७८ बमोजिम नगद राहत उपलव्ध गराउने कार्यको लागि र आकस्मिक बाली संरक्षण कार्यक्रमका लागि साथै वन्यजन्तुबाट बाली संरक्षण गर्न मागमा आधारित सामग्री वितरण विशेष कार्यक्रमको **लागि रु. ५ लाख** बजेट विनियोजन गरेकी छु ।

५४. नगर क्षेत्रका विभिन्न स्थानहरूमा सम्भाव्यताका आधारमा आत्मनिर्भरता वृद्धि

गर्नुका साथै निर्यात गर्न सकिने गरी एभोकाडो, किवी, ड्रागन फ्रूट, कागती, आरू, आरूबखरा मेकाडेमिया नट र दाँते ओखर खेतीलाई प्रवर्धन गर्दै हिउँदे तथा वर्षे फलफुल र जडिबुटी तथा धार्मिक महत्वका बिरुवा (५० प्रतिशत) अनुदानमा वितरण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

५५. विदेशबाट फर्किएर व्यावसायिक कृषि कार्यमा लागेका नगरवासीहरूलाई प्रोत्साहन गर्न नेपाल बैंङ्क लि. संग भएको सम्झौता बमोजिम बैंङ्कमा रहेको जमानी रकमको आधारमा बैंङ्कबाट कर्जा उपलब्ध गराउन सुलभ कर्जा कोषमा रहेको रकम उक्त प्रयोजनका लागि सहजीकरण गरिनेछ ।

५६. किसान सूचिकरण कार्यक्रम तथा कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

५७. समूह सहकारी मार्फत खाद्यान्न बालीको श्रोत बिउ उत्पादन कार्यक्रमको लागि **रु. २ लाख** बजेट विनियोजन गरेकीछु । त्यस्तै अकबरे खुर्सानी प्रवर्धन कार्यक्रमको लागि **रु. २ लाख** विनियोजन गरेकी छु ।

५८. कृषि उत्पादन वृद्धिको लागि साना सिंचाइ विशेष कार्यक्रममा **रु. १० लाख** विनियोजन गरेकी छु।

५९. नगरपालिका र सम्बन्धित कृषकको लागत साझेदारीमा कृषि व्यवसायमा संलग्न व्यावसायिक कृषकहरूलाई कृषि औजार, मल, बिउ र बेर्ना उपलब्ध गराउने समेतका कार्य गर्न कृषि क्षेत्रको लागि आवश्यक बजेट व्यवस्था गरेकी छु ।यसको लागि सङ्घीय ससर्त एवम् वडाबाट समेत बजेट विनियोजन भएको बेहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

६०. छाडा कुकुरमा स्थायी बन्ध्याकरण तथा रेबिज रोगको भ्याक्सिनेसन कार्यक्रमलाई निरन्तरता दिई रेबिज रोग मुक्त नगरपालिका बनाउने तथा छाडा कुकुरहरूको व्यवस्थापन गर्ने कार्यका लागि **रु. ८ लाख** बजेट विनियोजन गरेकी छु ।

६१. सङ्घीय तथा लुम्बिनी प्रदेश सरकारबाट ससर्त अनुदान शीर्षकमा प्राप्त हुने रकमको अतिरिक्त रेबिज भ्याक्सिन खरिद, खनिज निश्रण डल्ला वितरण, कृत्रिम गर्भाधान

मिसन कार्यक्रम, गाईं भैंसीमा हुने भ्यागुते चरचरे पि. पि. आर. र खोरेत भ्याक्सीन खरिद तथा अत्यावश्यक औषधी तथा घाँसको बिउ खरिद लगायत पशुपालक कृषक र व्यवसायीलाई प्रोत्साहित गर्दै व्यवसायीकरणतर्फ उन्मुख गराउन आवश्यक रकम विनियोजन गरेकी छु ।

६२. **"घरदैलोमा प्राविधिक सेवा, व्यवसायिक कृषिजन्य उत्पादनमा टेवा"** भन्ने मान्यतालाई आत्मसात गर्दै महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रममा औषधि, लजिस्टिक सामान खरिद तथा व्यवस्थापन तथा व्यवसायीक फर्ममा आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण तथा गाइ भैंसीमा बाँझोपन नियन्त्रण/डोर टु डोर कार्यक्रमको लागि **रु. ६ लाख** बजेट विनियोजन गरेकी छु ।

६३. स्वच्छ, सफा तथा गुणस्तरयुक्त मासु, दुध तथा दुधजन्य पदार्थको सेवन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारीलाई मध्यनजर गर्दै मासु तथा दुधजन्य पदार्थ बिक्रीवितरण गर्ने व्यवसायीहरूको सघन अनुगमन तथा निरीक्षण गर्न तथा यस सम्बन्धी सचेतनामूलक क्रियाकलाप सञ्चालन गर्न **रु. १ लाख ५० हजार** बजेट विनियोजन गरेकी छु ।

६४. हलगोरु पाल्ने कृषकलाई प्रोत्साहन गर्न प्रति कृषक रु. ५ हजारका दरले वितरण गर्ने गरी **रु. ५ लाख** विनियोजन गरेकीछु ।

६५. नगरक्षेत्रभित्र पसुजन्य रोगको निदान तथा उपचार प्रभावकारी बनाउने उद्देश्यले सञ्चालनमा रहेको एक पालिका एक भेटेनरी डक्टर कार्यक्रमको लागि रु. ५ लाख विनियोजन गरेकी छु ।

६६. दूध तथा दुग्धजन्य पदार्थ उत्पादनमा वृद्दि गर्न भैंसी प्रवर्धन कार्यक्रमको लागि **रु. ५ लाख** र मासुजन्य पदार्थमा आत्मनिर्भर हुन बाख्रा प्रवर्धन कार्यक्रमको लागि **रु. ५ लाख** विनियोजन गरेकी छु।

६७. यसरी विविध कार्यक्रमहरु कार्यान्वयन गर्न पशु विकास तर्फ सङ्घीय ससर्त कार्यक्रमका अतिरिक्त नगरपालिकाको तर्फबाट आगामी आर्थिक वर्षको लागि **रु ५६ लाख ७० हजार** विनियोजन गरेकीछु ।

## सहकारी

६८. स्थानीय कृषि उत्पादनको प्रशोधन, भण्डारण, प्याकेजिङ, लेभलिङ तथा ब्राण्डिङ गरी खरिद बिक्री तथा बजारीकरण गर्नको लागि प्रतिष्पर्धाको माध्यमबाट सहकारी संस्थाको छनोट गरी स्थानीय कृषकहरूबाट उत्पादित स्थानीय प्रजातीको धान ब्राण्डीङ तथा बजारीकरण गर्नको लागि **रु २ लाख** बजेट विनियोजन गरेकीछु ।

६९. रैथाने बालीको संरक्षण तथा प्रवर्धन गर्ने सहकारी मार्फत रैथाने बाली ब्राण्डिङ प्याकेजिङ तथा बजारीकरणको लागि आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाएकी छु ।

७०. सहकारी क्षेत्रको क्षमता विकास, अनुगमन, नियमन, प्रवर्धन र विकासमा जोड मर्जरमा जान चाहने सहकारीलाई प्रोत्साहन गर्ने तथा सहकारीको भावना विपरित सञ्चालन गर्ने तथा आफैले बनाएको विनियम पालना नगर्ने सहकारी संस्थाहरूलाई प्रभावकारी अनुगमन गर्न तथा कृषि सहकारीलाई नाम अनुसारको उत्पादनमुलक कार्यमा प्रोत्साहन गर्ने क्रियाकलाप समेतको लागि सहकारी शाखातर्फ **रु. १५ लाख** विनियोजन गरेकीछु ।

## उद्योग व्यवसाय प्रवर्धन

७१. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) मार्फत गरीबीको रेखामुनी रहेका जनतालाई सिप विकास तालिमको माध्यमबाट उद्यमशीलता विकास गरी स्वरोजगार बनाउने कार्यलाई लागि नगरपालिकाको तर्फबाट लागत साझेदारी गर्ने नीति कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।

७२. नगरपालिकाको पहिचाको रुपमा रहेको कुमाल समुदायको जिविकोपार्जनको प्रमुख आधारको रूपमा रहेको माटाका भाँडा/सेरामिक्स बनाउने पेसाको संरक्षण र संवर्धन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै रोजगारी सिर्जना गर्न सेरामिक्स उद्योगको स्थापना, विकास र संरक्षण गर्न उच्च प्राथमिकता दिंदै आवश्यक समन्वय गरिनेछ ।

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा

७३. वैदेशिक रोजगारीका लागि विदेशिन चाहने युवाहरूलाई आवश्यक सूचना तथा परामर्श सेवा उपलब्ध गराउने, वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भएका

परिवारलाई उपलब्ध हुने राहत सम्बन्धमा आवश्यक सहजीकरण गर्ने तथा विद्यालय तथा समाजमा विभिन्न किसिमका मानसिक समस्याबाट पीडित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श उपलब्ध गराउने र वित्तीय साक्षरता कार्यक्रम लगायत सुरक्षित आप्रवासन कार्यक्रमसँग सम्बन्धित विभिन्न क्रियाकलाप सञ्चालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेकी गरेकी छु ।

७४. राष्ट्रिय रोजगार कार्यक्रम मार्फत विकास निर्माण तथा उत्पादनसँग सम्बन्धित कार्यमा नगर क्षेत्रभित्रका युवाहरूलाई निश्चित समय सम्मका लागि आन्तरिक रोजगारी सिर्जना/ प्रवर्धनका क्रियकलाप सञ्चालन गर्न नगरपालिकाको ५० प्रतिशत साझेदारी **सहित रु. १० लाख ६०** हजार विनियोजन गरेकी छु।

७५. आन्तरिक रोजगारी प्रवर्धन लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्धन कार्यक्रम, श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सञ्चालन तथा रोजगार संवाद मञ्च सञ्चालन लगायत समग्र **राष्ट्रिय रोजगार कार्यक्रम शीर्षकमा रु १९ लाख ३०** हजार विनियोजन गरेकी छु ।

**वन, वातावरण तथा विपद् व्यवस्थापनः**

७६. नगरक्षेत्र भित्र उत्सर्जन हुने फोहरलाई स्रोतमै वर्गीकरण पश्चात मात्रै सङ्कलन तथा व्यवस्थापन गर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ । हाल प्रयोगमा रहेको डम्पिङ साइटलाई फोहरमैला व्यवस्थापन स्रोतकेन्द्रको रूपमा विकास गर्न तथा कुहिने फोहरबाट जैविक मल बनाउन आवश्यक पूर्वाधार निर्माण र उपकरण खरिदको लागि **स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)** मा विनियोजित बजेट परिचालन गरिनेछ ।कुहिने फोहोरलाई प्रशोधन गरी **By-Product** को रुपमा उत्पादित प्राङ्गारिक मललाई कृषिउपज उत्पादनमा सुपथ मूल्यमा प्रयोग गर्ने व्यवस्था मिलाईने छ ।जसको कारण फोहरमैला व्यवस्थापन स्रोतकेन्द्रको सञ्चालन खर्चमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

७७. **फोहरमैला व्यवस्थापन केन्द्र (Dumping Site)** हालको स्थान सानो भएका कारण व्यवस्थापन गर्न कठिनाइ भएकोले यसको क्षेत्र विस्तार गर्न जग्गा प्राप्ती समेतको लागी **रु २५ लाख** विनियोजन गरेकी छु ।

७८. खोला र पहिरोको जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन गर्दै जोखिम नियन्त्रणको लागि आवश्यक पहल गरिनेछ । साथै सङ्घीय र प्रदेश सरकारसँगको समन्वय र सहलगानीमा नगर क्षेत्रभित्रका विपद्को जोखिममा रहेका बस्तीहरूको स्थानान्तरण र पूर्ण क्षति भएका संरचनाको पूनर्निर्माणको लागि विपद् व्यवस्थापन शीर्षकमा आवश्यक रकम विनियोजन गरिएको छ ।

७९. नरपानीमा रहेको गङ्गा सरोवर क्षेत्रको थप सौन्दर्यीकरण गर्दै प्रर्यटन प्रवर्धनको लागि गन्तब्य स्थलको रुपमा विकास गर्न पर्यटन प्रवर्धन मार्फत आन्तरिक आय वृद्धि गर्न तथा पर्यटकीय स्थलको रूपमा संरक्षण तथा संवर्धन गर्न निजी क्षेत्रसँग सहकार्य गर्दै पिकनिक स्थलको समेत निर्माण तथा सौन्दर्यीकरण गरी मनोरन्जनात्मक पर्यटकीय केन्द्रको रूपमा विकास भएकोले पूर्वाधार एवम् मनोरन्जन शुल्क लगाउने आवश्यक व्यवस्था मिलाईनेछ ।

८०. मानवीय तथा प्राकृतिक कारणले उत्पन्न विपद्को व्यवस्थापन एवम् उद्धार सामग्री खरिद गरी तत्काल राहत उपलब्ध गराउन विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने व्यवस्था मिलाएकी छु ।

८१. वृक्षारोपण, वन तथा वन्यजन्तु संरक्षण, वातावरण संरक्षण लगायतका वातावरण अनुकूलनका कार्यक्रम सञ्चालन गर्नका लागि बिपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरी बजेट व्यवस्थापन गरिनेछ ।

८२. नगरपालिका भित्रका सामुदायिक वन उपभोक्ता समितिसँग अन्तर्क्रिया कार्यक्रम र सामुदायिक वन उपभोक्ता नगर महाँसंघको कार्यालय व्यवस्थापनको लागि रु. **१ लाख २५** हजार विनियोजन गर्ने व्यवस्था गरेकी छु ।

८३. पुराना पोखरी, वर/ पिपल र स्वामीका रुखहरु लोप हुन नदिन र संरक्षण गर्न आवश्यक पहल गरिनेछ। विकासका गतिविधि सञ्चालन गर्दा यस्ता सम्पदाहरुको संरक्षण गर्ने नीति अख्तियार गरिनेछ। नगर क्षेत्र भित्रका धेरै क्षेत्रहरू सुख्खा क्षेत्रको रूपमा रहेका हुँदा नगर क्षेत्रका विभिन्न स्थाहरूमा रिचार्ज पोखरीको निर्माण गरी पानी संरक्षण गर्ने कार्यलाई प्रभावकारी बनाउन प्रारम्भमा **“एक वडा, एक रिचार्ज पोखरी”** निर्माण गर्ने कार्यको थालनी गर्नका लागि आम नागरिकलाई श्रमदान गर्न प्रोत्साहित गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

८४. नगरपालिका भित्र सञ्चालनमा रहेका, मर्मत गर्नु पर्ने खानेपानी योजना तथा आवश्यक नयाँ खानेपानी योजना (wash Plan) को लागि तथ्याङ्क अद्यावधिक गर्नको लागि **रु. २ लाख** विनियोजन गरेकी छु ।

८५. नगरपालिका क्षेत्रभित्रका विपद् संवेदनशील घरहरुको जोखिम बिमा गर्न आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाएकी छु।

८६. नगर भित्रका पर्यटकीय स्थलहरूमा न्यूनतम पर्यटन पूर्वाधार, पहुँचमार्ग, शौचालय, खानेपानी, पार्क तथा विश्राम स्थलको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिन तथा नगर क्षेत्र भित्रका सार्वजनिक पार्कहरूलाई क्रमशः खुला व्यायामशाला तथा मनोरञ्जन पार्कको रूपमा विकास गर्दै लैजान आवश्यक व्यवस्था मिलाईने छ ।

८७. सुपा देउरालीमा आउने श्रद्दालु भक्तजनहरुलाई वडा नं ६ मा रहेको पोखेडाँडा होमस्टेमा एक पटक होमस्टे पुग्ने वातावरण श्रृजना गर्ने प्रवर्धनात्मक क्रियाकलाप सञ्चालन गर्न तथा होमस्टे सञ्चालित क्षेत्रमा पुष्प खेती कार्यक्रम कार्यान्वयन गर्न आवश्यक प्रवर्धनात्मक कार्यक्रम सञ्चालनार्थ बजेटको व्यवस्था मिलाएकी छु ।

८८. सन्धिखर्क नगरपालिका वडा नं. ७ स्थित सुपादेउराली मन्दिरको उत्तरी किनारी साइटमा रहेका फुल, प्रसाद र फोटो स्टुडियो समेतका टङ्की पसलहरुको साइज एक नास नभएको तथा मापदण्ड बमोजिम नबनेका कारण मन्दिर क्षेत्र कुरुप भएको, साथै उल्लिखित टङ्की देखि माथिल्लो खण्ड भिरालो जमिन रहेको, विगतमा ढुंगा समेत खसी १ जना व्यवसायीको मृत्यु भएको विषय समेतलाई मध्यनजर गरी भविष्यमा पुनः मानवीय दुर्घटना हुन सक्ने देखिएकोले हाल जसको र जुन स्थानमा टङ्की रहेको छ सोही स्थानमा सम्बन्धित व्यक्तिले आफ्नो लागतमा नगरपालिकाले तोकेको मापदण्ड बमोजिम हुने गरी पुराना टङ्की विस्थापन गरी जोखिमरहित व्यवसायीक टङ्की निर्माण गर्न अनुमति दिइने व्यवस्था अंगिकार गरी सुपादेउराली मन्दिर परिसरको सौन्दर्यता बढाउने र विपद् जोखिम न्यूनीकरण गर्ने व्यवस्था मिलाईनेछ । यसको लागि सरोकारवाला निकायसँग समन्वय गरिने छ ।

८९. वन, वातावरण र विपद् व्यवस्थापन तर्फ विभिन्न गतिविधि एवम् आकस्मीक र अप्रत्यशित घट्नाहरुको सम्बोधन गर्नको लागि वडा कार्यालयबाट प्राप्त कार्यक्रम सहित रु. ७५ लाख ८० हजारमा नघट्ने गरी बजेट विनियोजन गरेकी छु ।

**सुशासन तथा संस्थागत विकासः**

९०. विद्यमान ऐन, कानुन, समसामयिक विषयवस्तु तथा कार्यसम्पादनमा आवश्यक पर्ने सिप सम्बन्धमा जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

९१. नगरपालिकाबाट सम्पादन हुने कामलाई पारदर्शी बनाइ जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिकप्रति उत्तरदायी बनाउनका लागि सार्वजनिक सुनुवाइ, वार्षिक चौमासिक समिक्षा तथा सामाजिक परिक्षण लगायतका कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

९२. नगरपालिकको आन्तरिक आयमा वृद्धि गर्न विभिन्न कारणबाट व्यवसाय दर्ता तथा नवीकरण गरी नियमित हुन छुट भएका करदातालाई करको दयारामा आउनको लागि **"कर सहभागिता कार्यक्रम"** सञ्चालन प्रयोजनार्थ **रु. ४ लाख** विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

९३. नगरपालिका र वडा कार्यालयहरूबाट प्रवाह हुने सेवालाई सहज र सूचना प्रविधिमैत्री बनाइ अभिलेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई चुस्त बनाउन कार्यक्रम सञ्चालन गर्ने कार्यका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

९४. स्वीकृत सङ्गठन संरचना र दरबन्दी तेरिज अनुसार रिक्त दरबन्दीमा स्थायी पदपूर्ति गर्न गर्नका लागि बजेट व्यवस्थापन गरेकी छु ।

९५. दुर्घटनामा पर्ने नगरसभा सदस्यहरू तथा कर्मचारीहरुको उपचार सहयोगार्थ यस आर्थिक वर्षदेखि दुर्घटना बिमा कार्यक्रम सुरु गरिएकोमा आगामी आर्थिक वर्ष पनि निरन्तरता दिइनेछ। त्यसको लागि आवश्यक बजेटको व्यवस्था मिलाएकी छु ।

९६. कार्यालयको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन तथा कर्मचारीमा उत्प्रेरणा जगाउन स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन **रू. २० लाख** तथा कर्मचारी कल्याण कोष **बापत रु. १५ लाख** विनियोजन गर्ने व्यवस्था मिलाएकी छु ।

९७. नगरपालिकाबाट प्रदान गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइनेछ ।आवश्यकताको आधारमा जनतालाई सर्वसुलव र कम खर्चिलो सेवा पुर्‍याउन

घुम्ती सेवाको माध्यमबाट वडाका टोल/समुदायमा समेत सेवा पुर्याइ **“सेवाको वरिपरि जनता होइन, जनताको वरिपरि सेवा”** भन्ने भावनाको विकास गरिनेछ । सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिक प्रति उत्तरदायी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था थप प्रभावकारी बनाइनेछ ।यसको लागि आगामी आर्थिक वर्ष २०८२/८३ को लागि कार्यालयको चालु तथा पुँजीगत विभिन्न खर्च शीर्षकहरुमा विनियोजित बजेट खर्च गर्ने व्यवस्था मिलाईने छ ।

९८. हाल सञ्चालनमा रहेका सामुदायिक लिफ्टिङ्ग खानेपानी योजनाहरूको विद्युत महशुलको ६० प्रतिशत रकम नगरपालिकाबाट भुक्तानी गर्ने व्यवस्थालाई आगामी वर्षमा समेत निरन्तरता दिने प्रयोजनको लागि **रु. १० लाख** रकम विनियोजन गरेकी छु ।

९९. सम्पन्नको चरणमा रहेका नयाँ वडा कार्यालयहरुबाट सेवा प्रवाह सुचारु गर्न तथा सेवालाई चुस्त दुरुस्त बनाउन फर्निचर तथा फर्निसिङको लागि **रु. १०** लाख बजेट विनियोजन गरेकी छु ।

१००. नगर क्षेत्रभित्र विभिन्न स्थानहरुमा जडान गरिएका सिसिटिभी क्यामेराहरूलाई सडक सुरक्षा, दुर्घटना नियन्त्रण, अपराध नियन्त्रण तथा विपद् व्यवस्थापनको लागि एकिकृत रूपमा प्रयोग गरी नियमित मर्मत सम्भारको समेत व्यवस्था मिलाईनेछ।आवश्यकतानुसार थप स्थान पहिचान गरी सिसिक्यामेरा जोड्ने कार्क्रमलाई प्राथमिकता दिइने छ ।

१०१. साविकमा नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा र माध्यमिक तह सम्मका विद्यालयहरुमा जडान गरिएको विद्युतिय हाजिरी प्रणालीलाई आगामी आर्थिक वर्ष २०८२/०८३ मा आधारभूत तह (कक्षा १-८) सम्म विस्तार गर्न आवश्यक बजेट विनियोजन गरेकीछु ।

१०२. सुशासन, शासकीय सुधार, विकास निर्माण, सेवा प्रवाह लगायतका सूचनाहरु आम नागरिकसम्म सहज र सरल रुपमा पुर्याउन सञ्चार माध्यम एवम् प्रेस जगतसंग सहकार्य गरिनेछ । नगरपालिकाको विभिन्न क्षेत्रमा कलम चलाउने र नगरका गतिविधिलाऱ्इ नियमित रूपमा नागरिक समक्ष पुर्याउने कार्यमा योगदान गर्ने

लेखक, पत्रकार, सञ्चारकर्मी तथा मिडियासँग आवश्यकता अनुसार सहकार्य गर्ने नीति लिंदै यस अन्तर्गत आगामी आर्थिक वर्ष विभिन्न शीर्षकहरुमा विनियोजित बजेट व्यवस्थापन गरिनेछ ।

१०३. सरकारी खर्चलाई मितव्ययी, पारदर्शि, प्रभावकारी र नतिजामूलक बनाउन चालु खर्चलाई वान्छित सिमा भित्र राख्दै पुंजीगत खर्च वृद्धि गर्न प्राथमिकता दिइनेछ । **"खर्चमा मितव्ययिता, शून्य बेरूजु हाम्रो प्रतिबद्धता"** भन्ने मान्यतालाई मनन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउँदै विगतका आर्थिक वर्षहरूमा कायम हुन आएका बेरूजु फछ्र्यौटलाई प्राथमिकता दिने व्यवस्था मिलाईनेछ ।

१०४. नगरपालिकामा रहेको न्यायीक समिति तथा वडा स्तरीय मेलमिलाप केन्द्रहरुलाई चलायमान बनाउने उद्देश्यले आवश्यक रकम विनियोजन गरेकी छु ।

१०५. न्यायिक क्षेत्रमा विभिन्न पालिकाहरुले गरेका असल अभ्यासहरुको आदान प्रदान गर्ने प्रयोजनार्थ न्यायिक सम्मेलन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु। यससँगै न्यायिक क्षेत्रमा जम्मा रु. **१३ लाख ५० हजार** विनियोजन गरेकीछु ।

**सभाध्यक्ष महोदय, सभाका सचिवज्यू र सभाका सदस्यज्यूहरु,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१०६. आगामी आर्थिक वर्ष २०८२/८३ का नीति तथा कार्यक्रम अनुरुप प्रस्तावित क्रियाकलापहरु कार्यान्वयन गर्न कुल **रू. १ अर्ब ११ करोड १४ लाख** विनियोजन गरेकी छु । जस मध्ये सामाजिक सुरक्षा तर्फ रु २२ करोड प्राप्त हुने अनुमान गरिएको छ । कुल अनुमानित बजेटबाट सामाजिक सुरक्षा तर्फको बजेट घटाउँदा हुन आउने **रु ८९ करोड १४ लाख** मध्ये पुंजीगत खर्च तर्फ **रू. ३० करोड ६२ हजार २५०** अर्थात **३३.६६** प्रतिशत र चालु खर्च तर्फ **रु ५९ करोड १३ लाख ३७ हजार ७ सय ५० अर्थात ६६.३४ प्रतिशत** रहेको छ ।

१०७. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये सञ्चित कोष र अन्य स्रोतबाट **रू. ४ करोड,** आन्तरिक राजस्वबाट **रू. ४ करोड, प्राकृतिक श्रोतबाट**

**प्राप्त रोयल्टी ५८ लाख १३ हजार ७२४,** सङ्घीय सरकार र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट **रू. १२ करोड ६६ लाख ८२ हजार,** २७६, सङ्घीय सरकार र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट **रू. १४ करोड १५ लाख ५५ हजार** तथा ससर्त अनुदान तर्फको अन्तरसरकारी वित्तीय हस्तान्तरण र अन्तरसरकारी अख्तियारीबाट **रू. ७५ करोड ७३ लाख ४९ हजार** खर्च बेहोरिनेछ ।

१०८. यस बमोजिम सङ्घीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरण भएका ससर्त तर्फका कार्यक्रमहरुको सम्बन्धित क्षेत्रमै खर्च हुने भएकोले रु. ७५ करोड ७३ लाख ४९ हजार छुट्टै बजेट बनाइ रहनु परेन । प्रस्तावित बजेट मध्ये आन्तरिक श्रोतबाट प्राप्त हुने रु. ४ करोड, राजस्व बाँडफाँट (सङ्घीय राजस्व बाँडफाँट, प्रदेश राजस्व बाँडफाँट र खानी तथा वन रोयल्टी) बाट प्राप्त हुने रु १३ करोड २४ लाख ९६ हजार, वित्तीय समानीकरण (संघ तथा प्रदेश) अनुदानबाट प्राप्त हुने रु १४ करोड १५ लाख ५५ हजार, र **अन्य आय (अन्तरसरकारी र सञ्चित कोष अल्या समेत) रु. ४ करोड गरी निसर्त तर्फको रु. ३५ करोड ४० लाख ५१ हजार आय अनुमान रहेको छ ।**

सभाध्यक्ष महोदय, सभाका सचिवज्यू, नगरसभा सदस्यज्यूहरु,

**अन्त्यमा,**

बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा उल्लेखनीय सहयोग तथा सुझाब दिनुहुने सङ्घीय माननीय सांसदज्यूहरु र प्रदेश माननीय सांसदज्यूहरु, पूर्व माननीय सांसदज्यूहरु, संविधान सभा सदस्यज्यूहरु, नगर प्रमुखज्यू, नगरमा क्रियाशील राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधीज्यूहरु, वडाध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु लगायत सम्पूर्ण सरोकारवाला निकायका प्रमुखज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, राजस्व परामर्श समिति, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, पूर्व जनप्रतिनिधीज्यूहरु, उद्योग वाणिज्य संघ, निजी क्षेत्रका संस्थाहरु, टोल विकास संस्था, सुरक्षाकर्मी, स्थानीय बुद्धिजीवी, नागरिक समाजका अगुवाहरु, संघसंस्था, सहकारी, निजीक्षेत्र एवम् सञ्चारकर्मीहरुलाई विशेष धन्यवाद दिंदै आभार व्यक्त गर्दछु । बजेट निर्माण कार्यमा अहोरात्र खटिई सहयोग गर्नुहुने नगरपालिकाका कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहान्छु । हामीलाई

रचनात्मक सुझाब र सल्लाह दिइ नगरको आर्थिक र सामाजिक रुपान्तरण तथा समृद्धिमा निरन्तर सहयोग पुर्‍याउनुहुने सबै करदाता र नगरवासी आदरणीय आमाबुवा, दाजुभाइ र दिदीबहिनीहरु प्रति आभार प्रकट गर्दछु । यस गरिमामय नगरसभामा उपस्थित हुनुहुने नगरसभाका सदस्यज्यूहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत बजेट तथा कार्यक्रम कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त रचनात्मक सुझाबहरुलाई मार्गदर्शनको रूपमा लिएर अगाडि बढ्ने विश्वास दिलाउँदै प्रस्तुत बजेट र कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको निरन्तर सहयोगको अपेक्षा गरेको छु ।**"सन्धिखर्क नगरवासीहरुको रहर, सुन्दर र समृद्द नगर"** भन्ने हाम्रो सर्वब्यापी नारालाई साकार पार्न हामी सबैलाई प्रेरणा मिलोस ।

**धन्यवाद !**

**(मिश्रा आचार्य)**
**नगर उपप्रमुख**

मितिः २०८२ आषाढ १० गते मंगलवार ।

# ६. विनियोजन ऐन, २०८२

**प्रस्तावनाः**

सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम नगरसभाले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **सन्धिखर्क नगरपालिकाको विनियोजन ऐन, २०८२** रहेको छ ।

(२) यो ऐन संवत् २०८२ साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८२/८३ को निमित्त नगरस्तरीय आयोजना तथा कार्यक्रम, वडास्तरीय आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रमतर्फ गरिने सेवा र कार्यहरूका निमित्त **अनुसूची-१** मा उल्लिखित चालु खर्च र पुँजीगत खर्चको रकम समेत गरी जम्मा रकम **रू. १,११,१४,००,०००।०० (अक्षरेपी एक अर्ब एघार करोड चौध लाख रूपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त नगरस्तरीय आयोजना तथा कार्यक्रम, वडास्तरीय आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरस्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रमतर्फ गरिने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च बेहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम आर्थिक वर्ष २०८२/८३ मा सञ्चित कोषबाट विनियोजन हुने रकम

(रू.)

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च तर्फ विनियोजित बजेट | पुँजीगत खर्चतर्फ विनियोजित बजेट | वित्तीय व्यवस्थातर्फ विनियोजित बजेट | कुल विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | नगरस्तरीय कार्यक्रम | १३,५१,७५,४०६ | २६,९५,६२,२५० | - | ४०,४७,३७,६५६ |
| २ | वडास्तरीय कार्यक्रम | १,२०,००,००० | २,४०,००,००० | - | ३,६०,००,००० |
| ३ | विषयगत शाखा | ६६,४१,६२,३४४ | ६५,००,००० | - | ६७,०६,६२,३४४ |
| ४ | ऋणको सावाँ ब्याज भुक्तानी | - | - | - | - |
| ५ | लगानी (शेयर/ऋण) | - | - | - | - |
| **जम्मा** | | **८१,१३,३७,७५०** | **३०,००,६२,२५०** | **-** | **१,११,१४,००,०००** |

# ७. आय-व्यय प्रक्षेपण

## ७.१ आय प्रक्षेपण

आर्थिक वर्ष २०८०/०८१ को यथार्थ चालु आर्थिक वर्ष २०८१/०८२ को संशोधित र आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित आय अनुमान

| शीर्षक | आर्थिक वर्ष २०८०/८१ को यथार्थ आय | आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान आय | आर्थिक वर्ष २०८२/८३ को अनुमान आय |
|---|---|---|---|
| आन्तरिक श्रोत | | | |
| ११३१३ सम्पती कर | ६६६५१७.०० | १५०००००.०० | ७०००००.०० |
| ११३१४ भुमिकर/मालपोत | ८१३९४१.०० | १२०००००.०० | २१०००००.०० |
| ११३१७ बहाल कर | २७५२७३०.४२ | २८०००००.०० | ३२०००००.०० |
| ११३१८ बहाल बिटौरी कर | १३१९२२८.०० | १००००००.०० | २००००००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | - | ५०००.०० | - |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | २०९१५.०० | ०.०० | १०००००.०० |
| ११६३१ कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २५५५.०० | २५०००.०० | - |
| ११६९१ अन्य कर | ४३७२२४३.५८ | १०००००.०० | २०००००.०० |
| १४१५१ सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | - | २०००००.०० | - |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | १६७८.०० | - | - |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ११००.०० | १०००००.०० | - |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | - | ५००००.०० | - |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | २१३३९२२.०० | ४००००००.०० | ३५०००००.०० |
| १४२१६ निजी धारा बापतको शुल्क | १२००.०० | - | - |

| शीर्षक | आर्थिक वर्ष २०८०/८१ को यथार्थ आय | आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान आय | आर्थिक वर्ष २०८२/८३ को अनुमान आय |
|---|---|---|---|
| १४२१८ विद्युत सेवा शुल्क | ६००.०० | - | - |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १५३४७.६० | - | ३०००००.०० |
| १४२२१ न्यायिक दस्तुर | २१००.०० | - | - |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | १५२००.०० | २५०००.०० | - |
| १४२२४ परीक्षा शुल्क | - | २५०००.०० | - |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | - | - | - |
| १४२२९अन्य प्रशासनिक सेवा शुल्क | १२८९७०.०० | ९०००००.०० | ३००००००.०० |
| १४२४१ पार्किङ्ग शुल्क | - | ५००००.०० | - |
| १४२४२ नक्सापास दस्तुर | १२७०५९३.०६ | २००००००.०० | ३५०००००.०० |
| १४२४३ सिफारिश दस्तुर | १४५६३६८.०९ | २५०००००.०० | १७००५००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २६१८५०.०० | ४०००००.०० | ८०००००.०० |
| १४२४५नाता प्रमाणित दस्तुर | १४३९५०.०० | १०००००.०० | ३०००००.०० |
| १४२४९ अन्य दस्तुर | १८३३११.४३ | ५०००००.०० | ४२५५००.०० |
| १४२५३ व्यावसाय रजिस्ट्रेसन दस्तुर | २१४५२००.०० | २०००००.०० | ४४०००००.०० |
| १४२६२ विद्युतसम्बन्धी दस्तुर | १५६०.०० | - | - |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ३४८८०.०० | - | ३००००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ३०३९१३.७५ | ५००००.०० | ३०००००.०० |
| १४३१३ धरौटी सदरस्याहा | - | १०००००.०० | - |
| १४६११ व्यवसाय कर | ५८४९५.०० | २३०००००.०० | - |
| ३२१२२ बैंङ्क मौज्दात | - | ४१७२६८००.०० | ४०००००००.०० |
| १४५२९ अन्य राजस्व | १३९३०१११.६६ | ४२८९६८४.३७ | ५०००००.०० |
| १५१११ बेरूजु | - | १२००००.०० | १०००००.०० |

| शीर्षक | आर्थिक वर्ष २०८०/८१ को यथार्थ आय | आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान आय | आर्थिक वर्ष २०८२/८३ को अनुमान आय |
|---|---|---|---|
| आन्तरिक श्रोत जम्मा | ३२०३८४८०.५९ | ६६२६६४८४.३७ | ६९८५६०००.०० |
| राजस्व बाँडफाँटबाट प्राप्त रकम | | | |
| ११३१५ घरजग्गा रजिस्ट्रेसन दस्तुर | - | ४५०००००.०० | ५५०००००.०० |
| ११४११बाँडफाँट भइ प्राप्त हुने मूल्य अभिवृद्धि कर | ६४७३५३५९.९० | ८६६८९३०९.०० | ८२५९२४५७.०० |
| ११४२१ बाँडफाँट भइ प्राप्त हुने अन्तःशुल्क | २९६७१६८८.६४ | ३१५१०६९१.०० | २७५३०८१९.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २१६४१३७२.६२ | १३५६२०००.०० | १६५५९०००.०० |
| ११४७१ बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | - | - | ४४०००.०० |
| ११४७२ बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | - | २५००००.०० | २०००००.०० |
| १४१५३ बाँडफाँट भइ प्राप्त वन रोयल्टी | ९८१८७४.०५ | - | १०१३७२४.०० |
| १४१५४ बाँडफाँट भइ प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | २९१९८०६.३० | - | ४८०००००.०० |
| १४१५७ बाँडफाँट भइ प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय | २९३७७७१.८१ | ६००००००.०० | ४४०००००.०० |
| ३३३६६ दहत्तर बहत्तर शुल्क | ४८९६२८६.८१ | - | - |
| राजस्व बाँडफाँटबाट प्राप्त रकम | १२७७८४१६०.१३ | १४२५१२०००.०० | १४२६४००००.०० |
| सङ्घीय सरकार | | | |
| १३३११ समानीकरण अनुदान | १२२०१६०००.०० | १३२५०००००.०० | १३२४०००००.०० |
| १३३१२ ससर्त अनुदान चालु | ३६३३१९४४०.०० | ३८०६२००००.०० | ३८९२०००००.०० |
| १३३१३ ससर्त अनुदान पुँजीगत | १०१०७५२००.०० | १००८२००००.०० | ७८४०००००.०० |

| शीर्षक | आर्थिक वर्ष २०८०/८१ को यथार्थ आय | आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान आय | आर्थिक वर्ष २०८२/८३ को अनुमान आय |
|---|---|---|---|
| १३३१५ विषेश अनुदान पुंजीगत | २७000000.00 | - | ६८00000.00 |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २२५00000.00 | १५000000.00 | २६२00000.00 |
| सङ्घीय सरकार जम्मा | ६३५९१०६४०.०० | ६२८९४००००.०० | ६३३००००००.०० |
| प्रदेश सरकार | | | |
| १३३११ समानीकरण अनुदान | ७१७६७५०.०० | ९०५९०००.०० | ९१५५०००.०० |
| १३३१२ ससर्त अनुदान चालु | ३९५००००.०० | ८२२३२५०.०० | ९४५०००.०० |
| १३३१३ससर्त अनुदान पुँजीगत | १८०००००0.०० | १५०००००0.०० | १६००४०००.०० |
| १३३१५विषेश अनुदान पुँजीगत | २००००००.०० | ७५३०२५०.०० | १७०००००.०० |
| १३३१७समपुरक अनुदान पुँजीगत | १५०००००0.०० | १०५०००००.०० | १२०००००0.०० |
| प्रदेश सरकार जम्मा | ४६१२६७५०.०० | ५०३१२५००.०० | ३९८०४०००.०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ६८२०३७३९०.०० | ६७९२५२५००.०० | ६७२८०४०००.०० |
| कुल आय | ८४१८६००३०.७२ | ८८८०३०९८४.३७ | ८८५३०००००.०० |
| सडक वोर्ड नेपाल | ८४५३५५६.०० | ११२४२०७८.०० | ६१०००००.०० |
| सामाजिक सुरक्षा | २०४४७७०००.०० | २०९०५०७३८.०० | २२०००००००.०० |
| अन्य आय जम्मा | २१२९३०५५६.०० | २२०२९२८१६.०० | २२६१०००००.०० |
| कुल जम्मा | १०५४७९०५८६.७२ | ११०८३२३८००.३७ | ११११४०००००.०० |

### ७.२. व्यय प्रक्षेपण

## ७.२.१ आर्थिक वर्ष २०८२/८३ को प्रस्वावित चालु तथा पुँजीगत बाडफाँट

| क्र स | आय शीर्षक | आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित व्यय अनुमान | | |
|---|---|---|---|---|
| | | चालु व्यय रु | पूँजीगत व्यय रु | जम्मा व्यय रु |
| १ | आन्तरिक राजस्व | ३२,४०१७५० | ७५९८२५० | ४००००००० |
| २ | खानी रोयल्टी | ४८००००० | - | ४८००००० |
| ३ | वन रोयल्टी | १०१३७२४ | - | १०१३७२४ |

| क्र स | आय शीर्षक | आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित व्यय अनुमान | | |
|---|---|---|---|---|
| | | चालु व्यय रु | पूँजीगत व्यय रु | जम्मा व्यय रु |
| ४ | वित्तीय समानीकरण अनुदान (सङ्घीय) | २३९८१००० | १०८४१९००० | १३२४००००० |
| ५ | राजस्व बाँडफाँट (सङ्घीय) | ९२१३७२७६ | १७९८६००० | ११०१२३२७६ |
| ६ | वित्तीय समानीकरण अनुदान (प्रदेश) | ८५०००० | ८३०५००० | ९१५५००० |
| ७ | राजस्व बाँडफाँट (प्रदेश) | १६३०९००० | २५०००० | १६५५९००० |
| ८ | ससर्त अनुदान (सङ्घीय) | ३८९२००००० | ७८४००००० | ४६७६००००० |
| ९ | समपुरक अनुदान (सङ्घीय) | - | २६२००००० | २६२००००० |
| १० | विशेष अनुदान (सङ्घीय) | - | ६८००००० | ६८००००० |
| ११ | ससर्त अनुदान (प्रदेश) | ९४५००० | १६००४००० | १६९४९००० |
| १२ | समपुरक अनुदान (प्रदेश) | - | १२०००००० | १२०००००० |
| १३ | प्रदेश विशेष अनुदान | १७००००० | - | १७००००० |
| १४ | सडक बोर्ड कार्यक्रम | | ६१००००० | ६१००००० |
| १५ | सामाजिक सुरक्षा कार्यक्रम | २२०००००० | | २२०००००० |
| १६ | अन्य आय (अन्तरसरकारी र सञ्चित कोष समेत) अ.ल्या समेत | २८०००००० | १२०००००० | ४०००००० |
| | कुल जम्मा | ८११३३७७५० | ३०००६२२५० | ११११४००००० |

## ७.२.२ नगर तर्फको आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित आय व्यय विवरण

| क्र स | आय शीर्षक | आय रु | क्र स | व्यय शीर्षक | जम्मा व्यय रु |
|---|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व | ४०००००० | १ | कार्यालय सञ्चालन तथा प्रशासनीक खर्च | १११२४०००० |
| २ | वित्तीय समानीकरण अनुदान (सङ्घीय) | १३२४००००० | २ | चालु कार्यक्रम नगरस्तरीय | १४९४०००० |
| ३ | राजस्व बाँडफाँट (सङ्घीय) | ११०१२३२७६ | ३ | शिक्षा युवा तथा खेलकुद शाखा | १८८१९००० |
| ४ | वित्तीय समानीकरण अनुदान (प्रदेश) | ९१५५००० | ४ | स्वास्थ्य शाखा | ८९५०००० |

| क्र स | आय शीर्षक | आय रु | क्र स | व्यय शीर्षक | जम्मा व्यय रु |
|---|---|---|---|---|---|
| ५ | राजस्व बाँडफाँट (प्रदेश) | १६५५९००० | ५ | कृषि विकास शाखा | ५०००००० |
| ६ | खानी रोयल्टी | ४८००००० | ६ | पशु विकास शाखा | ५६७०००० |
| ७ | वन रोयल्टी | १०१३७२४ | ७ | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | २६००००० |
| ८ | अन्य आय (अन्तरसरकारी र सञ्चित कोष समेत) अ.ल्या समेत | ४००००००० | ८ | न्यायिक समिति कार्यक्रम | १३५०००० |
| | | | ९ | विपद व्यवस्थापन कोष | ४५००००० |
| | | | १० | मर्मत संभार कोष | २०००००० |
| | | | ११ | आयूर्वेद शाखा | १२००००० |
| | | | १२ | सहकारी शाखा | १५००००० |
| | | | १३ | प्रदेश सरकार ४०% राजस्व | १८००००० |
| | | | १४ | समपुरक योजना म्याचिङ | ४८७५५००० |
| | | | १५ | भुक्तानी बाँकी तथा साट्न बाँकी चेक | १७७४७००० |
| | | | १६ | विशेष तथा समपुरक अनुदानका योजना | १८०००००० |
| | | | १७ | नगर स्तरीय पुँजीगत कार्यक्रम | ५३९८०००० |
| | | | १८ | वडा स्तरीय पुँजीगत कार्यक्रम | ३६०००००० |
| | **जम्मा आय** | **३५४०५१०००** | | **जम्मा व्याय** | **३५४०५१०००** |

## ७.२.३ आर्थिक वर्ष २०८२/८३ को समग्र बजेटको क्षेत्रगत व्यय अनुमान

| सि.नं. | क्षेत्र | आ.व.२०८२/८३ को लागि प्रस्तावित व्यय | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ३७५८५००० | ३.३८ |
| २ | सामाजिक विकास | ६६३२९३००० | ५९.६८ |
| ३ | पूर्वाधार विकास | २७२१६७००० | २४.४९ |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | ७६८०००० | ०.६९ |
| ५ | सुशासन तथा संस्थागत विकास | १३०६७५००० | ११.७६ |
| **कूल जम्मा** | | **१११११४०००००** | **१००.००** |

## ७.२.४ आर्थिक वर्ष २०८२/८३ को प्रशासनिक खर्चको विवरण

| खर्च संकेत | खर्च शीर्षक | आर्थिक वर्ष २०८०/८१ यथार्थ खर्च | आर्थिक वर्ष २०८१/८२ को संशोधित प्रस्तावित | आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित | श्रोत |
|---|---|---|---|---|---|
| २११११ | पारिश्रामिक कर्मचारी | ३१४६९४६३ | ३९०००००० | ३९०००००० | सङ्घीय राजस्व बाँडफाँट |
| २११२१ | पोशाक भत्ता | ४४०००० | ७००००० | ९३०००० | सङ्घीय राजस्व बाँडफाँट |
| २११३१ | स्थानीय भत्ता | ४८६४१० | ७००००० | ६६०००० | सङ्घीय राजस्व बाँडफाँट |
| २११३२ | महंगी भत्ता | १०३२००० | १४००००० | ३५००००० | सङ्घीय राजस्व बाँडफाँट |
| २११३४ | कर्मचारी बैठक भत्ता | ८९९४०० | ९००००० | ९००००० | सङ्घीय राजस्व बाँडफाँट |
| २११३९ | अन्य भत्ता | २००००० | २००००० | २००००० | सङ्घीय राजस्व बाँडफाँट |
| २११४१ | पदाधिकारी बैठक भत्ता नगर तर्फ | ५६१००० | ५८४००० | ६००००० | आन्तरिक आय |
| | पदाधिकारी बैठक भत्ता वडा तर्फ | १३५०००० | १८१६००० | १८१६००० | आन्तरिक आय |
| २११४२ | पदाधिकारी अन्य सुविधा | १३११८२०० | १४०००००० | ७०००००० | आन्तरिक आय |
| | | | | ७०००००० | सङ्घीय राजस्व बाँडफाँट |
| २१२११ | कर्मचारी सामाजिक सुरक्षा कोष खर्च | ० | २०००००० | २०००००० | आन्तरिक आय |
